# प्रदेश सभा

## सुदूरपश्चिम प्रदेश

२०७७/०२/१६

छैटौं अधिवेशन

(चौथो बैठक)

बाचन पत्र (रिडिङ्ग पेपर)

**पिठासिन माननीय सभामुख अर्जुन बहादुर थापा**

१. **माननीय सदस्यहरू,**
यस सभाको छैटौ अधिवेशनको चौथो बैठकको कार्वाही प्रारम्भ हुन्छ ।

२. **माननीय सदस्यहरू,**
अब, सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ माथिको कार्बाही प्रारम्भ हुन्छ ।

**ढ्यापढ्यापेमा माननीय कर्ण बहादुर मल्ल** :- माननीय सभामुख महोदय, आज हामी असाध्यय विशिष्ट परिस्थितिमा गुज्रिरहेका छौ । यो विशिष्ट परिस्थितिमा WHO ले ईन्डिकेट गरे अनुसार विश्व अहिले कोरोना भाईरस कोभिड-१९ को महाविनासकारीबाट गुज्रीरहेको अवस्थामा हामीहरु त्योबाट अछुत रहने अवस्था थिएन यस अवस्थामा यो लगडाउनको अवधिमा डडेल्धुरा जिल्लामा पनि लकडाउनको कार्यान्वयन गर्ने कुराहरु निरन्तर जनताले जनप्रतिनिधिहरुले निरन्तर त्यसलाई अवलम्बन गरेको कुरा सभामुख महोदय, मार्फत जानकारी गराउन चाहान्छु । यसै अवधिमा २०७७ साल २ महिना १४ गते विहान ११ बजे रातो गुरास रिसोर्ट डडेल्धुरामा जो जिल्ला प्रशासन अथवा प्रहरी प्रशासनको असाध्यय नजिकको दुरीमा छ । त्यहि होटेल खुला अवस्थामा रहनु दण्डनिय कुरा हो । अहिले लकडाउनको अवस्थामा त्यो होटेलमा बाहिरबाट आएका मानिसलाई अनाधिकृत रुपमा बास दिनु त्यसमा थप दण्डनिय कुरा हो भने त्यसमा निर्मला बोहरा २१ बर्ष कि ११ बजे विहान मृत अवस्थामा भेटिएकि छिन सभामुख महोदय म सभामुख महोदय मार्फत यो हाम्रो प्रदेश सरकारलाई यो जुन २१ बर्षकि निर्मला बोहरा १४ गते विहान ११ बजे होटेलमा विहान ७ बजे ईन्ट्रि गरेको देखाइएको छ र ११ बजे मृत अवस्थामा भेटिएकि छिन यो घटनाको घोर भ्रत्सन गर्न चाहान्छु र यो सरकारले सत्य तथ्य छानविन गरिकन हत्यारालाई कारवाही गरोस र दोषी माथि छानविन गरि हत्यारालाई कारवाही गरियोस र जुन परिवार जुन अहिले पिडामा छ त्यो परिवारलाई यो सरकारले न्यायको प्रत्याभूति दियोस भनेर निबेदन गर्न चाहान्छु । धन्यवाद ।

**माननीय दिर्घ बहादुर सोडारी** : सभामुख महोदय, कैलालीको गौरीगंगा नगरपालिका वडा नं.९ स्थित क्षितिज बोर्डिङस्कुलका प्रिन्सिपल राष्ट्रिय नेशनल एण्ड पेप्सनका केन्द्रिय उपाध्यक्ष मेरा मित्र कृष्ण प्रसाद भुसाल मृत्यु वा हत्या भएको करिब १ महिना भैसकेको छ । लकडाउनको समयमा पनि हरेक दिन जसो हजारौ नागरिकहरु न्यायको खोजिमा मसुरियामा दिनकै नारा जुलुस लगाई रहेका छन् । सरकारले केहि समित्त व्यक्तिहरुलाई समात्यो र फेरी छोडेको अवस्था छ र मृतकका आफन्तजनहरु र त्यो क्षेत्रका सम्पूर्ण शिक्षा क्षेत्रका मानिसहरु न्यायको खोजिका निम्ती लगायता

नारा लगाई रहेका छन् सरकार पनि आफ्नो ढंगले छानविनको प्रक्रिया त अगाडी बढाई रहेको छ । तर कुनै पत्ता लगाई रहेको छैन । जसरी निर्मला पन्तको केश अगाडि बढ्दै थियो त्यसैगरि हजारौ नागरिकहरु दिनकै सडकमा आउने यो अवस्था छ । यसबाट अगाडि पाउनका निम्ति संघीय सरकार हाम्रो प्रदेश सरकार र स्थानीय प्रशासनले तत्काल अनुसन्धानको दायरा बढाएर छानविन अगाडि बढाईयोस र त्यो क्षेत्रका हजारौ जनताको न्याय माग्ने अधिकारलाई सन्तुष्टि प्रदान गर्नका निम्ती सरकारसँग हार्दिक अपिल गर्दछु, हार्दिक माग गर्दछु र यो सँग सँगै कोरोनाको कहर चलेको छ । खासगरि ईण्डियाबाट आउने नागरिकहरु गौरीफण्टा हुदै धेरै करिब १७, १८ हजार मान्छेहरु आइनै सके एउटै नाकाबाट अरु नाकाबाट पनि आइरहेका छन् । र सरकारले नाकाबाट आउने व्यक्तिहरुलाई खानाको व्यवस्था अरु व्यवस्था प्रदेश सरकारले गरिनै रहेको छ तर अहिले पछिल्लो चोटि हामीलाई थाहा छ । नीजि क्षेत्रका केहि व्यवसायि जुटेर उनिहरुको सबै व्यवस्थापनको प्रवन्ध गरिराखेका छन् । नीजि क्षेत्रले प्रवन्ध गरिसकेपछि सरकारले अरु बैकल्पिक कामतिर डाईभर्ट गरेर नीजि क्षेत्र सँग सहकार्य गरेर त्यो कामको पाटो उहाहरुलाई नै जिम्मा लगाउदा राम्रो हुन्छ भन्ने सरकारसँग माग गर्न चाहान्छु । त्यसै गरि मानव जातिको रुपमा कलंकित उठिका लाग्ने जो चौरझारी घटना, जाजरकोट घटना पूर्वी रुकुमको घटना भएको छ एउटा दलित समुदायका मान्छेहरुको जसरी जुन घटना घट्यो आज लासको संख्या थपिने क्रम पनि हिजो ५ जना पुगेको छ थपिने क्रम देखिन्छ यस्तो घटनामा सबै यो दलित समुदायको मात्रै अधिकारको कुरा होईन सम्पूर्ण मानव जातिको न्यायको कुरा भएको कारणले हामी सबैले यो न्यायको पक्षमा आवाज उठाउनु पर्छ र दोषी माथि कडा भन्दा कडा कारवाही गरिनु पर्छ सरकारसँग यो माग गर्दछु धन्यवाद ।

**माननीय मालामति कुमारी राना** : माननीय सभामुख महोदय, कंचनपुर जिल्ला कृष्णपुर नगरपालिका वडा नं.७ का निर्वाचित वडा अध्यक्ष कल्लु रानाको विद्यालयमा क्वारेनटाइनको व्यवस्था, राष्ट्रको सेवा गर्दा गर्दै उहाको बेन्चबाट खसेर मृत्यु भएको छ । निजको सम्मानका साथ सहिद घोषणा गर्न म प्रदेश सरकार मार्फत म माग गर्न चाहान्छु । र उहाको परिवार प्रति र उहाको जीवन बीमाको पनि म चाहि माग गर्न चाहान्छु र परिवार प्रति चाहि छोरा छोरीको लागि निशुल्क शिक्षा, रोजगारीको ग्यारेन्टी हुनुपर्छ र परिवारको चाहि भरण पोषणको व्यवस्था मिलाई दिन म सरकारसँग आग्रह गर्न चाहान्छु । सभामुख महोदय, गौरीगंगा नगरपालिका वडा नं.७ का कृष्ण प्रसाद भुसालजीको चाहि बैशाख ११ गते राति उहाको पहलमानपुर देखि मसुरिया आफ्नो घर फर्किने बेला बीचमा बीच जंगलमा उहाको विर्भष हत्या भएको छ । १ महिना भैसक्यो गौरीगंगाका जनताहरुले उहाको दोषि माथि कारवाही गर्नको लागि र दोषी पत्ता लगाउनका लागि सडक पूर्व पश्चिम राजमार्गमा दैनिक चाहि प्रदषण गरिरहेको अवस्था छ । न्यायको लागि सत्य तथ्य छानविन गरि दोषी माथि कारवाही तुरुन्त अविलम्ब गरियोस धन्यवाद ।

**माननीय लिलाधर भट्ट** : माननीय सभामुख महोदय, अहिले भारतिय नाकाबाट बैतडी जिल्लामा झण्डै झण्डै ६ हजार जना हिजो सम्म मात्रै क्वारेन्टाइनमा पुगेको डाटा छ । भयावह अवस्थामा बैतडि जिल्लाका क्वारेन्टाइनहरु छन् । एउटै पालिकामा ३३ वटा सम्म क्वारेन्टाइनहरुमा मान्छेहरु बसेका छन् र दैनिक हजारको संख्या भन्दा बढीले अहिले भित्रि रहेका छन् र शिवनाथ गाउँपालिकामा ५ जना अहिले कोरोनाबाट पोजेटिभ भएर अहिले अस्पताल भर्ना पनि भएका छन् ।

यस्तो अवस्थामा त्यहा पुलिसकर्मिहरुमा त्यहाको कैदि थुनामा रहेको व्यक्तिहरु समेत पोजेटिभ देखिएको कारणले पुरा जिल्ला प्रहरी कार्यालय सील गरेको अवस्था छ र प्रहरी कार्यालयका कर्मचारीहरुको अहिले सम्म रिपोर्ट आउन सकेको छैन । जसले त्यहा प्रहरीलाई पनि परिचालन गर्न ठुलो समस्या भएको छ र त्यसको छिटो भन्दा छिटो रिपोर्ट अगाडि बढाई दिन हुन र सम्बन्धित अहिले त्यो ६ हजारको संख्यामा क्वारेन्टाइनमा बसेका छन् । तिनिहरुलाई पनि अहिले परिक्षणको व्यवस्थापन गरिदिन हुन म सामाजिक विकास मन्त्रालयलाई विशेष ध्यानाकर्षण गराउन चाहान्छु र स्वास्थ्य सामाग्री छिटो भन्दा छिटो त्यो क्षेत्रमा पुगाई दिन हार्दिक अनुरोध गर्दछु । धन्यवाद ।

३. माननीय सदस्यहरु

अब, म **सामाजिक विकास समिति**का सभापति माननीय कुन्ती जोशीलाई प्रदेश सभा नियमावली, २०७४ को नियम ११९ बमोजिम **सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६** माथि दफावार छलफल भई तयार भएको प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्न अनुमति दिन्छु ।

सभामुख महोदय, सर्व प्रथम छ छैटौं अधिवेशनको आज चौथो बैठक सर्व प्रथम सुदूरपश्चिम प्रदेश सभाको छैटौं अधिवेशन जुन बर्षे अधिवेशनको यो पूर्ण सफलताको हार्दिक शुभकामना व्यक्त गर्न चाहान्छु । माननीय सभामुख महोदय मैले केन्द्र सरकारबाट भएका केही जो अहिले नेपालकै निमित्त एउटा खुशीको कुरा छ । जुन हामीले अहिले सम्म नेपालको नक्शामा पहिलो पटक नेपालको नक्शामा जो भूगोलहरु समेटेर नेपालको नक्शाको पूर्णता दिइएको छ त्यसको निमित्त केहि कुरा राख्ने अनुमति माग्न चाहान्छु । माननीय सभामुख महोदय, जुन नेपालको नक्शा समेटेर नेपाल सरकारले नक्शाको पूर्णता दिइएको छ यसका निमित्त नेपाल सरकार लगायत प्रतिनिधी सभा लगायत सम्पूर्ण नेपाल सरकारलाई चाहि हार्दिक धन्यवाद ज्ञापन गर्न चाहान्छु । साथ साथै जसरी यो चाहि कोरोना भाइरस विश्व महामारीको रुपमा देखा परेको मानव जातिलाई नै चुनौति दिने खालको जुन यो कोरोना भाइरस आएको छ यसका निमित्त नेपालमा पनि धेरै संकमित र जो मृत्युबरण गर्नु भएको छ । मृत्युबरण गर्नुहुनेमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै जुन अहिले क्वारेन्टाइमा बसेर यो कोरोनालाई जित्नको निमित्त अगाडी बढीराख्नु भएको छ सबैको शिघ्र स्वास्थ्य लाभको कामना गर्न चाहान्छु र माननीय सभामुख महोदय, मैले सुदूरपश्चिम प्रदेश प्रज्ञा प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक हाम्रो समितिमा आएको थियो र समितिमा दफावार छलफल गरेर चाहि प्रस्तुत प्रतिबेदन मैले प्रस्तुत गर्ने अनुमति माग्न चाहान्छु ।

माननीय सभामुखज्यू

प्रदेश सभा सुदूरपश्चिम प्रदेश

धनगढी, कैलाली, नेपाल ।

विषय : सुदूरपश्चिम प्रदेश प्रज्ञा प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ सम्बन्धी प्रतिबेदन ।

माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेश सभाको मिति २०७६।११।११ गते बसेको पाचौ अधिवेशनको १२औं बैठकको निर्णय अनुसार सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न

बनेको विधेयक, २०७६ लाई दफावार छलफलका लागि सामाजिक विकास समितिमा पठाईएको थियो । सामाजिक विकास समितिमा उक्त विधेयक २०७६।११।१२ गते सोमबारका दिन ३२औं बैठकमा विधेयक सम्बन्धमा प्रथम पटक छलफलको कार्य प्रारम्भ भई ३३औं, ३४औं, ३५औं, ३६औं, ४६औं, ४७औं बैठकमा विधेयक माथि विस्तृत रुपमा दफावार छलफल गरि तपशिल बमोजिमका संशोधन र थप गर्नुपर्ने समितिको निर्णय सहितको प्रतिबेदन पेश गरेका छौ ।

दफावार छलफलका क्रममा समितिका बैठकहरुमा देहाय बमोजिमका माननीयज्यूहरु, माननीय सदस्यज्यूहरु, सम्बन्धित विषयका विज्ञ र सरोकारवाला पक्षको उपस्थिति रहेको थियो ।

**देहाय**

१. माननीय दिव्यश्वरी शाह, सदस्य
२. माननीय मान बहादुर सुनार, सदस्य
३. माननीय डिल्लीराज पन्त, सदस्य
४. माननीय लाल बहादुर खड्का, सदस्य
५. माननीय टेक बहादुर रैका, सदस्य
६. माननीय गेल्बु सिंह बोहरा, सदस्य
७. माननीय सुशिला बुढाथोकी, सदस्य
८. माननीय माया तामाङ बोहरा, सदस्य
९. माननीय दुर्गा कुमारी वि.क., सदस्य
१०. माननीय नन्द बहादुर साउँद, सदस्य

**विशेष आमन्त्रित**

माननीय सामाजिक विकास मन्त्री कृष्णराज सुबेदी

**आमन्त्रित**

माननीय देवकी मलल थापा
माननीय बलदेव रेग्मी

**संशोधन तथा थप हुनु पर्ने विषयहरु :**

| सि.नं. | दफा | विधेयकमा रहेको साविक व्यवस्था | संशोधन वा थप हुनुपर्ने व्यवस्था | कारण |
|---|---|---|---|---|
| १ | प्रस्तावना | सुदूरपश्चिम प्रदेश बहुजातीय, बहुभाषिक र बहुसाँस्कृतिक प्रदेश भएकोले यस प्रदेशभित्रका सबै भाषा, साहित्य तथा संस्कृतिलाई संरक्षण, सम्वर्द्धन र विकास गर्नुपर्ने कुरालाई हृदयाङ्गम गर्दै | सुदूरपश्चिम प्रदेश बहुजातीय, बहुभाषिक र बहुसाँस्कृतिक प्रदेश भएकोले यस प्रदेशभित्रका सबै भाषा, साहित्यकलातथा संस्कृतिलाई संरक्षण, सम्वर्द्धन र विकास गर्नुपर्ने कुरालाई हृदयाङ्गम गर्दै भाषा, | प्रस्तावनामा कला शब्द थप गर्न उपयुक्त भएकोले |

| | | | | |
|---|---|---|---|---|
| | | भाषा, साहित्य, संस्कृति, दर्शन तथा समाजशास्त्रको अनुसन्धान एवं मौलिक सृजनाका माध्यमद्वारा समाजोपयोगी कृतिहरु तयार गर्न, गराउन र यस क्षेत्रका विद्वान तथा प्रतिभाहरुको सम्मान र कदर गर्न वाञ्छनिय भएकोले, | साहित्य, कला,संस्कृति, दर्शन<br><br>तथा समाजशास्त्रको अनुसन्धान एवं मौलिक सृजनाका माध्यमद्वारा समाजोपयोगी कृतिहरु तयार गर्न, गराउन र यस क्षेत्रका विद्वान तथा प्रतिभाहरुको सम्मान र कदर गर्न वाञ्छनिय भएकोले, | |
| | | | | |
| २ | दफ ३ को उपदफा (१) | (१) सुदूरपश्चिम प्रदेशका सबै भाषा, साहित्य, संस्कृति तथा दर्शनको संरक्षण, सम्वर्ध्दन र विकास गर्नका लागि "सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान" नामको एक प्रतिष्ठान स्थापना गरीएकोछ। | (१) सुदूरपश्चिम प्रदेशका सबै भाषा, साहित्य,कला,संस्कृति तथा दर्शनको संरक्षण, सम्वर्ध्दन र विकास गर्नका लागि "सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान" नामको एक प्रतिष्ठान स्थापना गरीएकोछ। | प्रस्तावना अनुसार थप गरिएको । |
| ३ | दफा ५ को उपदफा (ख) मा | (ख)प्रदेशका सबै भाषा तथा भाषीहरु, साहित्य, संस्कृति, दर्शन तथा समाजशास्त्र सम्बन्धी विभिन्न विषयमा अध्ययन तथा अनुसन्धान गरी उपयोगी ग्रन्थ एवं कृति तयार गर्नेगराउने, | (ख) प्रदेशका सबै भाषा तथा भाषीहरु, साहित्य, कला,संस्कृति, दर्शन तथा समाजशास्त्र सम्बन्धी विभिन्न विषयमा अध्ययन तथा अनुसन्धान गरी उपयोगी ग्रन्थ एवं कृति तयार गर्नेगराउने, | प्रस्तावना अनुसार थप गरिएको । |
| ४ | दफा ५ को उपदफा (ग) मा | (ग) प्रदेशका सबै भाषा तथा भाषीहरु, साहित्य, संस्कृति, दर्शन तथा समाजशास्त्र सम्बन्धी विभिन्न विषयमा अनुसन्धानात्मक तथा मौलिक कृतिहरूको सृजना एवं प्रकाशन गर्नेगराउने, | (ग) प्रदेशका सबै भाषा तथा भाषीहरु, साहित्य, कला,संस्कृति, दर्शन तथा समाजशास्त्र सम्बन्धी विभिन्न विषयमा अनुसन्धानात्मक तथा मौलिक कृतिहरूको सृजना एवं प्रकाशन गर्नेगराउने, | प्रस्तावना अनुसार थप गरिएको । |
| ५ | दफा ५ को उपदफा (ङ) मा | (ङ) भाषा, साहित्य, संस्कृति, दर्शन तथा समाजशास्त्रका सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गोष्ठी, सम्मेलन, प्रदर्शनी आदि गर्नेगराउने, | (ङ) भाषा, साहित्य,कला,संस्कृति, दर्शन तथा समाजशास्त्रका सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गोष्ठी, सम्मेलन, प्रदर्शनी आदि गर्नेगराउने, | प्रस्तावना अनुसार थप गरिएको |
| ६ | दफा ५ को | (च) भाषा, साहित्य, संस्कृति, दर्शन | (च) भाषा, साहित्य, कला,संस्कृति, | प्रस्तावना |

| | | | | |
|---|---|---|---|---|
| | उपदफा (च) मा | तथा समाजशास्त्रका विभिन्न विभिन्न विषयमा हुने सम्मेलन, प्रवचन, गोष्ठी, विचारविमर्श, प्रदर्शनी आदिमा सहभागी गर्ने गराउने । | दर्शन तथा समाजशास्त्रका विभिन्न विभिन्न विषयमा हुने सम्मेलन, प्रवचन, गोष्ठी, विचारविमर्श, प्रदर्शनी आदिमा सहभागी गर्ने गराउने । | अनुसार थप गरिएको |
| ७ | दफा ५ को उपदफा (छ) मा | (छ) भाषा, साहित्य, संस्कृति, दर्शन तथा समाजशास्त्रकाविभिन्न क्षेत्रसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थासँग सम्बन्ध राख्ने, भाषा, साहित्य, संस्कृति, दर्शन तथा समाजशास्त्रका विभिन्न विषयमा हुने सम्मेलन, प्रवचन, गोष्ठी, विचारविमर्श, प्रदर्शनी आदिमा सहभागी गर्नेगराउने, | (छ) भाषा, साहित्य,कला,संस्कृति, दर्शन तथा समाजशास्त्रका विभिन्न क्षेत्रसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थासँग सम्बन्ध राख्ने, भाषा, साहित्य,कलासंस्कृति, दर्शन तथा समाजशास्त्रका विभिन्न विषयमा हुने सम्मेलन, प्रवचन, गोष्ठी, विचारविमर्श, प्रदर्शनी आदिमा सहभागी गर्नेगराउने, | प्रस्तावना अनुसार थप गरिएको |
| ८ | दफा ५ को उपदफा (ज) | (ज) भाषा, साहित्य, संस्कृति, दर्शन तथा समाजशास्त्रका विभिन्न विषयमा उल्लेखनीय योगदान दिने स्वदेशी तथा विदेशी व्यक्तिलाई कदर, सम्मान तथा पुरस्कारको व्यवस्था गर्ने, | (ज) भाषा, साहित्य, **कला,**संस्कृति, दर्शन तथा समाजशास्त्रका विभिन्न विषयमा उल्लेखनीय योगदान दिने स्वदेशी तथा विदेशी व्यक्तिलाई कदर, सम्मान तथा पुरस्कारको व्यवस्था गर्ने, | प्रस्तावना अनुसार थप गरिएको |
| ९ | दफा ५ को उपदफा (झ) | (झ) भाषा, साहित्य, संस्कृति, दर्शन तथा समाजशास्त्रको विकासको निमित्त सम्बन्धित विषयका विद्वान्,साहित्यकार एवं सामाजशास्त्रीको प्रतिभा विकसित हुने वातावरणको लागि सहयोग, सद्भावना र समन्वय अभिवृद्धि गर्ने | (झ) भाषा, साहित्य,कला,संस्कृति, दर्शन तथा समाजशास्त्रको विकासको निमित्त सम्बन्धित विषयका विद्वान्,साहित्यकार एवं सामाजशास्त्रीहरुको प्रतिभा विकसित हुने वातावरणसृजनाकोलागि सहयोग, सद्भावना र समन्वय अभिवृद्धि गर्ने । | प्रस्तवना अनुसार कलाथप र भाषा स्पष्ट पार्न समाजशास्त्रीको पछाडी हरु र सृजना थप गरिएको । |
| १० | दफा ५ को उपदफा (ड) | (ड) भाषा, साहित्य, संस्कृति, दर्शन तथा समाजशास्त्रका विषयमा योगदान दिने स्थानीय लेखक, | (ड) भाषा, साहित्य, कला,संस्कृति, दर्शन तथा समाजशास्त्रका विषयमा योगदान दिने स्थानीयलेखक, | प्रस्तावना अनुसार थप गरीएको । |

| | | | | |
|---|---|---|---|---|
| | | साहित्यकार, समाजशास्त्री, संस्कृतिविद् तथा संस्थाहरूलाई सम्मान र प्रोत्साहन गर्ने। | साहित्यकार, समाजशास्त्री, संस्कृतिविद् तथा संस्थाहरूलाई सम्मान र प्रोत्साहन गर्ने। | |
| ११ | दफा ५ को उपदफा (ढ) | (ढ)प्रदेशका सबै भाषा, साहित्य, संस्कृति, दर्शन तथा समाजशास्त्रको विषयमा अध्ययन तथा अनुसन्धान गर्ने गराउने। | (ढ) प्रदेशका सबै भाषा, साहित्य, कला, संस्कृति, दर्शन तथा समाजशास्त्रको विषयमा अध्ययन तथा अनुसन्धान गर्ने गराउने। | प्रस्तावना अनुसार थप गरीएको । |
| १२ | दफा ७ को उपदफा (ङ) | (ङ) प्रदेशका सबै भाषा, साहित्य, संस्कृति, दर्शन तथा समाजशास्त्रसँग सम्बन्धित विशिष्ट व्यक्तिहरुमध्येबाट भौगोलिकरसमानुपातिक समावेशीतालाई ध्यानमा राखी उपयुक्त प्रतिनिधित्व हुने गरी दफा ८ बमोजिमको कार्यदलको सिफारीसमा मुख्यमन्त्रीले मनोनीत गरेको १०जना – सदस्य | (ङ) प्रदेशका सबै भाषा, साहित्य, कला, संस्कृति, दर्शन तथा समाजशास्त्रसँग सम्बन्धित विशिष्ट व्यक्तिहरुमध्येबाट भौगोलिकर समानुपातिकसमावेशीतालाई ध्यानमा राखी उपयुक्त प्रतिनिधित्व हुने गरी दफा ८ बमोजिमको कार्यदलको सिफारीसमा मुख्यमन्त्रीले मनोनीत गरेको १०जना – सदस्य | प्रस्तावना अनुसार थप गरीएको । |
| १३ | दफा ८ को उपदफा (२) | सभाको सदस्यमा मनोनयनको लागि नाम सिफारिस गर्दा भाषा, साहित्य, संस्कृति, दर्शन तथा समाजशास्त्र सम्बन्धी विधामा अध्ययन तथा अनुसन्धान गरेका वा सो विधामा ख्यातिप्राप्त व्यक्तिहरुमध्येबाट भाषा, साहित्य, संस्कृति, दर्शन तथा समाजशास्त्र सम्बन्धी सबै विधाबाट प्रतिनिधित्व हुने र सबै जाति, लिङ्ग, भाषाभाषी समेतलाई समेट्ने गरी नाम सिफारिस गर्नु पर्नेछ । | (२)उपदफा (१) बमोजिमको कार्यदलले सभाको सदस्यमा मनोनयनको लागि नाम सिफारिस गर्दा भाषा, साहित्य,कला,संस्कृति, दर्शन तथा समाजशास्त्र सम्बन्धी विधामा अध्ययन तथा अनुसन्धान गरेका वासोविधामा ख्यातिप्राप्त व्यक्तिहरुमध्येबाट भाषा, साहित्य, कला,संस्कृति, दर्शन तथा समाजशास्त्र सम्बन्धी सबै विधाबाट प्रतिनिधित्व हुने र सबै जाति, लिङ्ग, भाषाभाषी समेतलाई समेट्ने गरी नाम सिफारिस गर्नु पर्नेछ । | प्रस्तावना अनुसार थप गरीएको । |
| १४ | दफा ११ को उपदफा २ को(ङ) | (ङ)सभाका मनोनीत सदस्यहरु मध्येबाट कम्तीमा दुईजना महिला सहित सम्भव भएसम्म विभिन्न जात, जाति, भाषाभाषीको | (ङ)सभाका मनोनीत सदस्यहरु मध्येबाट कम्तीमा दुईजना महिला सहित विभिन्न जात, जाति, भाषाभाषीको प्रतिनिधित्व हुने गरी | समावेशी सुनिश्चिताको लागि |

| | | | | |
|---|---|---|---|---|
| | | प्रतिनिधित्व हुने गरी कुलपतिबाट मनोनीत ६ (छ) जना– सदस्य | कुलपतिबाट मनोनीत ६ (छ) जना– सदस्य | |
| १५ | दफा ११ को उपदफा(५) मा | (५)परिषदका सदस्यहरुको मासिक बेतन हुने छैन र अन्य सुविधा तोकिए बमोजिम हुनेछ । | (५)परिषदका सदस्यहरुको सुविधा तोकिए बमोजिम हुनेछ । | सुविधा तोकिए वमोजिम हुनूपर्ने। |
| १६ | दफा १२ को उपदफा(झ) मा | (झ) परिषद्को काम कारबाहीको सम्बन्धमा तथा ऐनको उद्देश्य पूर्तिका लागि आवश्यकता अनुसार समिति, उपसमिति वा कार्यटोलीगठन गर्ने र त्यस्तो समिति, उपसमिति वा कार्य टोलीकोकाम, कर्तव्य तथा अधिकार तोकिए बमोजिम हुनेछ , | (झ)परिषद्को काम कारबाहीको सम्बन्धमा तथा ऐनको उद्देश्य पूर्तिका लागि आवश्यकता अनुसार समिति, उपसमिति वाकार्यदल गठन गर्ने र त्यस्तो समिति, उपसमिति वा कार्यदलको काम, कर्तव्य तथा अधिकार तोकिए बमोजिम हुनेछ , | कार्यटोलीको ठाउँमा कार्यदल शब्द राख्दा उपयुक्त हुने । |
| १७ | दफा १८ को उपदफा(ग) मा | (ग) प्रतिष्ठानको काम, कारबाही तथा कर्मचारी प्रशासनको सामान्य नियन्त्रण गर्ने। | (ग) प्रतिष्ठानको काम, कारबाही तथा कर्मचारी प्रशासनसम्बन्धी कार्य गर्ने। | सामान्य नियन्त्रको ठाउँमा सम्बन्धी कार्य शब्द राख्दा उपयुक्त हुने । |
| १८ | दफा १८ को उपदफा(ङ) मा | (ङ) स्वदेशी तथा विदेशी संघ संस्थासँग प्रतिष्ठानको कामसँग सम्बन्धित विषयमा आवश्यक सम्पर्क गर्ने । | (ङ) स्वदेशी तथा विदेशी संघ संस्थासँग प्रतिष्ठानको कामसँग सम्बन्धित विषयमा आवश्यक सम्पर्क तथा समन्वयगर्ने । | तथा समन्वय गर्ने शब्द थप गर्दा उपयुक्त हुने। |
| १९ | दफा २५ को उपदफा(३) मा | (३) प्रतिष्ठानको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ । | (३) प्रतिष्ठानको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ । | कार्यालय शब्द उपयुक्त हुने । |
| २० | दफा२६को उपदफा (१) मा | (१) भाषा, साहित्य, संस्कृति, दर्शन तथा समाजशास्त्रको विकासमा विशिष्ट योगदान पुयाई प्रादेशिक, राष्ट्रिय एवं अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको गौरव बढाउने स्वदेशी | (१) भाषा, साहित्य, **कला,**संस्कृति, दर्शन तथा समाजशास्त्रको विकासमा विशिष्ट योगदान पुयाई प्रादेशिक, राष्ट्रिय एवं अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको गौरव बढाउने | प्रस्तावना अनुसार थप गरीएको । |

| | | | | |
|---|---|---|---|---|
| | | वा विदेशी व्यक्तिलाई सभालेपरिषद्को सिफारिसमा प्रतिष्ठानको मानार्थ प्राज्ञ सदस्यता प्रदान गर्न सक्नेछ। | स्वदेशी वा विदेशी व्यक्तिलाई सभाले परिषद्को सिफारिसमा प्रतिष्ठानको मानार्थ प्राज्ञ सदस्यता प्रदान गर्न सक्नेछ। | |
| २१ | दफा२६को उपदफा (२) मा | (२) भाषा, साहित्य, संस्कृति, दर्शन तथा समाशास्त्रको विधामा विशिष्ट योगदान पुर्याउने नेपाली नागरीकलाई सभाले परिषद्को सिफारिसमा प्रतिष्ठानको आजीवन सदस्यता प्रदान गर्न सक्नेछ। | (२) भाषा, साहित्य, कला,संस्कृति, दर्शन तथा समाशास्त्रको विधामा विशिष्ट योगदान पुर्याउने नेपाली नागरीकलाई सभाले परिषद्को सिफारिसमा प्रतिष्ठानको आजीवन सदस्यता प्रदान गर्न सक्नेछ। | प्रस्तावना अनुसार थप गरीएको । |
| २२ | दफा २६ को उपदफा (५) मा | (५) मानार्थ प्राज्ञ सदस्य र आजीवन सदस्यले यस प्रतिष्ठानको हित विपरित काम गरेमा सभाले परिषदको सिफारिसमा त्यस्ता सदस्यलाइ पदबाट हटाउन सक्नेछ । | (५) मानार्थ प्राज्ञ सदस्य र आजीवन सदस्यले यस प्रतिष्ठानको हित विपरित काम गरेमा सभाले परिषदको सिफारिसमा त्यस्ता सदस्यलाइ पदबाट हटाउन सक्नेछ ।त्यस्ता सदस्यलाई सफाईको अवसर दिइने छ । | सफाईको मौका दिनु पर्ने भएको ले थप गरीएको। |
| २३ | दफा २७ मा | २७. कदर, सम्मान तथा पुरस्कार प्रदान गर्न सक्नेःभाषा, साहित्य, संस्कृति, दर्शन तथा समाजशास्त्रको विधामा उल्लेखनीय योगदान पुर्याउने व्यक्तिलाई सभाले कदर, सम्मान तथा पुरस्कार प्रदान गर्न सक्नेछ । | २७. कदर, सम्मान तथा पुरस्कार प्रदान गर्न सक्नेः भाषा, साहित्य, कला,संस्कृति, दर्शन तथा समाजशास्त्रको विधामा उल्लेखनीय योगदान पुर्याउने व्यक्तिलाई सभाले कदर, सम्मान तथा पुरस्कार प्रदान गर्न सक्नेछ । | प्रस्तावना अनुसार थप गरीएको । |

माननीय सभामुख महोदय,

उपयुक्त संशोधन तथा थप हुनुपर्ने विषयहरु सुदूरपश्चिम प्रदेश प्रज्ञा प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ मा समावेश गरि उक्त विषयलाई विधेयकको अंग बनाई सभामा निर्णयार्थ प्रस्तुत हुन सुदूरपश्चिमको प्रदेश सभा नियमावली, २०७४ को नियम १६० बमोजिमको यो प्रतिबेदन प्रस्तुत गरेको छु । अन्तमा यो प्रतिबेदन तयार पार्न सहयोग पुऱ्याउने सम्पूर्ण सामाजिक विकास समितिका माननीय सदस्यज्यूहरु र सचिवालयका कर्मचारीहरु प्रति हार्दिक आभार प्रकट व्यक्त गर्दै धन्यवाद दिन चाहान्छु । धन्यवाद ।

**प्रस्तुतकर्ता**

माननीय सभापति

कुन्ति जोशी
सामाजिक विकास समिति
सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली, नेपाल

४. **माननीय सदस्यहरू,**

<u>**सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६**</u> माथिको आजको कार्वाही यही समाप्त हुन्छ

५. **माननीय सदस्यहरू,**

अब आर्थिक मामीला तथा योजना मन्त्री माननीय झपट बहादुर बोहराले मिति २०७७।२।१३ गतेको सभाको बैठकमा सुदूरपश्चिम प्रदेशको आर्थिक कार्यविधि (पहिलो संसोधन)अध्यादेश,२०७७ र प्रदेश सभा नियमावली, २०७४ को नियम १३३ को उपनियम (२) बमोजिम प्रस्तुत गरेको आ.व.२०७७।०७८ को पुर्व बजेट छलफलका लागि तयारी दस्तावेज माथिको बाँकी छलफलको कार्वाही प्रारम्भ हुन्छ । सर्वप्रथम माननीय महेश दत्त जोशी लाई समय दिन्छु ।

माननीय महेश दत्त जोशी :- माननीय सभामुखज्यू, प्रदेश सभाको बैठकमा यहि जेष्ठ १३ गते माननीय आर्थिक मामिला तथा योजना मन्त्री झपट बहादुर बोहराले प्रस्तुत गर्नु भएको २०७७।०७८को विनियोजन विधेयकको सम्बन्धमा छलफल गर्दा यो रोष्टमबाट म सर्व प्रथम त यो माहामारी कोभिड-१९ बाट जुधि रहदा विश्वले र हाम्रो समुदाय, हाम्रो प्रदेशले यसमा विजय प्राप्त गर्ने छ भन्ने विश्वासका साथ सबैलाई सजक र सर्तक रहन सम्पूर्ण प्रदेश वासिलाई एकतावद्ध भएर यो लकडाउनको पालना गर्दै आफ्नो स्वास्थ्यको ख्याल गर्न हार्दिक अनुरोध तथा अपिल गर्दछु । हामी सफलतातिर गैरहेका छौ । हाम्रो कोरोना संक्रमित व्यक्तिहरु स्वास्थ भएर घर फर्कने क्रम पनि छ त्यसैले हामी आसावादी हुनु पर्दछ । त्यस्तो धेरै ठुलो भयाभवस्थिति हामीले प्रकृतिबाट भोगेनौ अझै संकाहरु छन् अझै, अझै समस्याहरु छन् ती समस्याहरु सित हामीले जुध्नुपर्ने हुन्छ र यो आर्थिक क्रियाकलाप भित्र पनि पर्दछ । हाम्रो प्रदेश सरकारको विषय महत्वपूर्ण विषय भित्र पर्नु पर्दछ । भर्खरै हिजो अस्थि साझ राति क्वारेन्टाइनमा काम गर्दा गर्दै कंचनपुर जिल्ला मेरो निर्वाचन क्षेत्र कृष्णपुरको वडा नं.७ का वडा अध्यक्ष कल्लु राना एकदम सामाजिक व्यक्तित्व, एकदम ईमान्दार व्यक्तित्व राति सम्म क्वारेन्टाइनमा आफ्नो जनताको त्यहा भारतबाट आएका जनताको व्यवस्थापनमा खटिदा खटिदै उहा बेहोस भएर लडेर उहाँको मृत्यु भएको छ म मृतक प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहान्छु । परिवारजनमा हार्दिक समवेदना भन्न चाहान्छु । सम्बन्धित दल नेपाली कांग्रेसबाट उहा निर्वाचित हुनुहुन्थ्यो नेपाली कांग्रेस समवेदना र साथै सम्पूर्ण त्यहाका जनताहरु चिन्तित छन् उहाहरु सितै म पनि चिन्तित छु, दुखित छु र म यो गरिमामय सदनमा सभामुख मार्फत प्रदेश सरकारलाई अनुरोध गर्न चाहान्छु उहाको परिवारले केहि न केहि सुविधा प्रदेश सरकारबाट पाउनु पर्छ । उहा समाजसेवामा निरन्तर निरन्तर उहा ५८ बर्षको एक प्रकारले आफ्नो परिवारको भरण पोषण पनि उहाले गर्नुपर्ने परिस्थितिमा साना साना बाल बालिकाहरु उहाका छन् यस्तो परिस्थितिमा आर्थिक विपन्नताकै अवस्थामा पनि उहाले राजनिति र समाजसेवा गर्नु भयो । यस्तो परिस्थितिमा उहा प्रति उहाको परिवार प्रति सरकारको दायित्व हुन आउछ । उहाले केहि न केहि विशेष सुविधा पाउनु पर्छ नत्र अरुले यस्तो काम गर्दैन । अरु क्वारेन्टाइनमा खटिएका मान्छे जनप्रतिनिधी, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी लगायत व्यक्तिहरुले यो काम गर्ने कि नगर्ने भन्ने कुरा हुन्छ उहाले पाउने नपाउने

सानो ठुलो कुरा नहोला तर उहाले पायो भने हौसलाको कुरा हुन्छ । अहिले पनि जनप्रतिनिधि खटिइएका छन् । मेरो यो गरिमामय सभामा सभामुख मार्फत प्रदेश सरकारलाई अनुरोध छ कि तत्काल क्वारेन्टाइनमा खटिने वडा अध्यक्षज्यूहरु ८८ वटै पालिकाका प्रमुख, उपप्रमुखज्यूहरुको स्वास्थ्य परिक्षणको व्यवस्था प्रदेश सरकारले गरोस त्यो किटको व्यवस्था गरोस बजेट विनियोजन गर्न प्रदेश सभाले अनुमोदन गर्नु पर्ने भए हामी प्रदेश सभालाई अनुरोध गर्छौं सभामुख मार्फत ती खटिने क्वारेन्टाइनमा अहिले धेरै ठुलो चाप छ, धेरै ठुलो समस्या छ अलि पर जाउ भन्दा पनि साथिहरु आत्तिएर आएका छन् महिला छन्, बच्चाहरु छन्, बच्चा पाउने गर्भवति महिलाहरु छन् । हिजो मात्रै मैले देखे र मैले चढ्ने गाडिमा मैले लगेर गए ड्राइभरले यो हुदैन भन्दै थिए हामीले भन्यौ अब सबै हामी मर्ने बाच्ने भन्दा त बाटोमा उद्धार गर्नु क्वारेन्टाइनमा हामीले पनि पुगाउनु पर्ने त्यस्तो मानविय समवेदनाको बेलामा हामीले ती खटिने व्यक्तिहरुको स्वास्थ्य परिक्षणको लागि व्यवस्था गरिनु पर्दछ । म जोडदार रुपमा ती व्यक्तिहरुको खटिने व्यक्तिहरुको चाहे ती स्वास्थ्यकर्मी हुन, क्वारेन्टाइनमा खटिने सुरक्षाकर्मी हुन चाहे जनप्रतिनिधी हुन उहाहरुको स्वास्थ्य परिक्षणबाट उहाहरुको परिवारलाई चिन्ता हुदैन नत्र राति सम्म चिन्ता हुने रोहाबासि छ घरमा अब जनप्रतिनिधि जानु पर्ने बेलुका घरमा आउनु पर्ने र कसरी आयो, के आयो संका हुने हिजै कल्लु राना मृत्त हुदा मरे पछि उहाको स्वाव परिक्षण भयो तर नेगेटिभ आयो भरेपछि भयो दिनभरी उहाको अन्त्यष्टि गर्न मै स्वाव परिक्षणको कारणले ढिलाइ भयो परिवारमा कत्रो ठुलो पिडा भयो, कत्रो ठुलो समवेदना भएको बेला हामी त्यहा जम्मा भयौ जनताहरु त्यहा जम्मा भएका थिए त्यो पनि गर्न पाइएन त्यो के मा अडकियो भन्दा स्वाव परिक्षणमा अडकियो । यसरी चाहि उहाको जिउदै स्वाव परिक्षण भएको भए त ढुंक्क भइन्थ्यो यस्तो परिस्थितिमा हामी थियौ सभामुख महोदय, सरकार यसमा के सोचि रहेको छ । सरकार कस्तो परिस्थितिमा छ । सरकार सुदूरपश्चिम प्रदेशको सरकारको कुर्चि नजावस मेरो शुभकामना छ । कुर्चि सँगै लगेर भए पनि उहाहरुले गाडिमै कुर्चि राखेर पनि जनताको घर दैलोमा गइदिउन भन्ने मेरो अनुरोध छ । उहाको कुर्चि प्रति खतरा नहोस भन्ने मेरो शुभकामना छ । तर जनताप्रति हामीलाइ समस्या भयो । जनताले हामीलाई पनि सरकार भन्दो रहेछ तपाइहरुको सरकार छ सुदूरपश्चिमको विधायक हो तपाइ नै सरकार हो भन्छन् म होइन कसरी भनौ म होइन सरकार कसरी भनौ मैले भोट दिएर सरकार बनेको छ । मलाइ भोट दिएर जनताले सरकार बनाएको छ त म सरकार होइन कसरी भनौ मेरो सरकार छैन कसरी भनौ, मेरो सरकारले नीति तथा कार्यक्रम पनि ल्याएको छ । त्यसैले सुदूरपश्चिमको मेरो सरकारलाई अझै मेरो अनुरोध छ पुरानै भाषामा भन्दा मेरो विन्ति पनि छ गणतन्त्र आए, संघीयता आए पनि मेरो विन्ति छ अझै त्यसो नगरिदिनुस मन्त्रीहरु एक रुपतामा आइदिनुस, बर्माजीका त चार टाउका थिए चारतिर फर्किएका थिए हाम्रा मन्त्रीहरुका सात टाउका साततिर फर्किएका कम्तीमा मन्त्रीमण्डलले निर्णय गरेर ९ वटा जिल्लामा एउटा एउटा मन्त्रीलाई फोकल प्रसन भनेर खटाईदिएको भए मुख्यमन्त्रीले दुइवटै जिल्ला जिम्मा लिएको भए तराइका कति राम्रो हुन्थ्यो । हामीलाई पनि जिम्मेवारी दिएको भए ८८ पालिकामा हामी पनि जाने थियौ आज यस्तो खाली खानु पर्ने यस्तो चिन्ताको अवस्थामा हामी प्रदेशका सांसद रहदैन थियौ । मैले भाषा सुने १३ गते बाट २ दिन सम्म छलफल हुदा मैले चिन्न सकेन को पक्ष हो, को विपक्ष हो, को सत्तापक्ष हो को प्रतिपक्ष हो । सत्तापक्षले सरकारको खरो आलोचना गरेको सुनिएकै छ सभामुख महोदय, प्रतिपक्षले हाम्रो राष्ट्रियताको सवालमा कालापानी, लिपुलेक र लिम्पीयाधुरा हाम्रो हो भनेर यहा चाहि उद्घोष गरेकै छ । संघीय सरकारलाई हृदय देखि हृदय खोल्न मिल्ने भए खोलेर पनि धेरै धेरै धन्यवाद प्रतिपक्षले दिएकै छ अब प्रतिपक्षले के दिनु पर्यो त्यो भन्दा बढी यस्तो अवस्थामा यसतो सदन एकतावद्ध भएको अवस्थामा पनि सरकारले त्यसको श्रेय लिन सक्दैन भने मेरो सरकारलाई म के भनौ म कति दुखित हु म जनप्रतिनिधी भएर म कहा गएर रुने कि कहा गएर कराउने भन्ने स्थिति आयो सभामुख महोदय त्यसैले एउटा रेस्क्यु सेन्टर बनाउनुस क्वारेन्टाइन सक्नु हुन्न भने एउटा रेस्क्यु सेन्टर बनाउनुहोस भन्ने सरकारलाई मेरो अनुरोध छ । भारतबाट अझै आइरहेका छन् । टाढा टाढाका सहरहरुबाट दक्षिण भारतबाट धेरै लामो यात्रा गरेर मान्छेहरु आइरहेका छन् । बालबच्चा

बोकेर आइरहेका छन् । तुम आपने देसमे जाव तुमारा सरकार करेगा तुमारा व्यवस्था भन्दै छन् अहिले कालापानीको कारणले झनै त्यहाका सुरक्षाकर्मीहरुको व्यवहार खरो छ, अमिल्दो छ, अमानविय छ त्यस्तो परिस्थितिमा मेरो देशमा जान पाउनु पर्छ भनेर जनताले के विगर्यो, जनताले ठिक छ सरकार मुर्दावाद भन्यो तर सरकार माथि अझै पनि जनताको विश्वास भएकै कारणले मुर्दावाद भन्यो नि त आफ्नो बुवालाइ, आफ्नो आमालाई मान्छेले घुरक्याउछ जब सम्म आमा र बुवा माथि अझै माया होला भन्ने विश्वास हुन्छ त्यहि भएर त घुरक्याउछ नि त उनिहरुले मुर्दावाद भने पनि सरकार माथि त विश्वास रहेछ नि त आशा रहेछ नि त त्यो आशालाइ सरकारले मर्न दिनु हुदैन एउटा चाहि रेस्क्यु सेन्टर उद्धार केन्द्र सम्म कैलाली, कंचनपुरमा नाकामा बनाउनु पर्थ्यो उद्धार केन्द्रमा खटिनका लागि स्वंयमसेवक, सुरक्षाकर्मी राख्नु पर्थ्यो र एक दिन बसाएर पानी खुवाएर बाटोको खर्च छ, छैन लुटिएका छन् वा के छ अवस्था बुझेर अनि पठाउनु पर्थ्यो मान्छे आएका छन् कुन बाटो गएका छन् सोधनी छैन, खबर छैन यस्तो विसम परिस्थिति अमानविय ढंगले हाम्रो भारतबाट आइरहेका छन् र हामी जुन हाम्रो संविधान लागु हुदा पनि भारत संतुष्ट भएन हाम्रो सरकारलाई पनि भारतले पटक पटकको कुरामा सहयोग पनि गर्या छ । असहयोग पनि भैराखेको छ हामी छिमेकी हौ त्यो भइरहन्छ त्यो उहाको आफ्नो राजनिति हुन्छ । उहाको आफ्नो देश प्रतिको माया हुन्छ र त्यहाका सबै पार्टीहरु मिल्छन राष्ट्रियताको सवालमा हामी विगतमा मिल्न सकेनौ तर अहिले हामी मिलेका छौ । अहिले राम्रो अवसर छ कि हाम्रो मुलुक प्रति हाम्रा सबै राजनैतिक शक्तिहरु मिलिरहेका छन्, एउटा भाषामा आएका छन् । यतिबेला यो विषम परिस्थितिमा पनि हामीले सम्भावनाहरु देखेर हाम्रा रोजगारीका सम्भावनाहरुलाई हेरेर हाम्रा अब ती युवाहरुलाई भारत नजाने किसिमको परिस्थितिको सृजन गर्न सरकारले के कार्यक्रम ल्यायो यो भित्र ठोस कार्यक्रम मैले देखेन सभामुख महोदय, ती व्यक्तिहरुलाई अब कति भारत जादैनन तर भारत जादैनन भन्दैमा खुशि हुनु पर्ने अवस्था छैन उनले धेरै दुखः पाएका छन् भारतबाट आउदा युवा युवती हुनु हुन्छ तर उनिहरु भारत गएन भने यहि बस्यो भने हामीले रोजगारीको सम्भावना नीति कार्यक्रममा दिन सकेनौ भने भोली असामाजिक कामहरु हुन सक्छन् चोरी डकैती नहोला भन्न सकिदैन मान्छेले पेट पाल्नको लागि जे पनि गर्न सक्छ त्यतिबेला उनीहरुलाई अपराधी भन्न पाइने कि नपाइने ? त्यसैले तत्काल भारतबाट आउने क्वारेन्टाइनमा बस्ने इमान्दारी साथ बस्ने व्यक्तिका लागि रोजगारीको कार्यक्रम ल्याइयोस उनीहरुको विवरण अनुसार रेकर्ड अनुसार उनीहरुलाई तत्काल पालिकामा रोजगारीको लागि बजेट विनियोजन होस केहि व्यक्तिहरु नबसेका भागेका पनि छन् भागेकालाई होइन भन्यो भने मान्छे भाग्दैन इमानदारीका साथ मान्छे क्वारेन्टाइनमा बसेका १४ दिन, २१ दिन बसेका व्यक्तिहरु फेरी भारतमा पनि बसेका जम्मा जम्मी भारतमा पनि १ महिना बसे त्यहाबाट प्रमाण पत्र ल्याएका छन् ती व्यक्तिहरुका लागि त सोच्नु पर्यो पीडा छ दर्द छ उनीहरु त्यत्तिकै भारत गएन होला नी त उनीहरु त्यत्तिकै त घुम्न गएका त होइन नी उनीहरु रोजगारीको शिलशिलामा गएका थोरै पैसा ल्याउछन् त्यहाबाट पनि ५, ६ महिना काम गरेर ४-५ हजार बच्थ्यो अब त्यो पनि नभएर घरबाट पैसा पठाउनु पर्ने स्थिति अहिले उहाहरुको घर परिवारले त्यस्तो परिस्थितिमा ती हाम्रा आफन्तहरु हाम्रा प्रदेशवासिहरु छन् त्यसैले त्यो विषयमा सरकारले के नीति ल्यायो यो पुरानै ढर्राको नीति कार्यक्रम आयो । केहि छैन कतिपय साथिहरुले भनि सक्या छ म के भनौ कोभिड, कोभिड कहि कहि लेख्या छ बाँकी त्यही ०७४।०७५, ०७५।०७६ , ७७ हुदै यो आयो यसमा मेरो भन्नु केहि छैन ठिक छ अब सरकारले औपचारिकता निभाउनु पर्यो ल्याउनु पर्यो बजेट पास भैहाल्छ बहुमत छ, दुइतिहाइ छ नीति कार्यक्रम पनि पास भैहाल्छ दुइतिहाइ छ सदनमा राम्रै छ सुविधा छ मन्त्रीजीहरुलाई कतिपय ठाउँहरुमा सुविधाले पनि विगार्दो रहेछ कतिपय विग्रीने बच्चाहरु भनेको धनीमानीका मध्यम बर्गका गरिबका नविग्रिदा रहेछन् यस्तो भएपछि सम्पन्नताले पनि विग्रीदो रहेछ यस्तो दुइतिहाइ नभइदिएको भए नविग्रीने थिएकी भन्ने जसतो पो आयो त पास त भैहाल्छ नि यिनले के गर्छन भन्ने अब यो एक महिना कटायो भने त हाम्रै हो त्यस पछि त ५ बर्ष त हामी भैहाल्छौ नी भन्ने सोच मन्त्रीज्यूहरुकोले गर्दा यो चिन्तनहरु भयो देश प्रति, जनताप्रति, प्रदेश प्रति

चिन्तन भएन हाम्रो सदन जनताप्रति उत्तरदायी छ । जनताले हामीलाई चुनेर पठाएको हो । सदनले सरकारलाई चुनेर पठाएको हो । सरकार किन सदन प्रति उत्तरदायी हुदैन सभामुख महोदय, मुख्यमन्त्रीजीले यहाको कुरा सुनिहाले के हुन्छ यहा बसेर के अप्ठ्यारो हुन्छ, के महामारी आउछ आर्को त केहि आउदैन त्यसैले सदन प्रति सरकार उत्तरदायि भएन सभामुख महोदय, सरकार प्रति मन्त्री उत्तरदायी भए मुख्यमन्त्री हो नी मन्त्री नियुक्त गर्ने त मुख्यमन्त्रीले हटाउन सक्छ नी यो प्रधानमन्त्री के मिनिष्ट्री सिष्टम भन्छौ प्रधानमन्त्रीय सिष्टममा त प्रधानमन्त्रीले मन्त्री हटाउदछ, मुख्यमन्त्रीले मन्त्रीहरुको कार्यविभाजन हेरफेर, हटाउन सक्ने, राख्न सक्ने यहा हटाइयो त पहिला पनि मन्त्री कसैलाई बर्खास्त गरियो कसैलाई हटाइयो राखियो त्यो त मुख्यमन्त्रीको पावर हो नि त त मन्त्रीहरु मुख्यमन्त्री प्रति उत्तरदायीता छैन भनेर त सहप्रमाण आइसक्यो नि त भने कसरी सरकार प्रभावकारी हुन्छ, कसरी नीति र कार्यक्रम यहा पढेर के हुने हो । कसरी लागु हुन्छ आगामी दिनमा सभा २ बर्ष ढाइ बर्ष त यो पढ्दा पढ्दै यो ढाइ बर्ष त गइहाल्यो नि त हुदैन यसपछि पनि जनताको आशा मलाई समस्या म यहा चाहि हार्छु, म जित्छु, मेरो पार्टी हार्छ, मेरो पार्टी जित्छ भन्ने भन्दा पनि यो व्यवस्था नै चाहिदैन संघीयता नै चाहिदैन भन्यो भने चिन्ता हाम्रो त्यतातिर हो । को व्यक्ति टिकट हुन्छ, को मन्त्री हुन्छ, को सांसद हुन्छ त्यो ठुलो कुरा होइन सभामुख महोदय, तर यो व्यवस्थामा धेरै ठुलो लगानी छ जनताको, यो व्यवस्थामा धेरै ठुलो त्याग तपस्या छ जनताको तर यो व्यवस्था नै चाहि डगमडाउने हाम्रा कारणले यो व्यवस्था माथि नै प्रश्नचिन्ह संघीयता ठिक होइन भन्ने अवस्था सृजना भयो सभामुख महोदय, त्यसैले व्यवस्था ठिक हो यो व्यवस्थाले नै जनताको रोजगारीको सृजना गर्छ यो व्यवस्थाले नै जनताको सुरक्षा गर्छ भन्ने कुरालाई सरकारले बुझि दिनु पर्थ्यो सरकारले त्यो बुझेन सांसदहरुलाई त्यो भूमिका दिएन, जनताको प्रत्यक्ष संलग्नतामा काम गरेन त्यसैले यो सरकार फेल छ, यो सरकार असफल छ, यो सरकार काम लाग्दैन जनताका लागि त्यसैले तत्काल यो सरकार करेक्शन हुनु पर्दछ । मेरो जोडदार माग छ सभामुख मार्फत यो गरिमामय सदनमा यो सरकार समिक्षा गर्नेबेला भैसकेको र सरकारको समिक्षा गर्दा सरकार धेरै तल छ गर्न सक्ने काम गरेन, पैसा भएर पनि गरेन, पैसा नचलाइने काम जुन काममा पैसै चाहिदैन त्यस्ता काम पनि गरेन, सामाजिक काम पनि गरेन, शासन व्यवस्थाको काम पनि गरेन त्यसैले यो सरकार असफल छ तर यो नीति र कार्यक्रम त पास गर्नै पर्ला किन भने हामी संसदीय व्यवस्थामा छौ । सभामुख महोदय यो नीति कार्यक्रम त पास भैहाल्ने छ भैहालोस मेरो शुभकामना छ त्यसैले यो अस्थि मलाई चाहि सामुदायिक बनको हिजो मात्रै संघीय सरकारले यो वैज्ञानिक बन नगर्नु, नगराउनु भन्ने आदेश मन्त्रीस्तरिय निर्णय भएछ खुशी लाग्यो मलाई धेरै ठाउँमा समस्या भयो बाह्रबन देखि हामी गएका थियौ । एक दुइवटा केहि मान्छेहरुले केहि पत्रकार हुँ भन्नेले मलाई पनि आरोप लाएछ म त्यो साधारण सभाहरुमा जाने, बन संरक्षणमा लागेको मैले बन संरक्षणमा लाग्दै अन्तराष्ट्रिय अवार्ड पनि मेरो संस्थाले पाएको विसौ बर्ष संरक्षणमा लागेको त्यसैले यो मैले नीति र कार्यक्रम बनको पनि आउनु पर्थ्यो, स्वास्थ्यको, शिक्षाको आउनु पर्थ्यो सभामुख महोदय मैले सके त्यो नगर्नु नगराउनु भनेको राम्रो लागेको छ । मलाई जोडेर केहि मान्छेहरुले त्यसो भनेको प्रति त्यसको लागि मैले भन्नु केहि छैन हामीले ईमान्दारी पूर्वक संसदीय समितिमा पनि काम गरेका छौ र छिट्टै स्वास्थ्यको, शिक्षाको, खानेपानीको, बनको नीति बनाउनु पर्ने प्रदेशको संवैधानिक अधिकार जुन हो त्यो नीति बनाउन प्रदेश सरकार अगाडी बढ्ने छ भन्ने कुराको विश्वासका साथ आफ्नो भनाइ टुंग्याउछु धन्यवाद ।

**माननीय डिल्ली राज पन्त :-** सभामुख महोदय, सब भन्दा पहिला त हाम्रो यो सुदूरपश्चिम प्रदेशको छैटौं अधिवेशनको सफलताको कामना गर्दछु । र यो अधिवेशनले सुदूरपश्चिम प्रदेशको भविष्य बनाउनको लागि अहम भूमिका निर्वाह गर्ने छ भन्ने आशा पनि गर्दछु । माननीय अर्थमन्त्रीज्यूले पूर्व बजेट छलफलमा ल्याउनु भएको छ । यो हरेक सालको प्रक्रिया हो ल्याउनै पर्ने अघि माननीयज्यूले भन्नु भो उहाहरुले ल्याउनै पर्ने हामीले पास गर्नै पर्ने यो खाली एउटा खाना पूर्ति जस्तो मलाई लाग्यो कुनै नयाँ कुरा यसमा आएको छैन ।

नयाँ भनेको संसारमा फैलिएको कोरोना बाँहेक यसमा नयाँ कुरा सुदूरपश्चिम प्रदेशको भविष्य बदल्ने, माननीयहरुको भूमिका निर्वाह गर्ने, सरकारको उत्तरदायित्व देखाउने त्यस्तो कुराहरु यहा केहि पनि आएको छैन । विगतका बर्षहरुमा हामीहरु नयाँ नयाँ छौ प्राक्टीसमा छौ हामी अनुभव बटुल्दै छौ भन्ने कुराहरु हामीले गर्यौ । अनुभव बटुल्दा बटुल्दा यो तेस्रो, चौथो आर्थिक बर्षको बजेटमा पुग्दा पनि हामीले यो पूर्व बजेट पाएका छौ त्यो पनि सिक्ने सिकि राखेका छौ कि भन्ने खालको फेरी त्यहि नै आएको जस्तो छ र विगतका बजेटहरुमा, योजनाहरुमा र सरकारले गरेको कार्यान्वयनमा जनतामा अवश्य पनि निराशा छाएको छ । प्रदेश सरकारले जनतामा आफ्नो उपस्थिति प्रदेश सरकारको उपस्थिति, यहाँका माननीयहरुको उपस्थिति शुन्य देखिएको छ । यहि क्रमले जाने हो भने देखि प्रदेश सरकार प्रति र संघीयता प्रति जनताको अविश्वास बढ्दै जाला, नबढ्दै जाला भन्न सकिदैन यहा प्रतिबद्धताहरु गत बर्ष पनि आएकै हुन, अहिले पनि आएका छन् र ती प्रतिबद्धताहरु लागु गर्नका लागि सरकारका प्रयासहरु असफल भएका छन् । विफल मानिएका छन् । लोकसेवा आयोगका कुराहरु छन् । त्यहा योजना आयोगका कुराहरु छन् तर यि बाहेक धेरै प्रतिबद्धताहरु लिखित रुपमा आएका हुन र यो रोष्टमबाट पनि सरकारबाट भनिएका हुँन ती सबै अधुरा मात्रै रहेनन् । चालु नै भएनन्, शुरु नै भएनन् । अहिले पनि ०७६।०७७ को बजेट २०-२२ प्रतिशत मात्रै खर्च भएको छ । त्यो कहाँ खर्च भयो त्यो पनि थाहा छैन बाँकी जो रहेको छ त्यो किन खर्च भएन त्यसको पनि कुनै लेखा जोखा छैन र अर्को कुरा हाम्रो सबै भन्दा ठुलो दुरगुण पंचायती काल देखि चलि आएको रोग हामीले अहिले सम्म छोड्न सकेका छैनौ । असारको महिना हामीले बजेट पास गर्ने कार्यान्वयन नहुने ती असारे विकास भन्छन ती असारे विकासमै फेरी अलमलिएका छौ । हामीले १० महिना गुजार्यौ १० महिना सम्म हामीले के गर्यौ । किन हाम्रा विकासका योजनाहरु कार्यान्वयनमा आएनन यो सरकारले यो कुराको स्पष्टिकरण यही रोष्टमबाट जनतालाई दिनु पर्छ म यसको माग गर्न चाहान्छु सरकारसँग १० महिना हुनजेल सम्म पनि सरकारले दिएका योजनाहरु सभासद्हरुले दिएका योजनाहरु अहिले सम्म किन लागु भएनन यि कुराहरुको सरकारले यो रोष्टमबाट जवाफ देवस भन्ने म माग गर्दछु । यस बाहेक अब यो अर्थमन्त्रीज्यूबाट आएका यि कुराहरुमा म त्यति सारो केहि खास देख्दैनन उल्टो अघि शान्ति सुरक्षाका कुराहरु पनि आए निर्मला बरालको कुराहरु आए, कृष्ण भुसाल जीका कुराहरु आए बैशाख ११ गते कृष्ण भुसाल जीको हत्या भएको २ महिना भै सक्यो अहिले सम्म पत्ता लागेको छैन किन पत्ता लागेन निर्मला बरालको त्यस्तै केश छ केश अगाडि बढेको छैन त्यति मात्रै होईन चुरे गाउँपालिका वडा नं. ४ मा सामुदायिक बनको एउटा विवाद हुँदा ३-४ जनाले ज्यान मार्ने धम्की समेत दिएको छ त्यसको पनि रिपोर्टीङ भएको छ । त्यसको पनि उजुर भएको छ त्यसमा पनि कारवाही भएको छैन म यि कारवाहीहरु अगाडि बढाउन सरकारसँग माग गर्दछु र सरकारले गरेका कुराहरुमा के गर्यो भन्ने कुरा अस्थि सामाजिक विकास मन्त्रीजीले यहा रोष्टममा हामीले कोरोना कालमा यो गर्यौ, यो गर्यौ भन्ने कुरा छ यो हामीले यहा त बुझाउन सक्यौ तर जनतामा यो कुरा बुझ्न सक्या छैन जनताले बुझ्न सक्या छैन । प्रदेशका योजनाहरु लागु गर्दा खेरि पनि माननीयहरुको भूमिका शुन्य छ । ती योजना कहाबाट आउछन्, कहाबाट लागु हुन्छन यो हामीसँग पनि मागिएको हुदैन, स्थानीय निकायसँग पनि मागिएको हुदैन कुन झ्यालबाट आउछ, कुन प्वालबाट आउछ त्यो हामीलाई पनि थाहा छैन स्थानीय निकायलाई पनि थाहा छैन र ती कतिखेरा लागु हुन्छन त्यो पनि थाहा छैन । मेरो क्षेत्रमा योजनाहरु लागु भैराख्या हुन्छ, पैसा गैराख्या हुन्छ सरकारको तर मलाई थाहा हुदैन कि त हामी माननीयहरुलाई जानकारी हुनु पर्ने हो । हामीलाई अनुगमनको अधिकार दिनु पर्ने हो तर हामीलाई कुनै जानकारी छैन मलाई मात्रै हैन कसैलाई पनि हुदैन हामीलाई प्रदेशका विकासको कार्यमा माननीयहरुलाई अनविज्ञ बनाएको छ । अन्धकारमा राखेको छ आइन्दाका दिनहरुमा यस्तो नहोस माननीयहरुलाई पनि माननीय सरहको एउटा भूमिका दिइयोस । यि भूमिका हामीले नपाउदा खेरि आजका वडा सदस्यहरु आफुलाई हामी भन्दा ठुला मान्छन् । यि वडा सदस्यहरु हामीलाई टेढ्दैनन यो सरकारको नालायकीपनका कारणले म देख्दछु । अब आयो कोरोनाको कुराहरु कोरोनाका सम्बन्धमा सरकारले खाना

खुवायो त्यति मात्र गर्यो, क्वारेन्टाइन बनायो, त्यति मात्र गर्यो कति जनालाई खाना खुवायो, कहा कहा खुवायो हजारौ मान्छे बोडरमा अड्किएका छन सरकारले बर्डर खोलिदिएन प्रदेश सरकासँग हामीले आग्रह गर्दा खेरि बोडर खोल्नु पर्यो बोडरमा मान्छेहरु अलपत्र छन् भन्दा खेरि पनि यो त केन्द्रिय सरकारको काम हो हाम्रो होइन भनेर टारि दियो संघीय सरकारसँग समन्वय गर्नु पर्ने । आफुसँगको जनतालाई ल्याउनको लागि त्यसमा झन मन्त्रालयबाट फोन जान्छ भारत तिर ल बोडर खुल्यो आउनुस भनेर अनी झन हजारौको घुइचो लाग्छ । यो जोगबुडा देखि लिएर, दार्चुला देखि लिएर, डडेल्धुराको सीमाको कुरा छोड्नुस यहि धनगढी गड्डाचौकीमा हजारौ नेपाली नागरिकहरु प्रवासि नेपालीहरु आइराखेका छन् र ती हजारौ नागरिकहरुलाई यहा क्वारेन्टाइनमा राख्दा खेरि भेडाबाखा हुल्या जस्तो राख्या छ । क्वारेन्टाइन भनेको मतलब एउटा कोठामा भए भरीको मान्छेलाई हुलि दिने जेलमा पनि त्यसरी हुलेको हुदैन जसरी यहा क्वारेन्टाइनमा राखेको छ । पानि नपाएर मान्छे क्वारेन्टाइन छोडेर भागिराछन्, खाना नपाएर क्वारेन्टाइन छोडेर गैराखेका छन् कोहि त्यहा सोध्ने मान्छे हुदैन । क्वारेन्टाइन हामीले त बनायौ अवस्था कस्तो छ । मैले अस्थि भर्खर पहाडतिरको कुरा गरे अरे हजुर यहा त खतम गर्या छ क्वारेन्टाइन भनि दिया छ कुनै व्यवस्था छैन म यो सरकारभन्दा त म यो धनगढी नगरपालिकालाई बढी धन्यवाद दिन चाहान्छु । प्रदेश सरकारले गर्नुपर्ने काम भन्दा बढी धनगढी उपमहानगरपालिकाले गरेको छ यो धनगढी उपमहानगरपालिका लगायत अरु पालिकाहरु जो अहिले कोरोनाको डिभेडमा लागि राखेका छन् उनिहरुलाई म धन्यवाद दिन चाहान्छु र यो कोरोनाको सम्बन्धमा पनि अघि मैले भने हामीहरुको २०-२२ प्रशेन्ट मात्र खर्च भएको छ । बाँकी रकम कोरोनामा लगाए हुन्छ नि अब त एक महिना छ एक महिनामा त बजेट पनि सकिदैन किडको अभाव यहा हामी अस्थि कोरोना परिक्षणको मैले अफ्नो स्वकीय सचिवको कोरोना परीक्षण गराउन खोजे किड छैन भनिदियो एक हामी जस्ता मान्छे माननीयको स्वकीय सचिवको कोरोना परीक्षण गर्नको लागि किड छैन भन्ने सरकारले अब विदेशबाट आउने हजारौ, लाखौ प्रवासि नेपालीहरुको परीक्षण कसरी गर्ने पहिला राजा भन्थे पशुपति नाथले हामी सबैको रक्षा गरुन अब हामीले पुनः यो सरकारका गतिविधि हेर्दा खेरि पुनः त्यहि भन्नु पर्ने स्थिति आएको छ पशुपति नाथले नेपालीको रक्षा गरुन यो सरकारको रक्षा आफ्नै गर्न सक्षम देखिएकै छ तर जनताको रक्षा कसले गरिदिने त्यस कारण सरकारका काम प्रति कोरोनाका काम पनि पनि जनता निराश छ यो कोरोनाको सम्बन्धमा पनि माननीय मन्त्रीज्यूहरुलाई हामीले पटक पटक भनेका थियौ तपाईहरुले दिएका कार्यक्रममा हामी माननीयको पनि भूमिका यहा दिनुस भन्दा खेरि कुनै एक पत्रमा माननीयहरुले यस्तो जान्न सक्नेछन्, बुझ्न सक्ने छन् भनेर एउटा मन्त्रीज्यूहरुले हामीलाई दिया थिए त्यो हामीले पढ्या थियौ त्यो पनि पानाको लास्टमा लेख्या थियो त्यसको जानकारी पनि हामीलाई छैन हामीलाई दिएको अधिकार पनि हामीलाई जानकारी छैन । स्थानीय निकायसँग, स्थानीय सरकारसँग समन्वय गर्नुस र तपाइहरुसँग समन्वय गर्न आउने छ वा समन्वय गर्नुपर्ने छ भनेर स्थानीय निकायलाई पनि कुनै जानकारी छैन त कोरोनाको सम्बन्धमा पनि सरकारको बजेटको सरकारका क्रियाकलाप फेल भए हामी माननीय पनि फेल भयौ र अबका दिनहरुमा अब फेरी एउटा अर्को हावा हुरी आदी आउनेवाला छ अहिले त केहि पनि आएको छैन अब भारतबाट जो घुइचो आउछ त्यो घुइचो कोरोना लिएर आउछ त्यो घुइचोलाई हामीले समाल्नका लागि हामीले गर्ने प्रयास र त्यसपछि कोरोनाको कुनै अन्त छैन यो कति महिना पछि, कति बर्ष पछि सकिन्छ भन्ने कुनै त्यसको उमेर छैन यो ३, ४ बर्ष पनि जान सक्छ अस्थि मैले भर्खरै पढेको हु विविसीको उसमा यसको कोरोनाको दोस्रो वेग जस्तो भुकम्प पछि पराकम्पन हुन्छ त्यस्तै कोरोना आइसकेपछि त्यसको पुनरावृत्ति हुदा कति भयानक होला भन्ने कुरा मैले पढ्या थिए त्यो पराकम्पनमा यो सरकारले कस्तो गर्ने छ र उताबाट आएका व्यक्तिहरु जो यो देशमा रेमिट्यान्स पठाउथे त्यो रेमिट्यान्स अब जिरो हुन्छ सब भन्दा बढी रेमिट्यान्स भारतबाट आउथ्यो त्यो जिरो हुन्छ तर बेरोजगारी डबल भएर जान्छ र त्यतिबेला बेरोजगारी हुन्छ, जतिबेला रेमिट्यान्स रोकिन्छ त्यतिबेला यहाको अर्थतन्त्र के हुन्छ र यहाका बेरोजगारीहरुको स्थिति के हुन्छ हामीले तिनिहरुलाई कसरी

पाल्नु पर्ने हुन्छ अघि माननीयज्यूले भन्या जस्तो यहा हत्या, हिंसा, अपराध, लुट नबढे के बढ्ला यसको जिम्मेवारी ती हत्या लुट गर्ने मान्छेले लिने कि त्यसको व्यवस्थापन अहिले नगर्न सकेर यो सरकारले लिने म त्यसको लागि तयार हुन यो सरकारलाई अनुरोध गर्दछु धन्यवाद ।

**माननीय मान बहादुर सुनार :-** माननीय सभामुख महोदय, सर्व प्रथम सुदूरपश्चिम प्रदेशको छैटौं अधिवेशनको पूर्ण सफलताको कामना गर्दछु । त्यसका साथ साथै यो कोरोना भाइरसले ल्याएको विपद् संसार भरी नेपालमा मात्र नभएर विश्वभर फैलिएको छ । ठुला ठुला देशहरु आफुलाई म शक्तिशाली हुन भन्ने देशलाई पनि छोडेको छैन । न यसले ठुलालाई छोडेको छ, न सानालाई छोडेको छ कसैलाई पनि नछोडेको हुनाले विश्वनै थर्कमान भएको छ । त्यसो भएको कारणले यो कोरोना भाइरससँग लड्नका लागि हामीसँग अहिले पनि प्रयाप्त इक्युपमेन्ट साधनहरु छैनन । अघि पूर्ववक्ता माननीयज्यूहरुले भनि सक्नु भएको छ । यो हाम्रा देवी देउताका कारणले हाम्रा पशुपति नाथका कारणले हामी उहाहरुलाई पुकारन भन्दा बाँकी केहि पनि छैन कोरोना भाइरस लागिसक्यो भनेपछि हाम्रो क्षेत्रमा हाम्रो देशमा भुसको आगो सल्किए जस्तै त्यस प्रकारले कति मृत्यु बरणमा जान सक्छौ, कति हामी अप्ठ्यारोमा पर्न सक्छौ त्यो सर्वविविधै छ त्यसो भएको कारणले सम्पूर्ण यस हलमा उपस्थित सम्पूर्ण माननीयज्यू लगायत सम्पूर्ण देशवासिलाई म के भन्न चाहान्छु भने पछि एउटै कारण के छ भनेपछि हाम्रो सर्तकता हामीले जुन मापदण्ड अनुसार जुन हामीलाई हात धुने, सरसफाई गर्ने र हामीलाई जुन डिस्टेन्स दुरी छ यसलाई कायम गर्ने लगायतका सम्पूर्ण जति पनि हाम्रा खानपीन देखि लिएर अन्य सरसफाईहरु सबैलाई हामीले नियन्त्रणमा ल्यायौ भने पछि निश्चित रुपले हामी कोरोना भाइरसबाट हामी यसबाट पार पाउन सक्छौ, यसबाट अगाडि बढ्न सक्छौ हैन भने पछि यसले भयाभव रुप लियो भने पछि अहिले पनि भारतबाट आउने मान्छेहरु जस्तै भारतको दिल्लीबाट आउने मान्छेहरु, बम्बैबाट आउने मान्छेहरु, गुजरातबाट आउने मान्छेहरु थुप्रै मान्छेको लर्को लागि रहेको छ । मान्छेको आउने क्रम जारी छ र अस्थि तपाइहरुलाई थाहा छ दोदोधरा चादनी महाकालि नगरपालिकामा ७७ जिल्लाको मान्छेहरु ७७ जिल्लाका मान्छेहरु त्यहि दोदोधरा चादनीबाट भएर आउनु भएको कारणले अघि नै पूर्ववक्ता साथिहरुले पनि भनि सक्नु भएको छ र हाम्रो सरकारले हाम्रो स्थानीय सरकार, प्रदेश सरकार, हाम्रो संघ सरकार सबैले हाम्रा जनताहरुलाई ल्याउनु पर्छ, हाम्रा जनताहरु आएपछि उनिहरु हामी मरे पनि आफ्नै भूमिमा आफ्नै देशमा मरौला भन्ने कुरा थियो । उनलाई ल्याउनु पर्छ भन्दा खेरि हाम्रो आदणीय प्रधानमन्त्रीले उहाको सोच राम्रो थियो होला, उहाको धारणा राम्रो थियो होला र उहाले जति पनि भारतमा बसेका नेपाली छन् त्यसको भरण पोषण र त्यसको सम्पूर्ण व्यवस्था भारतले गर्ने, जति नेपालमा बसेका भारतियहरु छन् त्यो चाहि नेपालले गर्ने भन्ने प्रकारको कुराहरु थियो त्यस अनुरुप जुन नेपालले आफ्नो चाहि कार्य पुरा गर्यो त्यसरी भारतले पुरा नगरेको कारणले पछि गएर बाध्य भएर चाहि नाका खुलाएर उनिहरुलाई ल्याउनु पर्ने अवस्था आयो । म एउटा सानो उदाहरण दिन्छु सभामुख महोदय हाम्रो दोदोधरा चादनीमा आउने मान्छेहरु जंगलबाट बैद्य बाटो नभएर अबैद्य बाटो भएर आउने मान्छेहरु आउदा खेरि त्यहा दुइवटा बच्चाहरु बाटोमा हराएर मरे तीनि कहा गए अत्तोपत्तो छैन । एउटा आईमाई आउदा खेरि उसको बच्चा छातिमा थियो अनि आईमाई वितिसकेकि थिइन कि जिउदै थिइन थाहा छैन अनि त्यो बच्चालाई र आमालाई बाँघले खायो भन्ने कुरा पनि छ । यस्तो निर्मम अवस्था भएको छ । हिजो यो भन्दा पहिला गाई गोरुको समस्या थियो । त्यो गाई गोरुको समस्या भन्दा पनि अहिले मानवको समस्या एकदम भयाभव भएको छ । गाईगोरुले त भागेर गएर अलिकति खाने अथवा चोरेर केहि घास वा खेति खान पनि सक्थे अहिले मानवले त्यो पनि गर्न सकेको छैन त्यसो भएको कारणले यस विषयमा यो कोरोना भाइरसका विषयमा यसलाई सरकारले अझ बढी भन्दा बढी किसिमले चाहि यसको व्यवस्था गरोस र जुन प्रकारको अझै पनि मान्छेहरु आउने क्रम छ त्यसलाई प्रदेश सरकारले संघ सँग समन्वय गरेर, प्रदेश सँग समन्वय गरेर अझै पनि बढी भन्दा बढी पैसा विनियोजन गरेर यसको समस्या समाधान गर्नु पर्छ भन्ने मलाई लाग्छ त्यतातिर जानु पर्छ भन्ने मेरो सोच छ त्यसका साथ साथै यो हाम्रो

जातिय विभेदका कारणले जातिय हिसाबले तपाईको रुकुम पश्चिमको चौरझारीमा जुन अघन्य अपराध भएको छ । त्यहा जातिय हिसाबले केटाहरु जादा खेरि जुन माथि तिर कुन मल्ल थरको कि ठकुरी थरको मान्छेहरु थिए त्यहा उनिहरुले तिनिहरुलाई अभद्र व्यवहार गरेर तिमि डुमहरु यहा कसरी आयौ यहा कुन प्रकारले आयौ भन्दा खेरि उनिहरु त्यहाबाट भागेर गैसकेपछि बीचमा जादा खेरि सुनियोजित तरिकाले एउटा चाहि अकस्मात नभएर त्यसलाई त्यो सुनियोजित तरिकाले त्यहाको तपाईको त्यो मान्छेहरुलाई मारेर, कुटेर भेरीमा फालेको ढुंगा बाधेर भेरीमा फालेको नाम्लोले रसीले बाधेर भेरीमा फालेको त्यो पनि कुरा हरु देखिए ५ जनाको शव भेटिसकेको छ अझै २ जना बेपत्ता छन् त्यसको एकदम घोर भन्दा घोर निन्दा गर्नु पर्छ र संघ सरकार, प्रदेश सरकार सम्पूर्ण हाम्रा प्रदेश सरकारले पनि त्यस विषयमा कुरा उठाएर सारा प्रदेशहरुले कुरा उठाएर एकदम दोषीलाई कडा भन्दा कडा कारवाही गर्नुपर्छ भन्ने मेरो माग छ । त्यसका साथ साथै यहि चाहि नगरपालिका यही हाम्रो धनगढीको उपमहानगरपालिकाका मेयर नृप ओडलाई छोटी जात करे उत्पाद भनेर यसरी फेसबुकमा उनलाई पनि अपमान गर्ने चाहि कुराहरु भएको छ यसका मतलब के देखिन्छ भने देखि हामीले नियम कानून वा सम्पूर्ण कुराहरु हामी कागजमा लेखेर मात्र नहुदो रहेछ त्यसलाई व्यवहारमा उतार्नु पर्छ भन्ने छ त्यस्तो अवस्था आयो, यस्तो प्रवृत्ति आयो भने पछि कसरी मान्छे बाच्न सक्ने अस्थि मात्र चाहि संघमा एउटा माननीय बोल्नु भएको थियो । उहाले ६० लाख दलितहरु छन् तीनलाई एकसाईडबाट गोलि हानेर मारिदिए भैहाल्यो तपाईहरु राजनितिक गर्नुस, तपाईहरु चलाउनुस, तपाईहरुले सम्पूर्ण गरे भैहाल्यो भन्ने किसिमको कुराहरु आएका थिए त्यसो भएको कारणले यस्ता घटनाहरुलाई हामीले ध्यान दिनु पर्छ यस्ता घटनाको एकदम घोर विरोध गर्नुपर्छ र त्यसो भएका कारणले यो त्यति मात्र हैन त्यहा यो आशा देवी विष्ट राकेश कोली र आशा देवी विष्ट भन्ने दुईवटै माया गरेर उसको पेटमा बच्चा पनि छ त्यो बच्चा भएका कारणले माईतिहरुले उसलाई घरमा राखे उसलाई चाहि जबरजस्तीकरणी गरेको भनेर उसलाई जेलमा हालिएको छ त्यस्तो चाहि व्यक्तिहरुलाई तुरुन्त कारवाही गरियोस । त्यस्तो कार्य अगाडि आउनु पर्छ । अब अलिकति म कालापानिका विषयमा बोल्न चाहान्छु सभामुख महादेय, यो जुन कालापानी, लिपुलेक, लिम्पीयाधुरा छ यो हाम्रो सरकारले त्यसको पूर्ण नक्शा लिएर सारा कुरो भएर सम्पूर्ण देश उत्साहित छन्, सम्पूर्ण देश उत्साहित भएका बेलामा अहिले सम्म पनि भारतले त्यो स्वीकार गरि नसकेको अवस्थामा त्यस्तो उसमा यो कालापानी, लिम्पीयाधुरा, लिपुलेकलाई चाहि त्यो नक्शामा आईसकेपछि सारा देश उत्साहित भएका बेलामा, सारा नेपाली उत्साहित भएका बेलामा हामीले अब त्यो भारतसँग कुरा गरेर छिटो भन्दा छिटो त्यसको समस्याको समाधान गनु पर्छ र जस्तै अहिले पाकिस्तानले भनेको छ जस्तो कस्मीर लिएर गयो अन्य लिएर गयो त्यसै किसिमले नेपाललाई पनि भारतले हेप्यो, चेप्यो भन्ने किसिमको कुरो भएको छ यो हाम्रो १८१६ मा भएको सन्धी अनुसार त्यो हाम्रो भूभाग भएको कारणले त्यसलाई हर हालतमा बचाउनु पर्छ । मलाई के लाग्छ भनेपछि अस्थि कता कता भारतिय राजदुतहरु आएर भारतिय राजदुतहरुले अब यहा चलखेल गर्न थाले अब यो फिर्ता लियो भन्ने कुरो भएको छ । हिजो मात्रै हाम्रा आदणीय प्रतिपक्ष दलका नेताहरु, नेपाली कांग्रेसका साथिहरुले उहाहरुले कुरा गरेर अब हामी चाहि यो पक्षमा हामी भोट दिन्छौ भन्नु भएको छ सम्पूर्ण नेपाली कांग्रेसका साथिहरुलाई म हार्दिक धन्यवाद, बधाई दिन चाहान्छु र हाम्रो सिंगो देश एकजुट भएर हामी त्यसमा जानु पर्छ भन्ने मलाई लाग्दछ । त्यसका साथ साथै यो कृष्ण प्रसाद भुसाल शिक्षक यो कृष्णपुरको अध्यक्ष कल्लु राना र डडेल्धुरामा लालीगुरास होटलमा मृत्यु भएका सम्पूर्ण उहाहरु प्रति श्रद्धाञ्जली अपर्ण गर्न चाहान्छु । उहाहरुको सोकसन्तव्द परिवारहरुलाई हार्दिक समवेदना दिन चाहान्छु र उहाहरुको उचित व्यवस्था पनि होस भन्न चाहान्छु र त्यसका साथ साथै हाम्रो यो अहिले जुन मन्त्रीज्यूले बजेट ल्याउनु भएको छ यसमा मलाई के भन्नु छ भने पछि यो किताबको पानामा यो कुनै कुरामा लेखेर मात्रै भएन यसलाई कार्यान्वयनमा ल्याउनु पर्छ भन्ने लाग्छ मलाई यो उहा लेखिएको छ ५४ मा लेखिएको प्रदेशमा शान्ति सुरक्षा कायम गर्दै अपराध मुक्त समाजको विकास गर्ने नीति लिईने छ । प्रदेशको सुशान्तिका लागि युवा सहभागिताको नीति लिईने छ र

समाजमा व्याप्त छुवाछुत, छाउपडी, बालविवाह, महिला हिंसा लगायतका सामाजिक उत्पीडनमा परेका व्यक्तिहरुलाई क्षतिपूर्ति सहितको न्याय उपलब्ध गराई समतामुलक र समाजको विकास गर्ने नीति अंगिकार गरेको छ । विकासका कार्यक्रमहरु महिला, विपन्न बर्ग, दलित तथा पिछडिएका बर्गहरुको सहभागिता सुनिश्चितता हुने गरि कार्यक्रम तय गरिएको छ । वृत्तियकरणमा परेका वर्ग र क्षेत्रलाई जनताहरुलाई विकासको मुलधारमा ल्याउने नीति अवलम्बन गरिने छ । माननीय सभामुख महोदयह ाले केन्द्रिय तथ्यांक विभागले प्रवेश गरेको राष्ट्रिय लेखा विवरण अनुसार चालु आर्थिक बर्षमा सुदूरपश्चिम प्रदेशको कुल ग्रास्त उत्पादनको वृद्धिदर ४.८ प्रतिशत हुने अनुमान गरेको छ। यो वृद्धिदर अन्य प्रदेशहरु र राष्ट्रिय औषत वृद्धिदर भन्दा उच्च रहेको छ। कृषि क्षेत्रमा भएको अपेक्षसित वृद्धि सम्म हुन गएको देखिन्छ भनेर भन्नु भएको छ। यसरी जुन यति मात्रै लेखिएकोलाई पनि हामीले कार्यान्वयन गर्यौ भने पछि निश्चित रुपले धेरै कुराहरु अगाडि बढ्ने छन् । मलाई के लाग्छ भने पछि हाम्रो अहिले जुन तपाइको चाहि विदेशबाट भित्रिने क्रम छ । हामी भारतमा रहेका मान्छेहरु अथवा अन्य देशमा रहेका मन्छेहरु ती मान्छेहरु भित्र आईसकेपछि हामीले बढी भन्दा बढी हामीले कृषिमा बढी जोड दिनु पर्यो, कृषिमा अलि फोकस दिनु पर्यो त्यसका साथ साथै उनलाई रोजगारीको आय आर्जन दिनु पर्यो त्यसपछि उद्योगमा बढी जोड दिनु पर्यो हामी उद्योगमा, कृषिमा र पर्यटनमा हामी यसरी उहाहरुलाई समेट्न सक्यौ भनेपछि उहाहरुलाई काममा लगाउन सक्यौ भनेपछि अब मलाई के लाग्छ भनेपछि अब जति पनि भारतबाट आएका मान्छेहरुछन् अथवा अन्य विदेश तेस्रो देशमा जाने मान्छेहरु छन् । अब हामी बाहिर जादैनौ हामी नुन रोटी खाएर भए पनि हामी आफ्नै देशमा केहि गर्छौ भन्ने चाहि उहाहरुलाई लागेको छ त्यसो भएको कारणले आगामी आउने दिनहरुमा हाम्रो संघ सरकार, प्रदेश सरकार र हाम्रो स्थानीय सरकार सबै मिलेर चाहि उहाहरुको उचित व्यवस्था गनुपर्छ र उहाहरुलाई स्वदेशमा रोजगारी दिनु पर्छ हामी मरे पनि आफ्नै देशमा मरौला भन्ने हिसाबले उहाहरु आउनु भएको छ ठिक हो त्यो कुराहरु उहालाई समर्थन गर्दै म यति कुरा राख्दै विदा हुन्छु धन्यवाद ।

**माननीय कर्ण बहादुर मल्ल :-** माननीय सभामुख महोदय, २०७७०७८ को विनियोजित विधेयकका सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिका बारेमा यो गरिमामय सदनमा हामी छलफलमा जुटेका छौ । यो छलफल विगतकै निरन्तरतातिर केन्द्रिकृत भैदियोस भन्ने हाम्रो सुदूरपश्चिम सरकारको चाहाना प्रतिबम्ब हुन्छ यो ८ पानाको हाम्रा सरकारका माननीय आर्थिक मामिला मन्त्रीज्यूले पेश गर्नुभएको यो कार्यक्रममा । निरन्तर आफ्ना अभिव्यक्तिहरु, आफ्ना धारणाहरु, आफ्ना अनुभवहरु, आफ्ना दृष्टिकोणहरु सत्यपरक बनाएर जुन प्रस्तुत गरिराख्नु भएको छ सम्पूर्ण माननीय प्रदेश सभाका सांसदज्यूहरुका अभिव्यक्ति प्रति मेरो पूर्ण सहमति छ । त्यो सहमति दिदैगर्दा आज हामी विषम परिस्थितिमा छौ माननीय सभामुख महोदय, कोभिड-१९ कोरोना भाईरसको मानव विनासकारी जुन माहामारी छ यो महामारीबाट हाम्रो देशका ५ जना नागरिक र आफ्ना नागरिकलाई बचाउनको लागि आफ्नो जीवन आहुति गर्ने कृष्णपुर नगरपालिकाका वडा अध्यक्ष कल्लु राना लगायत यो संसारभरीमा जति मानिसहरुले आफ्नो जीवन मृत्युबरण लिनु भएको छ उहाहरु प्रति श्रद्धासुमन व्यक्त गर्न चाहान्छु । यो रोगबाट छोइएका वा यो रोगबाट ग्रसित भएका हरेक नागरिकहरुलाई स्वास्थ्य लाभको कामना गर्न चाहान्छु र बाकी हामी बचेका नागरिकहरु यो कोरोना भाईरस यो कोभिड-१९ को मानव विनासकारी महामारीबाट हामी बच्न सकौ भनेर भगवान र यहाका शक्तिपिठ देवी देउतासँग प्राथना गर्न चाहान्छु । सभामुख महोदय, आज हामी विसम परिस्थितिमा विशिष्ट खालको दृष्टिकोण सहितको यो अर्थ विधेयक अथवा हाम्रो सरकारको सिद्धान्त, उद्देश्य, प्राथमिकता र नीति आउनु पर्दथ्यो । यो भित्र अब यो ०७७०७८ बाट पूर्ण रुपमा सुदूरपश्चिमको सरकारले सुदूरपश्चिमलाई सुशासन युक्त बनाईने छ भन्ने अभिव्यक्ति दिइएको छ । सभामुख महोदय, म माननीय मुख्यमन्त्रीज्यूले नेतृत्व गरेको यो सरकारलाई के प्रश्न गर्न चाहान्छु भने तपाईहरुलाई थोरै पनि तपाईहरुमा नैतिकता बचेको छ भने यो रोष्टममा आएर यो सरकारका मुख्यमन्त्रीज्यूले स्वीकार्न सक्नु पर्यो कि तीन बर्ष हामीले कुशासन ढंगले सरकार चलाएका थियौ र

पूर्ण रुपमा भ्रष्टाचारमा लिप्त थियौ, पूर्ण रुपमा अनियमितततामा लिप्त थियौ भनेर स्वीकार गर्न सक्ने थोरै पनि नैतिकता छ भने यो रोष्टममा आएर स्वीकार्नका लागि म अनुरोध गर्न चाहान्छु । अब कसैलाई विभेद गरिने छैन । कुनै लिङ्ग, कुनै बर्ग, कुनै भेद र यो सिंगो संसदलाई सम्मानजनक ढंगले सबैका भावनालाई समेटीने छ भनेर यसमा प्रष्टीएको छ सभामुख महोदय, म फेरी निबेदन गर्न चाहान्छु हाम्रा प्रदेशका मुख्यमन्त्रीज्यूलाई र यो मन्त्रीपरिषद्मा उपस्थित हुनु भएका माननीय मन्त्रीज्यूहरुलाई थोरै पनि तपाईहरुमा नैतिकता छ भने यो रोष्टममा आएर यो जननी हो यो सरकारको र यो जननीको बीचमा उभिएर तपाईहरुले भन्ने ताकत राख्नु पर्यो अहिले सम्म हामीले यहाका हरेक बर्ग, हरेक लिङ्ग, हरेक नागरिक र हरेक पिडामा बाचिरहेका हाम्रो समाजमा छटपटाइरहेका हरेक सुदूरपश्चिम वासि र यो सिंगो संसदलाई अपमानित गरिकन ३ बर्ष सम्म यो सरकारको नेतृत्व गरिराखेका थियौ र यो सरकारका मुख्यमन्त्री र सरकारका मन्त्रिमण्डलमा समावेश भैराखेका थियौ भनेर स्वीकार्न सक्नु पर्यो तपाईहरुलाई म यो प्रश्न गर्न चाहान्छु । सभामुख महोदय, त्यसै गरिकन अब यहाका किसानहरु, यहाका मजदुरहरु, यहाका बेरोजगारहरुलाई रोजगारतिर जोड्ने छु भनेर प्रष्ट्याइएको छ यो विधेयकमा सभामुख महोदय र उहाहरुले भन्न सक्नु पर्यो मेरो प्रदेशको मुख्यमन्त्रीज्यू र मेरो प्रदेशको मुख्यमन्त्रीज्यूको मन्त्रिमण्डलमा रहेका मन्त्रिपरिषद्मा रहेका सदस्यज्यूहरुले भन्न सक्नु पर्यो ३ बर्ष सम्म सुदूरपश्चिमको सरकार कुनै गरिबको पक्षमा, कुनै किशानको पक्षमा कुनै बेरोजगार युवाको पक्षमा, कुनै गरिखाने सुदूरपश्चिमेलीको पक्षमा क्रियाशिल थिएन हामी आफुमुखि थियौ, आफ्नमुखि थियौ, आफ्नो भलोमा आफ्नो आफन्तको भलोमा, आफ्नो परिवारजनको भलोमा, आफ्ना पार्टी भित्रका पनि असाध्य प्रिय पात्रका भलोमा भएको हुनाले हामीलाई फुर्सद थिएन अब उप्रान्त हामी यो फुर्सदबाट मुक्ति भईकन आम सुदूरपश्चिम बासिहरुको उन्नतीका लागि, प्रगतिका लागि र बेरोजगारीका लागि र किशानका लागि अब आउने समय खर्चने छौ अहिले सम्म हामीलाई जुन ठाउँमा हामी केन्द्रिकृत थियौ त्यो ठाउँबाट हामी मुक्त भैसक्यौ भन्ने नैतिकता राख्नु पर्यो सभामुख महोदय, सभामुख महोदय, सुदूरपश्चिमका हरेक नागरिकलाई खानेपानि, सरसफाई सुविधा सम्पन्न गराउने तर्फ उच्च प्राथमिकता राखिने छ भनेर यसमा उल्लेख गरिएको छ सभामुख महोदय, यो सरकारमा संलग्न मेरो सरकारको यो सुदूरपश्चिमको सरकारको हाम्रो मुख्यमन्त्रीज्यू र मन्त्रिपरिषद्का साथिहरुले भन्न सक्नु पर्यो हामी विदेशबाट उत्पादीत नभए यो प्रदेश भन्दा बाहिर उत्पादीत नभए यो प्रदेशबाटै उत्पादीत मिनिरल वाटर आफु चाहि ग्रहण गरिराखेका थियौ र सुदूरपश्चिमका कुनै पनि यो सदनबाट उठेका, प्रदेश सभा सदस्यबाट उठेका उठान गरेका खानेपानीका योजना प्रति हाम्रो ध्यान थिएन अब हामी पूर्ण रुपमा अब आउने यो ०७७०७८ आर्थिक बर्ष भित्र यो सोचबाट उचाईमा उभिएका छौ यो उचाई त्यो उचाईबाट सदनमा प्रतिबद्धता व्यक्त गर्न चाहान्छु हरेक सुदूरपश्चिमका नागरिकहरु ०७७०७८ भित्रै शुद्ध खानेपानी खान पाउने व्यवस्था यो सरकारले गर्न सक्ने छ भनेर भन्न सक्नु पर्यो सभामुख महोदय, प्रदेशमा शान्ति सुरक्षा कायम गर्दै अपराधमुक्त समाजको विकास गर्ने नीति लिईने छ । यो सरकारले भन्न सक्नु पर्यो अहिले सम्म निर्मला पन्त देखि निर्मला पन्तको हत्यारा त पूर्ण रुपमा सुरक्षित भयो नै आजको दिनसम्म आजको ठिक दुई दिन अगाडि निर्मला नाम गरेकी निर्मला बोहराको हत्या भएको छ डडेल्धुरामा र यो बीचको श्रीङ्खलामा धेरै बालिकाहरु धेरै निहत्या नारीहरु, धेरै निहत्या नरहरुले हत्याको सीकार हुनु परेको छ सुदूरपश्चिममा र हामीले सुन्यौ पनि हामीले शान्ति सुरक्षा कायम गर्नका लागि नालायक थियौ अब हामीमा ल्याकत आएको छ अब हामीले बुझेका छौ अब हामीले यो अपराध कसरी नियन्त्रण गर्नु पर्दछ । स्थानीय प्रशासन र हाम्रो राजनैतिक ताकत र जनताले दिएको म्याण्डेटबाट बल्ल हामीले योजना बनाएका छौ अब ०७७०७८ बाट क्लीयर रुपमा हाम्रो समाज शान्ति हुने छ, यहा कुनै अपराधि हुने छैन, यहा कुनै चोरी हुने छैन, यहा डकैती हुनेछैन । कसैले निहत्या रुपमा हाम्रो प्रदेशका नागरिक नारीहरुले बलत्कृत हुनु पर्ने छैन, बलत्कृत नारीको हत्या हुने छैन । कुनै नरले भोकभोकै मर्नु पर्ने छैन, कुनै नरले न्याय माग्दै गर्दा खेरि आफुले मृत्युबरण गर्नु पर्ने छैन भनेर कार्ययोजना सहित यहाको देवी देवताको कसम खाएर आएका छौ अब हामी

सुद्रीन्छौ भनेर भन्न सक्ने ताकत राख्नु पर्यो सभामुख महोदय, यो अहिलेको हाम्रो सुदूरपश्चिमको सरकारले होईन भने यस्ता जतिसुकै पूर्ववक्ता प्रदेश सभाका सांसद मित्रहरुले भने जस्तै तपाईहरुले जति सुकै यो पानामा लेखे पनि मैले दुईवटा अक्षर संरक्षण गरेको छु एउटा हुनेछ, एउटा गरिने छ । यो ८ पानाको उसमा एउटा हुने छ र एउटा गरिने छ । अरु पनि छन् राखिने छ यस्ता यस्ता अरु पनि छन् शब्दहरु लेखिएको छ सभामुख महोदय तर हुने छ र गरिने छ शब्द ठ्याक्कै ५३ वटा छन् हामी निरन्तर यो संसदबाट न सत्तापक्ष न प्रतिपक्ष भनेर निरन्तर एउटा कुरा उठान गर्दै आएका थियौ रटान गर्दै आएका थियौ सभामुख महोदयलाई सम्बोधन गर्दै सरकारलाई झकझक्याउदै आएका थियौ ५३ वटा सांसदलाई सम्मानजनक ढंगले यो प्रदेशको सरकारले व्यवहार गर्ने र उनिहरुको सहभागिता हुने ढंगको कार्य योजना नीति तथा कार्यक्रम सिद्धान्त, उद्देश्य जे भने पछि ल्याईदियोस भनेर हामीले आग्रह गरेका थियौ एउटा चिज यसमा आएको छ हुने छ र गरिने छ भन्ने शब्द ठ्याक्कै ५३ जना सांसदलाई मिल्ने गरिकन ५३ वटा शब्द ल्याएकोमा म सरकारलाई बधाई दिन चाहान्छु सभामुख महोदय, १३औं गणतन्त्र दिवशको दोस्रो दिन हो आज सभामुख महोदय, १३औं गणतन्त्र दिवशको शुभकामना दिन लायक बनाउने महान सहिदहरु जसले यो मुलुक निर्माण गर्न, मुलुकको स्वतन्त्रताको लडाईमा लड्न र मुलुकलाई गणतान्त्रिक मुलुक बनाउनको लागि आफ्नो जीवन आहुती गर्नु भएको छ उहाहरुलाई श्रद्धासुमन व्यक्त गर्न चाहान्छु । सभामुख महोदय गणतन्त्रको प्रत्याभुति जुन कार्यकारी अधिकारमा बसेका आज यो प्रदेशका कार्यकारीहरु प्रति म यो प्रदेश सभाको सदस्यको हैसियतले निर्मम शब्द प्रयोग गरिकन खेत प्रकट गर्न चाहान्छु । तपाईहरुले यो प्रदेशका नागरिकहरुलाई होईन यो प्रदेशका किसानहरुलाई होईन यो प्रदेशका बेरोजगार युवाहरुलाई होईन, यो प्रदेशका गरिबहरुलाई होईन, यो प्रदेशका गरिखानेहरुलाई होईन, यो प्रदेशका आफुलाई मत दिइएका मतदातालाई होईन यो प्रदेश सभा जुन जननी हो जुन मैले दोस्रो पटक प्रयोग गरे सभामुख महोदय यो प्रदेश सभालाई सुद्दा सम्मान गर्न सक्नु भएन त्यो कारण आज गणतन्त्र प्राप्त गर्ने सहिदहरु प्रति सम्मान गर्ने अभिव्यक्ति दिन लायकको पनि मेरो प्रदेशको सरकारको मुख्यमन्त्रीको नेतृत्वमा रहेको सरकार रहेको छैन सभामुख महोदय त्यो कारणले म खेत प्रकट गर्न चाहान्छु । सभामुख महोदय, सिद्धान्त त सभामुख महोदय हाम्रो प्रदेशको सरकारले श्रीसाप त्रिलोचन भट्टज्यूको चाहाना अनुसार यो सुदूरपश्चिम प्रदेश सरकारको सिद्धान्त हुने छ भनेर लेखिदिदा हुन्छ एक लाईनमा त्यसका उद्देश्यहरु यहाहरुको आफन्त, घरपरिवार ईच्छाएका व्यक्तिहरुको चाहाना अनुसार नै अगाडि बढ्ने यो सरकारको उद्देश्य हुने छ भनेर अर्को हरब लेखिदिदा हुन्छ सभामुख महोदय, प्राथमिकता ३ बर्षको ३ वटा आर्थिक बर्षमा आर्थिक अनियमितता गर्न छुटेका, टेटेका ती योजनाहरुलाई, ती कुराहरुलाई प्राथमिकतामा राखिने छ भनेर तेस्रो हरबमा लेखिदिदा हुन्छ सभामुख महोदय, यसको प्रमुख नीति यो चौथो ०७७।०७८ बर्ष ०७४।०७५ हुदै ०७७।०७८ बर्षको यो बजेट कार्यान्वयन गर्दै गर्दा खेरि सम्म जति पनि हाम्रो श्रीसाप माननीय त्रिलोचन भट्ट मुख्यमन्त्रीज्यूको नेतृत्वमा रहेको रहेको मन्त्रिपरिषद्मा रहेका माननीय मन्त्रीजीहरुको अगुवाईमा अभिभावत्वमा जति पनि पिडा टेकेको छ सुदूरपश्चिम र सुदूरपश्चिम बासिले जति अपमान खेपेको छ यो सिंगो गरिमामय संसदमा उपस्थित भएका जनताका जनप्रतिनिधी प्रदेश सांसदहरुले जति दोहन गर्नु भएको छ यो चार वटै आर्थिक बजेटबाट विनियोजित भएको रकमलाई आफ्ना पिएका माध्यमबाट, आफ्ना आफन्तका माध्यमबाट, आफ्ना मन पराएका मानिसहरुको माध्यमबाट, आफ्नो कारिन्दाको माध्यमबाट जति दोहन गर्नु भएको छ सिटामोल देखि एम्बुलेन्ससम्म, सुत्केरी घर प्रसुती गृह निर्माण गर्ने देखि लिएर अस्पताल निर्माण सम्म तपाईले जति पनि भ्रष्टाचार जति पनि दोहन गर्नु भएको छ । सिंचाईका कोटेशन बाढ्नमा देखि लिएर सडक निर्माणका टेण्डर सदर गर्न र कालो सूचिमा परेका निर्माण व्यवसायलाई प्रसित गर्न सम्म जति तपाईहरुले आर्थिक दोहन गर्नु भएको छ यि सम्पूर्ण भ्रष्टाचारका प्रकरणहरु यि अमानवीय कामहरु यि संसदलाई अपमानित गरेका क्रियाकलापहरु यि सुदूरपश्चिमबासिलाई रुवाउने कामहरु, यि सुदूरपश्चिमको विकासलाई अवरोध गर्ने कामहरु मेरो प्रदेशको श्रीसात मुख्यमन्त्री त्रिलोचन भट्टज्यूको नेतृत्व मन्त्रिपरिषद्का

सदस्य साथिहरु संलग्न हुनु हुन्छ तपाईहरुलाई कुनै पनि कानूनले नछुने ढंगको नियती यसमा लेखि दिनको लागि म आग्रह गर्न चाहान्छु । सभामुख महोदय यति मात्र भए पुग्छ यो भन्दा ठुलो अपेक्ष यहाको कुनै पनि नागरिकले अहिलेको सरकारसँग गर्ने न स्थान छोड्नु भएको छ न ठाउँ छोड्नु भएको छ सभामुख महोदय म एउटा कुरा स्मरण गराउन चाहान्छु यो गरिमामय मलाई आज खुशी पनि लागेको छ ०७६।०७७ को बजेट आउदै दर्गा खेरि यो रोष्टममा यो बजेट विक्रम सम्वत १९०४ मा जंग बहादुरले ल्याएको बजेट भन्दा पनि कुरुर ढंगले ल्याइएको छ यो सरकारले भनेर मैले नै सभामुख महोदय यो गरिमामय संसद समक्ष आफ्ना धारणाहरु राखेको थिए यो बजेट २००८ सालमा सुवर्ण सम्सेर तत्कालिन अर्थमन्त्रीले नेपालको औपचारिक बजेटका रुपमा हेरिन्छ बजेटको ईतिहासमा त्यो भन्दा पनि अपादर्शि छ कुरुर छ भनेर मैले आफ्ना अभिव्यक्ति राख्दै गर्दा खेरि यहि सदनमा सत्तापक्ष अथवा हाम्रो मुख्यमन्त्रीजीलाई बचाई राख्नु भएका मुख्यमन्त्री बनाई राख्नु भएका, मुख्यमन्त्रीको बेन्चमा विराजमान हुनु भएका प्रदेश सभाका सांसद मित्रज्यूहरुले भन्नु भएको थियो अहिले जंग बहादुरको युग होईन र अहिले सुवर्ण सम्सेरको युग पनि होईन अहिले गणतन्त्रवादीहरुको युग हो, अहिले मजदुरहरुको युग हो, अहिले गरिबहरुको युग हो, अहिले किशानहरुको युग हो, अहिले युगन्तकारीहरुको युग हो, अहिले क्रान्तिकारीको युग हो भनेर भन्नु भएको थियो तर आज मलाई गर्व लागेको छ आज हरेक प्रदेश सभाका सांसदहरु विभक्त छैनन त्यो कुरा नै सत्य रहेछ यो सरकार आफुले तय गरेको कार्य नै गर्न असफल भएको छ । यो सरकार यहि संसदको अगाडी यो सरकारका आर्थिक मामिला मन्त्री यो सरकारका मुख्यमन्त्रीज्यूले क्षमाआचन सहित सुद्रीने बाचाबन्दनबाट पनि चुकेको छ त्यो कारण सिंगो संसद एकरुपतामा उभिएको छ । सिंगो संसद विमतीमा छैन र हामी सदैव विरोधी आखाले हेर्नु भो सत्तापक्षका सांसदज्यूहरुलाई म हामी पूर्ण रुपमा तपाईहरुको साथमा छौ तपाईहरुको भावनाको साथमा छौ, तपाईहरुको आवाजको साथमा छौ जसरी तपाईहरुले ढीलै भए पनि यो सरकार पूर्ण रुपमा सुदूरपश्चिमको गतिको अवरुद्धमा छ, जनताको अवरुद्धमा छ यति मात्र होईन कोभिड-१९ महामारीको चपेटामा छौ हामी मैले स्वंयले हाम्रो प्रदेशको मुख्यमन्त्रीज्यूलाई लकडाउन भएको तेस्रो दिन माननीय मुख्यमन्त्रीज्यू टेलिफोन गरेर यो प्रदेशको आन्तरिक मामिला मन्त्रीज्यूलाई टेलिफोन मार्फत नै यो प्रदेशको सरकार हाम्रो अभिभावक हो हामी पूर्ण रुपमा तपाईहरुको अभिभावकत्व स्वीकार्न तयार छौ तपाईहरुको साथमा छौ । सुदूरपश्चिमको नागरिकहरुको रक्षाको लागि यो महामारीबाट बचाउनको लागि र महामारीबाट उत्पन्न हुन सक्ने जुन भोक छ त्योबाट बचाउनको लागि सुदूरपश्चिम सरकारको अभिभावक हाम्रो माननीय मुख्यमन्त्रीज्यू तपाईले गरिदिनुस र सुदूरपश्चिमको अहिलेको जुन बजेट छ त्यसबाट अभाव हुन्छ भने हामी र हाम्रो हस्ताक्षरबाट जनताका नाममा खर्चित हुने ३ करोड रुपैयामा पहिलो सांसद हुन्छु म प्रस्ताव गर्न चाहान्छु म लेखेर पनि दिन तयार छु भनेर आग्रह गरेको थिए । भेटेर पनि आग्रह गरे मेरो प्रदेशको माननीय मुख्यमन्त्रीलाई एक महिना अगाडि भेटेर पनि आग्रह गरे उहाकै कार्यकक्षमा असहज परिस्थिति रहेछ माननीय मुख्यमन्त्रीज्यू तपाईले दुई तीन वटा कुरामा ध्यान दिनको लागि म निबेदन गर्न आएको हु तपाईको कार्यकक्षमा आफ्नो गृह जिल्लाबाट पहिलो कुरा जो भारतमा रहेका नागरिक छन् तीनलाई ल्याउने संघीय सरकारलाई जबरजस्त पहल गर्ने पहिलो दायित्व भित्र पर्दछ भने ती आउदै गर्दा खेरी कैलाली कंचनपुरमा कम्तीमा पनि ५० हजार मानिसहरुलाई बस्ने व्यवस्थित क्वारेन्टाइनको व्यवस्था गरिदिनुस र यथाशिघ्र त्यसको बजेटको विनियोजन गर्नु बजेट हामीसँग जति पनि छ हाम्रो सरकारसँग जति पनि छ यहि आर्थिक बर्ष पहिलो दोस्रो हामीलाई टेष्ट गर्ने जति पनि किटहरु चाहिन्छ त्यो किट खरिद प्रक्रियालाई जसरी पनि अगाडि बढाई दिनुस तेस्रो प्रदेश सरकारले आफ्ना सुदूरपश्चिमका नागरिकहरुलाई नाकाबाट सम्बन्धित पालिकामा पठाउनका लागि प्रदेश सरकारले गरिदिनुस चौथो ८८ वटै गाउँपालिकालाई कम्तीमा न्यौनतम आवश्वक चाहिने एक एक करोड पैसाको व्यवस्था गरिदिनुहोस भनेर आग्रह गरेको थिए जुन आजको दिन सम्म अस्थ व्यस्थ मस्त रुपमा यो सरकार रहेको छ सभामुख महोदय त्यो कारण म अन्तमा के निबेदन गर्न चाहान्छु सभामुख महोदय भने यो सरकारले ५३

ठाउँमा गरिने छर हुने छ भन्ने शब्द लेख्नु पर्दैन सभामुख महोदय, म अन्तमा सभामुख महोदय चार ठाउँमा गरिने छ भन्ने शब्द लेखिदिदा पुग्छ सभामुख महोदय, अहिले विशम परिस्थितिमा सरकारसँग जे भएपनि यो अपेक्षा राख्छु प्रदेश सभा सदस्यको हैसियतले किन भने सरकार जिउदै छ मरेको छैन सम्पूर्ण सुदूरपश्चिम बासिको स्वास्थ्य परीक्षण गरिने छ त्यसको व्यवस्था यो बजेटमा ल्याउने छ भनेर लेखि दिदा हुन्छ सभामुख महोदय, भोकबाट कसैलाई प्रभावित नहुने व्यवस्था गरिने छ र काम गरिखाने बाताबरण कृषि, पर्यटन लगायतका उद्योग सँग सबैलाई जोड्ने व्यवस्था गरिने छ र यो कार्यक्रम अगाडि बढाउदा अथवा कार्यान्वयन गर्दा सिंगो प्रदेश सभाका सांसदहरुलाई सम्मानजनक ढंगले समावेश गरिने छ भन्ने चारवटा ठाउँमा मात्र गरिने छ शब्द लेखिदिदा पनि पुग्दछ सभामुख महोदय, यो ५३ ठाउँमा गरिने छ, हुने छ भन्ने शब्द नलेख्दा पनि हुन्छ भन्ने भनाई राख्दै म अन्तमा सभामुख महोदय एउटा सानो समयका लागि अनुरोध गर्न चाहान्छु । एउटा राजाकोमा पिडित गाउँलेहरुले चिट्ठी दिन्छन हामी सारै पिडामा छौ सरकार हाम्रो पिडाबाट मुक्त गरिदेउ भनेर र राजाको भारदारले पढेर सुनाउछ सरकार हजुरको निगाहाबाट हामी सम्पूर्ण जनता खुशी छौ, सुखि छौ, सन्तुष्टि छौ हजुरको यस्तै गरिकन निगाहा रहि रहोस भनिकन यो चिट्ठीमा लेखिएको छ भनेर सुनाउदछ फेरी राजा बसेको दरबारको बाहिरबाट हल्ला आउछ राजाले भित्रबाट भारदारलाई भन्छन ए जाउ त यो बाहिर के को हल्ला हो भनेर भन्दै गर्दा खेरि राजाका भारदारले भन्छन सरकारको जयजयकार भैराखेको छ सरकार बाहीर भन्छन तर बाँहीर चाहि सरकार विरुद्धमा नाराजुलुस भैराखेको थियो त्यो भन्दैनन भारदारहरुले तर आज नभन्दै गर्दा खेरि ती भारदार सहितको संगतमा ती राजाको राजगद्धी जान्छ र राज्य व्यवस्था पल्टीन्छ पल्टेका ईतिहासहरु दिइएका तमाम राजनैतिक ईतिहासमा दर्जनौ निरंकुस्ता अन्त भएको हामीसँग जलन्त उदाहरण छन ईतिहासमा भने आज हाम्रो सुदूरपश्चिमको सरकार त जहाबाट जन्मेको हो । जसले उसको पक्षमा बोल्नु पर्ने हो, जसजसले उसको वकालत गर्नु पर्ने हो उहाहरुले सम्पूर्ण सिंगो संसद नै यो सरकारको विरुद्धमा उभि सकेको अवस्थामा अब पूर्ववक्ता माननीयज्यूले भन्या जस्तै कुर्चि सहित होईन कुर्चि अर्को साथिलाई बस्ने कुर्चि सुरक्षित छोडेर थोरै भए पनि तपाईहरुमा बचेको जुन ईमाज ईज्जत छ त्यो ईज्जत सहित कुर्चि मुक्त भईदिनको लागि माननीय मुख्यमन्त्रीको नेतृत्वमा रहेको मन्त्रिमण्डलका साथिहरुलाई अनुरोध गर्दै विदा हुन्छु धन्यवाद, जयनेपाल ।

**माननीय गेल्वु सिंह वोहरा :-** माननीय सभामुख महोदय, आज हामी छैटौ अधिवेशनको चौथो बैठकमा जुन यो प्रदेश यो सुदूरपश्चिम प्रदेशको एउटा भविष्य कोर्ने नीति निर्माण र बजेटको अधिवेशनको रुपमा पनि लिने गरेका छौ । तसर्थ म सर्वप्रथम यस छैटौ अधिवेशनले हाम्रा सरकारले विगतमा गरेका कार्यहरु गर्ने क्रममा केहि कमी कमजोरी हुन सक्छ तिनिहरुबाट पाठ सिक्दै आगामी बजेटले यो सुदूरपश्चिम प्रदेशको भविष्य कोर्नमा एउटा महत्वपूर्ण भूमिका निर्वाह गरोस भन्ने शुभकामना दिन चाहान्छु । माननीय सभामुख महोदय, आज हामी माननीय आर्थिक मामिला तथा योजना मन्त्रीबाट आर्थिक बर्ष २०७७०७८ को विनियोजित विधेयकको सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिको छलफलका क्रममा छौ । पक्कै पनि वृत्तिय क्षेत्रमा लामो अनुभव हासिल गर्नु भएका माननीय मन्त्रीज्यूले सिद्धान्ततः यो अध्ययन गर्दा खेरि धेरै राम्रा पक्षहरु पनि समेटीएको देख्दछु । तथापी सर्व प्रथम त म आजको यस सम्मानीत सदनमा जुन नेपाल सरकारले हालै मात्र लिम्पीयाधुरा, लिपुलेक र कालापानी क्षेत्रलाई समेटेर जुन आफ्नो आधिकारीक नक्शामा जुन त्यो भुगोललाई समेट्नु भएको छ र म त्यो निर्वाचन क्षेत्रको निर्वाचित जनप्रतिनिधी मात्र नभएर स्वंय त्यो क्षेत्रको त्यही वडाको बासिन्दाको हैसियतले पनि सर्व प्रथम म संघीय सरकारलाई हार्दिक हार्दिक धन्यवाद दिन चाहान्छु र सँगसँगै विगत लामो समय देखि हामीले उठान गरेको जुन दार्चुला टिङ्कर सडक जुन अहिले महाकाली करीडोर अर्न्तगत छ त्यसलाई पनि जुन संघीय सरकारले नेपाली सेना मार्फत संचालन गर्ने जुन ऐतिहासिक निर्णय गरेको छ त्यसका लागि पनि म यसै सदन मार्फत संघीय सरकारलाई हार्दिक धन्यवाद दिन चाहान्छु र सँग सँगै विगत २ बर्ष अगाडी हाम्रो यस सुदूरपश्चिम प्रदेश सरकारले जुन गोदावरीलाई सुदूरपश्चिम प्रदेशको

जुन राजधानीको रुपमा एउटा चिनित गरेको थियो त्यो क्षेत्रको त्यो प्रदेशको राजधानीको भौतिक निर्माणका लागि पनि जुन संघीय सरकारले भौतिक निर्माणको लागि केही बजेट रकम विनियोजित गरेको छ त्यसको लागि पनि म यसै सम्मानीत सदनबाट संघीय सरकारलाई हार्दिक धन्यवाद दिन चाहान्छु । आज विश्व नै कोरोना भाईरस जुन कोभिड-१९ को महामारीको चपेटामा छ पक्कै पनि त्यो बाट हाम्रो नेपाल हाम्रो सुदूरपश्चिम प्रदेश अछुतो छैन तथापी यस प्रदेशमा यो कोभिड-१९ रोगलाई नियन्त्रण गर्न र यसलाई व्यवस्थापन गर्नमा अहम भूमिका निर्वाह गर्नु हुने सम्पूर्ण स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, संचारकर्मी र प्रत्यक्ष अप्रत्यक्ष रुपमा यस कार्यमा संलग्न संघ संस्थाहरु र जनप्रतिनिधीज्यूहरु र स्वंय सुदूरपश्चिम प्रदेशका सामाजिक विकास मन्त्रालयका मन्त्रीज्यू लगायत सुदूरपश्चिम प्रदेश सरकारलाई पनि धन्यवाद दिन चाहान्छु । र यती भनिरहदा यतिले मात्र पुग्दैन जस्तो मलाई लाग्दछ किन भने अहिले सीमा नाकामा हजारौको संख्यामा नेपालीहरु रोजगारको शिलशिलामा गएका नेपालीहरु भित्रिने क्रम पनि जारी नै छ त्यसैले सर्व प्रथम त म ती आउने दिनको भयाभवस्थितिलाई ध्यानमा राखेर आगामी दिनमा हामीहरुले चाहि पक्कै पनि विगतमा पनि हामीले समय समयमा माननीय मुख्यमन्त्रीज्यूलाई अनुरोध गरेकै अवस्था पनि हो । तथापी म आज यस सम्मानीत सदनमा माननीय सभामुख मार्फत कैलाली, कंचनपुर र पहाडि भेगमा दार्चुला र बैतडीमा पनि यथाशिघ्र क्वारेन्टाइनको व्यवस्था गरियोस भन्ने कुरा म अनुरोध गर्न चाहान्छु र जुन अहिले हामी छलफलकै क्रममा मैले के अनुभव पनि गरेको छु भने बास्तवमा हाम्रो दार्चुला जिल्ला, दार्चुला लगायत केहि पहाडि जिल्लाहरुमा जुन कार्यक्रमहरु जान्छनु तथापी अहिले पनि के अवस्था छ भने देखि यो कर्मचारीको कमी वा अन्य कारणले गर्दा खेरि यहाका जुन विनियोजित योजनाहरु पनि अहिले कार्यान्वयन हुन नसकेको अवस्था छ । म एउटा कुरा के अनुरोध गर्न चाहान्छु भने देखि विगतमा हाम्रो जुन प्रदेश पूर्वाधार कार्यक्रम अर्न्तगतका कार्यक्रमहरु हामीले त्यो स्थानीय तह मार्फत पनि गर्न सकिने र त्यो प्रदेश मातहतका कार्यालयहरुबाट पनि गर्न सकिने भन्ने कुरा थियो तर अहिले लास्ट आवरमा आएर केहि कार्यालयहरुले हामी गर्न सक्दैनौ भन्ने कुरा आएको हुदाले ती योजनाहरु पनि कार्यान्वयन हुने अवस्थामा नभएको कुरा म सम्मानीत यस सदनमा माननीय सभामुख मार्फत ध्यानाकर्षण गराउन चाहान्छु र पक्कै पनि हामीले र हाम्रो सरकारले हामी मातहतका कर्मचारीहरुलाई वा कार्यालयहरुलाई समयमा नै निर्देशित गरेर ती त्यस्ता किसिमका योजनाहरु संचालन गर्नु गराउनु पर्ने हो तथापी यसमा के कारणले ढीलो भएको हो वा नभएको हो त्यतातिर पनि म सम्मानीत सदन मार्फत माननीय मन्त्रीज्यूहरुको ध्यानाकर्षण गर्न चाहान्छु । अहिले सरसरी हेर्दा खेरि मैले के बुझेको छु भने देखि अहिले सम्म हामी एक हिसाबले सुरक्षित हिसाबले अथवा एक किसमले सेभसाइडमा नै अगाडी बढीरहेको अवस्था छ जुन यो कोभिडको कुरा गर्दै छु म तथापी आगामी दिन धेरै भयाभव परिस्थिति आउने भएकोले मलाई लाग्छ आर्थिक बर्ष २०७७।०७८ मा प्रत्येक जिल्लामा कम्तीमा पनि ५० सैयाको अस्पतालको निर्माण गरिनु पर्दछ सँग सँगै म के पनि अनुरोध गर्न चाहान्छु भने देखिन यस सुदूरपश्चिममा ८८ वटै जुन स्थानीय तह त्यसमा पनि प्रत्येक वडामा सम्भव हुन्छ भने देखि एउटा सामुदायिक भवनको निर्माण गरेर जुन मल्टीप्रपोज खालको होस यस्ता किसिमका विपती आउदा खेरि ती सामुदायिक भवनलाई हामी क्वारेन्टाइनको रुपमा पनि उपभोग गर्न सकौ त्यस्तै अहिले हामीहरुले प्रदेश सरकारले राहातको प्याकेज प्रत्येक स्थानीय तहमा पठाएको अवस्था थियो तथापी धेरै ठाउँबाट ती राहातका सामाग्रीहरु बास्तविक पिडित र बास्तविक गरिबहरु सम्म नपुगेको भन्ने गुनासो आई रहेको छ । तसर्थ म माननीय सभामुखज्यू म के अनुरोध गर्न चाहान्छु भने देखि ती गरिबहरुलाई पहिचान गर्नका लागि कम्तीमा पनि हामीले एउटा गरिबी पहिचान पत्रको व्यवस्था गर्न सक्यौ भने आगामी दिनमा यस किसिमका राहात अथवा गरीबी रेखा मुनी दिन सकिने सौलिहेत एड्रेस गर्न सकियोस र यसले गर्दा खेरि कुनै किसिमको असन्तुष्टि जनताहरुमा नहोस । त्यस्तै प्रत्येक स्थानीय तहहरुमा हामीले सस्तो सुलभ दरमा चाहि जुन पसलहरु खोल्ने भनेका थियो विगतको उसमा जुन कार्यान्वयन नभएको अवस्था पनि छ त्यसैले त्यतातिर पनि म हाम्रो सरकारको ध्यानाकर्षण गर्न चाहान्छु ।

र त्यस्तै यो लकडाउनको कारणले गर्दा खेरि अहिले हामीसँग एउटा चुनौतिको सँग सँगै एउटा अवसर पनि छ भारत लगायत तेस्रो मुलुकमा गएका हाम्रा नेपाली दाजुभाई दिदी बहिनीहरु अहिले गाउँ घरमा फर्कि रहेको अवस्था र यसलाई हामीले सदुपयोग गर्न सकेर विगतका दिनमा हामीले खेत खनजोत गर्न नसकेका ती बाँझो जमिनलाई पनि उपभोग गर्दै र त्यस्तै किसिमका अन्य रोजगार मुलक कार्यक्रम सृजना गर्दै ती सम्पूर्ण फर्किएका हाम्रा मजदुरहरुको लागि ती विपन्न बर्गहरुको लागि पनि केहि गर्न सकिन्छ कि त्यतातिर पनि म सरकारको ध्यानाकर्षण गर्न चाहान्छु र विगतमा साहेद मलाई लाग्दछ एक करोड भन्दा तलको कार्यक्रममा डोजर लगायतका मेशिनहरु प्रयोग गर्नु हुदैन भन्ने कुरा हाम्रो नीतिमा थियो तथापी मलाई जहा सम्म लाग्दछ यो नीति कतिसम्म कार्यान्वयन भएको छ छैन किन भने अहिलेको यो अयाभव स्थितिमा हामी सम्पूर्ण हाम्रो गाउँघरमा विदेशबाट फर्केका दाजुभाई दिदी बहिनीहरु छन् यदि तीनिहरुलाई रोजगारीको अवसर दिने हो भने हामीले पक्कै पनि त्यो नीतिलाई कार्यान्वयन गर्दै मेशिन प्रयोगलाई कडाईका साथ बन्देज गराउने र ती बेरोजगार हाम्रा कामदारहरुलाई काममा लगाउन सकियो भने पक्कै पनि यो हामीलाई पनि उपलब्धी हुन्छ जस्तो मलाई लाग्दछ र सँग सँगै जुन अहिले राष्ट्रिय महत्वको जुन कुरा कालापानी, लिम्पीयाधुरा र लिपुलेकको कुरा समय समयमा चर्चामा आउने गर्दछ त्यो बास्तवमा एउटा सार्वभौम नेपालीको लागि एउटा सुखद् पक्ष पनि हो र राम्रो कुरा पनि हो तथापी म यहा यहि सदनमा के अनुरोध गर्न चाहान्छु भने देखि अहिले सम्म हामीले त्यस्ता क्षेत्रहरुको लागि के दियौ त हामीले के गर्यौ त त्यसैले हामीले पक्कै पनि हामीले आगामी दिनमा एउटा यस्तो कार्यक्रम त्यस्ता क्षेत्रको लागि राखौ जसले गर्दा त्यस क्षेत्रका बासिन्दालाई पनि हामी पनि नेपाली रहेछौ हामी पनि नेपाली हौ र हामी चाहे विगतका दिनमा त्यस्तो अप्ठ्यारो अवस्थामा पनि यदी त्यस क्षेत्रको ब्यास गा.वि.स. अहिलेको ब्यास गाउँपालिकाको वडा नं.१ त्यहाको जनताले यदी विगतको दिनमा हाम्रो सीमाको रक्षा नगरेको भए साहेद मलाई लाग्छ आज भारत त्यो क्षेत्र भन्दा यतै कब्जा गरिसकेको अवस्था पनि हुनेथियो त्यसैले म सम्मानीत सदनमा के पनि अनुरोध गर्न चाहान्छु भने देखि त्यस्ता क्षेत्रहरुलाई जहाको जनतालाई विशेष खालको सुविधा दिईयोस किन भने त्यसैसँग जोडिएको मित्र राष्ट्र भारतमा त्यहाको जनताहरुले चाहि १९६२ देखि सरकारी सेवाहरुमा विभिन्न किसिमका आरक्षणहरु पाईरहेको अवस्था छ । त्यस क्षेत्रमा २ रुपैया किलो चामल पाइरहेको अवस्था छ, २ रुपैया किलोमा गहुँ पाइरहेको अवस्था छ भने देखि त्यसै वारीपट्टी हामी नेपालीहरु बसिरहेका छौ त्यहा अहिले पनि १०० रुपैया किलो चामल पाइरहेको अवस्था छ ईभन विडम्बना के छ भने देखि आजको मितिमा पनि हामी हाम्रो क्षेत्रमा जानको लागि मित्रराष्ट्र भारतको बाटो प्रयोग गर्नुपर्ने अवस्था छ । हालै मात्र पनि लकडाउनको कारणले गर्दा मित्रराष्ट्र भारतले त्यो बाटो नदिएर जुन हाम्रो झण्डै झण्डै जेष्ठ लास्ट बैशाख फष्टमा झर्नु पर्ने जुन माइग्रेट छ त्यो चाहि धेरै ढिलो माईग्रेट भएको कुरा साहेद सम्पूर्ण माननीय सदस्यज्यूहरुले सुन्नु भएकै होला त्यसको लागि पनि अन्तिम आवरमा त्यहा स्थानीय लेवलमा र स्थानीय स्तरमा दुइ तीन घण्टाको लागि दार्चुलामा र त्यस पछि पनि केहि हाम्रो आधार माईग्रेट हुने बासिन्दाहरु तम्पाकु भन्ने क्षेत्रमा गएको र त्यहा स्थायी पुल हाल्लने भारतले विगतमा आसवासन दिएकोमा त्यहा पुल नहालिदिएर विचल्ली परेर धेरै अनननिय विनय पश्चात त्यो क्षेत्रका बासिन्दा त्यो क्षेत्रका बासिन्दा त्यो क्षेत्रमा पुगको अवस्था छ त्यसैले म धेरै कुरा भन्न चाहादिन बास्तवमा स्वाभिमानी राष्ट्रियताको कुरा त्यहाको स्थानीयहरुलाई दुख्दैन अथवा विभिन्न कुराहरु मिडियामा समय समयमा आउने गर्दछ तथापी म के भन्दछु भने एकचोटी तपाईहरु त्यो क्षेत्रमा मात्र १५ दिन बसेर हेर्नुहोस अनि त्यो क्षेत्रको पिडा के छ कस्तो छ त्यस पछि मात्र थाहा हुने छ खाली त्यो सामाजिक संजालमा दुई अक्षर लेख्दैमा कुनै पनि किसिमको राष्ट्रियता जोगिनेवाला छैन तसर्थ म यस सम्मानीत सदनमा के पनि अनुरोध गर्न चाहान्छु भने सभामुख मार्फत पक्कै पनि अहिले पछिल्लो चरणमा संघीय सरकारको केही नजर पुगेको छ र अहिले पनि त्यो माईग्रेट हुने अवस्थामा भारतले तत्कालिन अवस्थामा जुन व्यवस्थापन नगरिदिएको अवस्थामा चाहि तुरुन्त नेपाली सेना पठाएर १०-१५ दिन मै भए पनि बाटो खोल्ने हिसाबले नेपाल आर्मि पठाएको छ

त्यसको लागि म संघीय सरकारलाई हार्दिक धन्यवाद दिन चाहान्छु र सँग सँगै त्यो क्षेत्रको बासिन्दाको लागि तुरुन्तै बाणिज्य तथा आपूर्ति मन्त्रालयबाट खाद्यान्नको व्यवस्था हेलिकप्टरबाट गर्ने भन्ने आसवासन हामीले पाएका छौ निकट भविष्यमा त्यो खाद्यान्न त्यो क्षेत्रमा जाने छ त्यसको लागि पनि पुनः संघीय सरकारलाई धन्यवाद दिदै र म मैले विगतमा धेरै चोटी एउटा कुरा के उठान गरेको थिए भने बास्तवमा संघीयता लागु भए पश्चात पनि दार्चुला लगायतका केही जिल्लाहरुमा आज पनि हामीले चाहि सानो तीनो कार्यक्रमको लागि बैतडी, डडेल्धुरा, डोटी र कैलालीमा आउनु पर्ने बाध्यता छ त्यो बाध्यतालाई यसै आर्थिक बर्षमा सम्बोधन गरेर आउनु नपर्ने गरियोस र यो यस्तै स्थिति हो भने देखि मलाई लाग्दछ कता कता भोलीको दिनमा संघीयता आईसकेपछि पनि यस्तो कुन जिल्ला होला जुन जिल्लाको मान्छेहरुले चाहि आजको मितिमा पनि विगतका दिनमा आफ्नै जिल्लामा पाईरहेको सुविधाका लागि पनि आज हामीले बैतडी, डडेल्धुरा, डोटी र कैलालीमा आउनु पर्ने त्यस्तो परिस्थितिको सामान्य ध्यानमा राख्नु पर्ने अवस्था आउन सक्छ त्यसैले अन्तमा पुनः जोडदार साथ म यस प्रदेश मातहतका कार्यालयहरु सम्बन्धीत जिल्लामा यथाशिघ्र स्थापना होस र पुनः होस भन्ने अनुरोध गर्दै पुनः आर्थिक बर्ष यस ०७७०७८ को जुन विनियोजित विधेयको सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिको पुर्ण समर्थन गर्दै आगामी दिनमा यस सुदूरपश्चिम प्रदेश सरकारले एक किसिमको विगतमा जे भए पनि आगामी दिनमा एउटा सुखद समृद्ध सुदूरपश्चिम चाहि निर्माण गर्न लागि परौ र त्यस किसिमको बजेट व्यवस्थापन हुने छ भन्ने आशा राख्दै विदा हुन्छु धन्यवाद ।

**पिठासिन माननीय उप-सभामुख निर्मला बडाल जोशी**

**माननीय टेक बहादुर रैका आउजी :-** माननीय सभामुख महोदय प्रदेश सरकारले ल्याएको नीति तथा कार्यक्रमको बारेमा जो बोल्ने अवसर दिनु भा छ यसका लागि म आफ्ना सुझावहरु दिन चाहान्छु र अहिले हाम्रो देश नेपाल मात्र नभईकन सारा विश्वभरी कोरोना भाईरसको महामारी युगबाट नेपाल गुज्रीरहेको अवसथा र हाम्रो प्रदेश पनि यसै रोगका कारण एउटा चुनौतिपूर्ण घडीमा अगाडि बढेको छ यसका निमित्त प्रदेश सरकारले आफ्नो नीति तथा कार्यक्रममा कोरोनाको बारेमा धेरै ठाउँमा लेखेको छ म सुझाव के दिन चाहान्छु भने सेती कैलालीको अस्पताललाई र महेन्द्रनगरको अस्पताललाई देखाएर यो खुला खेलकुदको मैदानमा दुईचारवटा घर क्वारेन्टाईन बनाएर प्रदेश सरकार अगाडि बढ्न सक्दैन जुन घर कैलालीमा र कंचनपुरमा बनाएका छन् त्यो घर दार्चुलामा हुनुपर्छ, बैतडिमा बन्नु पर्छ, बाजुरामा बन्नु पर्छ, बझाङ्गमा बन्नु पर्छ ७ जिल्लामा बन्नु पर्छ । कोरोनाभाईरस महामारी युगका लागि हामीले पैसा तमाम खर्च गरेका छौ सरकार भाषण गर्दै छन् । आज गोठमा बसेका छन् पहाडतिरका मान्छे । सल्लाका डेस्क बनाएका स्कुलमा बस्दैछन् । फर्स नभएका माटामा बस्दै छन् । पहाडका गोरुबाखा हुलेझै क्वारेन्टाईनको नाममा यहा प्रदेश सरकार भाषण गर्दैछ यहा रासन दिएका छौ, शासन दिएका छौ, क्वारेन्टाईन दिएका छौ भन्ने कुरामा यही हो सरकारले दिएको सरकारका प्रतिनिधी गएर त्यहा हेर्नुहोस मन्त्रीजी गएर हेर्नुस तपाई डोटीको अवस्था के छ ? बाजुराको अवस्था के छ ? त्यहाको एउटा मान्छेले यहा ठिक छ हजुर भन्यो चाकरी बजायो त्यो चाकरी बजाएको आधारमा सरकार बोलिदिने म त दोस्रो कुरा के भन्न चाहान्छु भने नीति तथा कार्यक्रममा यसका बारेमा औषधी उपचारका सामान सामाग्री सबै प्रदेश सरकारले खरिदोस दोस्रो कुरा भारत र नेपालको सीमा विवादले गर्दा खेरि मित्रराष्ट्र भारतमा बसेका नेपाली माथिमा नाकाबन्द हुन्छ कि भन्ने संकाले दिन प्रतिदिन ईण्डिया छोडेर नेपालमा आउदैछन् भारतबाट तीनको गास, बासको व्यवस्थाका लागि प्रदेश सरकारले सेती र महाकालीबाट खाद्यान्नको घण्डार बनोस ता कि ती जनता भोकमारीबाट बच्न सकुन यो पनि मेरो सुझाव हो । मलाई त दलित र गैदलितको बीचमा मात्र छुवाछुत हो भन्ने लाग्या थियो कोरोना भाईरसले त सिंगो जातलाई अछुत बनाई दियो । एक अर्काबाट टाढा रहने दुरी कायम गरि बस्ने बनाई दियो । नारी र पुरुषको बीचमा दुरी घटाइदियो, छोरा र छोरीको बीचमा दुरी घटाईदियो माहामारी छुवाछुतका विरोधमा प्रदेश सरकारसँग संघीय

सरकार पनि लाग्नु पर्छ, स्थानीय सरकार पनि लाग्नु पर्छ, सत्तापक्षका सांसद र प्रतिपक्षका सांसद हामी लागेर महामारी रोक्नलाई मुकाबला गर्नुपर्छ भन्ने कुरा मेरो सुझाव छ । दोस्रो कुरा के छ भने नीतिमा दलित तथा महिला, हलिया, सुकुम्बासि भन्या छ पैसा छुट्याउदै जाने छुवाछुत बढ्दै जाने कलकारखाना अन्य जातका हुने छुवाछुत हामीलाई छोडि जाने यसमा मेरो घोर आपत्ती छ यदी नीति तथा कार्यक्रममा दलित सम्बन्धमा कार्यक्रम ल्याउने हो भने सार्की जातको सीपको आधुनिकरणका लागि छाला उद्योगको संचालन गर्नुपर्छ, दमाई जातको कार्यक्रम संचालनका लागि टेलरिङ उद्योग चाहिन्छ, विश्वकर्माका लागि कार्यक्रम गर्ने हो भने ग्रिल सटर उद्योग चाहियो सरकारले यस्ता सीप सिकावस दमाई कामीलाई भजाएर दलित बनाई राख्ने आर्थिकको छारो हाली राख्ने शोषण दमन गर्ने मिलेर डल्लो बजेट खाईदिने अब प्रदेश सरकारले जातिय छुवाछुतका साथ साथै छाउपडि प्रथा अन्त्य गर्नका लागिमा जिल्ला जिल्लामा स्थानीय सरकार वा वडामा म छाउपडि प्रथा मान्दैन ल्याउ म पानि खान्छु भन्ने अभियान चलावस, म जातिय छुवाछुत मान्दैन म पानी ल्याउ म खान्छु भन्ने अभियान चलावस सरकारले यसका लागि बजेट विनियोजन गरोस यसमा मात्र हाम्रो समर्थन हुन्छ होईन दमाई कामीलाई भजाएर बजेट हाल्या छ भने हाम्रो समर्थन हुन्न म यसमा घोर आपत्ति जनाउछु भन्दै मेरो सुझाव यत्ति हो सरकारलाई मैले धेरै कुरा सुनेको छु यहा धेरै कुरा गरेको छु । हाम्रो पहाड भन्छन कालेकी बुहारी कठेली छाई खाली प्रदेश सभाका माननीय भएका छौ, प्रदेश सरकारका मन्त्री भएका छौ गौरीफण्टा नाकामा एकजना प्रदेश सभाको मान्छेको उपस्थिति छैन धन्यवाद छ स्थानीय सरकारका जनप्रतिनिधीलाई, धन्यवाद छ पार्टीका दलका नेताहरुलाई गौरीफण्टामा नाकामा जानुस चाहे बझाङ्गका मान्छे भेट्नुस, चाहे बाजुराका चाहे बैतडिका मान्छे भेट्नुस आफ्नो पार्टीका प्रतिनिधी एक एक जना गएका छन् । कांग्रेसको उपस्थिति छ, एमालेको उपस्थिति छ, रा.प्र.पा.को उपस्थिति छ आफ्नो प्रदेशको गाडि लगेर आफ्नो जनतालाई लगेर आफ्नो सुरक्षामा राखेका छन् । प्रदेश सरकार हात धुदै छ अस्थि माननीय मुख्यमन्त्रीसँग हामी नेपाली कांग्रेसका भेट्न गयौ सत्तापक्षका मान्छेले सिकाएर यस्तो भन्नु भएको होईन भन्नु भयो मुख्यमन्त्रीजी त्यो भन्न पाईन्छ हामी सरकारको उपस्थिति गर्न खोजेका हौ । हामीलाई के चार्ज लगाईयो हामीले स्थानीय सरकारलाई पाच लाख दश लाख दिएका छौ त्यही गर्छ । प्रदेश सरकारले एक नागरिकलाई तीन हजार रुपैया दिने भन्या थियो खै त प्रदेश सरकारको उपस्थिति हामीले त काम नदिईकन प्रदेश सरकारको अनुगमन गर्न तल राखिदियो त्यति पनि दया आएछ हजुरलाई धन्यवाद छ । आफ्नो निर्वाचन क्षेत्रमा के हुन्छ भने त्यहाको मेयरले जस लिएका छन्, त्यहाको वडा अध्यक्षले लियाछन् त्यहाका वडा सदस्यले जस लिएका छन् । राहात कसले बाड्या छ स्थानीय सरकारले बाड्या छ स्थानीय सरकारका प्रतिनीति गएका छन् । त्यति मात्र होईन दशौ हजार मान्छेको भिड लाग्या छ कैलाली, कंचनपुरको नाकाबाट ज्वरो नाप्ने हामीसँग मेशिन छैन अनि हामी रोगलाई थाम्न सक्ने कुरा गर्छ सरकारले थोरै बोलौ, थोरै काम गरौ तर राम्रो काम गरौ जे बोलौ सच्चा बोलौ झुटा नबोलौ प्रत्येक नेपाली नागरिकले प्रत्येक जनताले प्रत्येकका पल पलका त्यस्ता शब्दका मुल्यांकन गर्या छ । हामी आज यदि संघीयताका बाधक चिन्ह बन्छौ भने यही सरकारको गतिविधीले मात्र बन्छ । अन्यथा कोही पनि बन्न सक्दैन अहिले सारा तपाई फेसबुकमा हेर्नुस, पत्रपत्रिकामा हेर्नुस प्रदेश सरकार हरायो भन्या छ त्यो किन हरायो भने तपाईहरुले आफ्ना माननीय सदस्यहरुलाई काम जिम्मेवारी नदिएका कारणले गौरीफण्टा नाकामा बझाङ्गका मान्छे आउदैछन् तपाई जानुस माननीयज्यू प्रदेशको उपस्थिति देखाउन भनेर भने कुन माननीय त्यहा जादैन त्यसलाई कारवाही गर्नुस डोटीका माननीय खटाउनुस, कैलालीका मान्छेलाई खटाउनुस, बैतडिका मान्छेलाई खटाउनुस त्यहा सरकारको उपस्थिति हुन्छ मन्त्रीजी मन्त्रालयमा बसिराख्ने हामी माननीय कोरोनाको डरले मुखमा पट्टी बानेर सबैलाई अछुत मानेर घरभित्र बसिराख्ने अनि प्रदेश सरकार बदनाम हुदैन हिम्मत गर्नुस शाहस गर्नुस जाऔ रोडमा म त दिन प्रतिदिन उपस्थित हुन्छु त्यहि भएर तपाई कहाबाट आउनु भयो प्रदेश सरकार त हरायो म कहाजाउला रहर लाग्यो हेर्न आउछु मलाई त कोरोना भा छैन जनताका जनप्रतिनिधी हौ भन्ने जनताको बीचमा जान पनि

डराउने यसको मुल्यांकन प्रत्येक साथिले हाम्रो गरेको छ र यसका पछाडि मैले अगाडि नै भनि सके सारा संसारलाई अछुत बनाई दिया छ म मात्र दलित भन्या थिए यहा त क्षेत्रि बाहुन सब अछुत बनाईदियो आफ्नै परिवारबाट टाढा बनाईदिया छ सबैमा यो महारोगको विरुद्धमा हामी एकतावद्ध साथमा एकजुट भएर लागौ दुरी कायम गरौ भन्ने कुरा प्रदेश सरकारलाई सुझाव दिन पनि चाहान्छु । जातिय छुवाछुतका घटना बारेमा मेरो माननीय दाजु मान बहादुर सुनारले बोलीसक्नु भएको छ हिजो पनि हामी बोलेका छौ अब दलित हुनलाई राशन र शासन चाहिदैन कानून चाहिएको छ प्रदेश सरकारले दलित माथि हुने विभेद, छाउपडि प्रथा माथि हुने विभेद, महिला माथि हुने विभेद मुक्त समाजको निर्माण समतामुलक समाजको निर्माण गर्नका लागि प्रदेश सरकारले यो कानून ल्यावस र यो कानून ल्याएर छुवाछुत मुक्त प्रदेश बनावस यदी त्यो भएन भने यसै प्रदेशमा जान्छौ हामीले बनाएका हतियारहरु चलाएर तपाईहरु सत्तामा गयाछौ यदी दलितले चलाएको खण्डमा के हुन्छ भन्ने कुरा म च्यालेन्ज दिन चाहान्छु । हाम्रो शोषण र दमन गरिराख्ने अनि हामीलाई सानो बच्चा देखेर टफि चक्लेट खुवाएर भुल्याई राख्ने प्रथाको अन्त्य हुनुपर्छ भन्ने कुरा राख्दै विदा हुन चाहान्छु धन्यवाद ।

माननीय शुशिला बुढाथोकी :- माननीय सभामुख महोदय, आज छैटौ अधिवेशनको चौथो छलफलको क्रममा छौ यो अधिवेशनको सफलताको कामना गर्न चाहान्छु । माननीय सभामुख महोदय, महामारीको रुपमा फैलिएको कोभिड-१९ को संक्रमणका कारण विश्व अधिकांस मुलुकहरु आकान्त भएको छ नेपाल पनि अछुतो रहन सकेको छैन सभामुख महोदय, कोरोना भाईरस संक्रमणको उपचार, रोकथाम, नियन्त्रणका लागि अग्र पंतीमा रहेका अहोरात्र खटिनु हुने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, पत्रकार, जनप्रतिनीधी, कर्मचारी, स्वयंसेवक र नीजि क्षेत्र लगायत सम्पूर्ण जनसमुदाय प्रति हार्दिक कृतज्ञता प्रकट गर्न चाहान्छु । कोभिड-१९ को कारणले गर्दा ज्यान गुमाउनु हुने प्रति हार्दिक श्रद्धाञ्जली प्रकट गर्दछु र सोक संतब्द परिवारप्रति समवेदना प्रकट गर्न चाहान्छु साथै कोभिड-१९ संक्रमित प्रति शिघ्र स्वास्थ्य लाभ प्रकट गर्दछु सभामुख महोदय सैयौ देखि नेपाली भूमि लिम्फियाधुरा, लिपुलेक, कालापानीलाई नेपालको नक्शामा प्रकाशित गरिएकोमा संघीय सरकारलाई धन्यवाद दिन चाहान्छु । जाजरकोटको बरबर घटना प्रति मेरो घोरा आपत्ति छ घटनामा संलग्न जो कोही भए पनि कारवाहीको माग गर्न चाहान्छु । मृतक प्रति श्रद्धाञ्जली क्षेतिपूर्तिको माग राख्न चाहान्छु । सभामुख महोदय, आर्थिक बर्ष २०७७।०७८ को नीति सिद्धान्त, उद्देश्यमा हामी छलफल गरिरहेका छौ र यो आर्थिक मामिला तथा योजना मन्त्री झपट बहादुर बोहराज्यूले पेश गर्नु भएको छ यसमा सम्पूर्ण बुदागत रुपमा अध्ययन गर्दा खेरि यो अहिले सबै माननीयज्यूहरुले भने जस्तै पुरानै पहिला कै जस्तो छ केही यो कोभिडको कुरा मात्रै नया भएको छ र यसमा तर पनि धेरै कुराहरु राम्रो समेटिएर आएको छ त्यसलाई चाहि हामीले राम्रो सँग कार्यान्वयन गर्ने हामीले जति कामहरु गर्छौ त्यति मात्रै कुराहरु राख्न सकियो भने जनताप्रति राम्रो सन्देश जाने छ भन्ने कुरा पनि म राख्न चाहान्छु । किन भने धेरै कुराहरु हामीले राखेका छौ र कार्यान्वयनमा चाहि नगएको कुराले गर्दा प्रदेश सरकारप्रति जनताको चासो घटेको महसुस गरेको छु मैले र अर्को कुरा म के भन्न चाहान्छु भने अहिले यो कोभिड-१९ को कारण आत्तिएर बाहिर रोजगारीमा रहेका जनताहरु आफ्नो देशमा धमाधम फर्कि रहेको छ र हाम्रो नाकामा दिनहुँ हजारौको संख्यामा भित्रिरहेका छन् र उहाहरुको व्यवस्थापनमा मैले सारै कठिनाई देखिरहेको छु प्रदेश सरकारको आगनमै रहेको गौरीफण्टा नाकालाई हेर्नुभयो भने त्यहाको अस्थव्यस्थ त्यहा एउटा मानवीय व्यवहार भैरहेको छैन किन भने त्यहा आउने नेपाली दिदी बहिनी दाजुभाईहरुलाई चाहि एउटा टिप्परमा चाहि बोरा खादे झै खादिएको अवस्था छ त्यस्तो गरि वडामा लगिएको छ र त्यसमा हाम्रो प्रदेश सरकारको चाहि व्यवस्थापन गरिदिएको भए अझ राम्रो हुने थियो अझ उहाहरुलाई गन्तव्यसम्म पुऱ्याउन सकियो भने राम्रो हुने थियो मैले सुने अनुसार प्रदेश सरकारले गर्दै हुनुहुन्छ उहाहरुको यातायातको व्यवस्था गर्दै हुनुहुन्छ भन्ने सुनेको छु तर पनि त्यो टिप्परमा बोरा खादिए जस्तो गरि खादिएको मेरो आखाले देखेको यो सारै असैय छ सभामुख महोदय, र विभिन्न ईण्डियाबाट फर्किएका दाजुभाई दिदी बहिनीहरुलाई क्वारेन्टाईनको नाममा राखिएको छ र यस्तो प्रचण्ड गर्मिमा उहाहरुलाई प्रत्येक स्कुलको

कोठाहरुमा अव्यवस्थित ढंगले कोचिएर राखेको छ यस्ता गर्मिको बेलामा सर्पको बीगविगी भएको यो तराईको जिल्लाहरुको स्कुलमा हेर्न जानु भयो भने कस्तो अवस्थामा उहाहरु बसिराख्नु भएको छ र म के भन्न चाहान्छु भने संघीय सरकार र स्थानीय सरकारले जिम्मेवारी पाएता पनि हाम्रो प्रदेश सरकारको दायित्व हामीले अनुगमन सम्म गर्न पाउनु पर्छ हामीले गर्नुपर्छ र उहाहरुको जनप्रतिनिधीको हैसियतले हामीमा पनि केहि जिम्मेवारी छ त्यो चाहि प्रदेश सरकारले माननीयहरुलाई त्यो जिम्मेवारी बहन गरिदिनु भयो भने प्रदेश सरकार लगायत हामी सांसदहरुको पनि गरिमा जोगिने थियो भन्ने कुरा पनि म राख्न चाहान्छु सभामुख महोदय र मैले पहिल्यै हाम्रो लकडाउन गरिसकेपछि मैले धेरै चोटि समन्वय गर्न खोजे म यहि धनगढी उपमहानगरपालिकाको सांसदको हैसियतले मैले सरकारसँग समन्वय गर्न खोज्दा मलाई के जवाफ आयो भने यो रमाईलो गर्ने बेला होईन यो महामारीको बेला हो तपाई लकडाउनमै बस्नुस फोनबाटै समन्वय गर्नुस, फोनबाटै सहकार्य गर्नुस भन्ने जवाफ आयो मैले के भन्न चाहेको थिए भने म यो धनगढी उपमहानगरपालिकाको सांसद म यहाको जनप्रतिनिधी त्यस कारणले गर्दा मलाई चाहि यहाको अनुगमन गर्ने यहा उहाहरुसँग समन्वय गर्ने आदेश मलाई दिनुहोस भन्दा मैले त्यस्तो जवाफ पाए मैले जिल्ला प्रमुखसँग पनि समन्वय गरे मैले उहाहरुबाट पनि त्यस्तै जवाफ पाए त्यसैले गर्दा हामी जनप्रतिनीधिहरु खुम्चिएर घरभित्र सुतेर बस्ने अवस्था भयो र आम जनताको नजरमा चाहि जनप्रतिनीधी प्रदेश सरकारको जनप्रतिनिधी भनेको त एउटा भत्ता खाने व्यक्ति मात्र हो भन्ने नामले अहिले हामी चिनिइएका छौ त्यसमा पनि म त एउटा गाउँमा बस्ने र मैले एउटा झुपडीको व्यक्ति सँग भेट हुने र उहाहरुको भनाईले मेरो सारै मन दुखेको छ यो पद भनेको हुनु भन्दा नहुनु नै बेस थियो भन्ने मलाई लागि रहेको छ र सभामुख महोदय म प्रदेश सरकारलाई के भन्न चाहान्छु भने हामी जनप्रतिनिधी हो हामी जनताको माझ जान पाउनु पर्छ जनताको दुख सुखमा हामीले मलम लाउन पाउनु पर्छ भन्ने मेरो पनि अनुरोध छ यहाहरु प्रति र अहिलेको सिद्धान्त, उद्देश्यमा चाहि धेरै कुराहरु पुरानै छ त्यही पनि विदेशबाट र अहिले अझै धेरै जनताहरु हाम्रो अब यो नेपाल भित्र फर्किरहेको अवस्था छ र यसमा लेखिएको पनि छ उहाहरुलाई हामीले रोजगारीमा जोड्नु पर्छ भन्ने कुरा लेखिएको छ र यस कुरालाई चाहि प्रदेश सरकारले कार्यान्वयन गरेर पनि देखाउनु पर्छ नत्र भने अब आउने महामारी भनेको भोकको महामारी हुने छ र हाम्रो यसमा भोकले गर्दा मान्छे मर्नु भन्दा बौलाउन निको भन्ने कुरा हामी सबैलाई अवगत भएकै कुरा हो त्यस कारणले गर्दा यसमा हामी पूर्व तयारी भएर अब पहिले हामी लकडाउन हामी सबैले नबुझेको कारणले हाम्रो सरकार देखि हामी सबैमा गल्ती भयो होला हुन पनि सक्छ र अबको दिनहरुमा हामी पूर्व तयारी भएनौ भने हामीले चाहि गल्ती भयो हामीबाट भुल भयो भन्ने कुरा भनेर हामी पन्छिन पाउने छैनौ त्यस कारणले हामी सरकार लगायत हामी सांसद अहिले झगडा गरेर बस्ने बेला छैन हामी सबै मिलेर योजना बनाएर जनताको धनजनको ग्यारेन्टिमा लाग्नु पर्दछ भन्ने कुरा राख्दै म यो अधिवेशनको सफलताको कामना गर्दै सरकारलाई यो विधेयक ल्याएकोमा धन्यवाद दिदै विदा हुन्छु धन्यवाद ।

माननीय अम्बी कुमारी थापा :- माननीय सभामुख महोदय, हामी पाचौ अधिवेशन बीचमै लकडाउनको कारणले स्थगित भएर छैटौ अधिवेशनको दौडानमा छौ छैटौ अधिवेशनको म सम्पूर्णलाई शुभकामना दिन चाहान्छु । आर्थिक बर्ष २०७७०७८ को विनियोजित विधेयकका सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीति माथि हामी छलफल गर्न गैरहेका छौ यसमा छलफल गर्दै गर्दा अहिले विश्व नै त्रायमान अवस्था कोभिड-१९ कोरोना भाईरसले विश्व नै त्रायमान भैरहेको अवस्थामा नेपालमा पनि संक्रमितको संख्या दिनानुदिन बढ्दै गैरहेको छ र यस रोगबाट नेपाल भित्रै पनि हाम्रा ४ जना मानिसले ज्यान गुमाइरहेको अवस्था छ । त्यसैले यो रोगबाट ज्यान गुमाउनेहरु प्रति म हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहान्छु । उहाको सोकाकुल परिवारजनमा गहिरो समवेदना व्यक्त गर्न चाहान्छु । यस रोगकै नियन्त्रणको लागि खटिईनु भएका वडा अध्यक्ष कंचनपुरका कल्लु राना प्रति म हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहान्छु र यो रोगबाट ग्रसित हुनु भएका सम्पूर्ण नेपाली आमाबुवा तथा दाजुभाई देश विदेशमा रहनु भएका सम्पूर्णलाई शिघ्र स्वास्थ्य लाभको कामना गर्न चाहान्छु ।

अहिले हाम्रो जिम्मेवारी थपिएको छ त प्रदेश सरकारको जिम्मेवारी गैरजिम्मेवारीको रुपमा काम गरिरहेको अवस्थामा हामीले देखि रहेका छौ किन भने अहिले दिनानु दिन प्रतिदिन भारतबाट थुप्रै मान्छेहरु नेपाल भित्रिरहेको अवस्था छ । प्रदेश सरकारका प्रमुख मुख्यमन्त्रीलाई हामी नेपाली कांग्रेस संसदीय दलका माननीयहरु गएर कि क्वारेन्टाईनको व्यवस्था गर्नुस नभए किटको व्यवस्था गरेर नेपाल भित्रिने नेपालीहरुको लागि स्वास्थ्य परिक्षण गर्ने अवस्था सृजना गर्नुहोस भनेर कुरा गर्दा उहाले गैरजिम्मेवारी ढंगबाट हामीलाई अभिव्यक्ति दिनु भएको छ । मलाई लाग्छ हामी केहि गर्न सक्दैनौ यहा क्वारेन्टाईनको व्यवस्था गर्न असम्भव छ र किटहरु पनि हामीले प्रसस्त मात्रामा आएका जनताहरुलाई जति भित्रिएका छन् तिनिहरुलाई हामी उपचार गर्न सक्दैनौ भन्ने कुरा उहाले बोल्नु भयो त्यसमा मेरो हामी प्रदेश सरकारप्रति कति हामीले आशा गरेका कुराहरु प्रति कति हामी आश्रीत र कति जनताहरु आश्रीत भए भन्ने कुराहरु मैले महसुस गरे किन भने हामी प्रदेश सरकारका प्रमुख हामी प्रदेश सरकारका मन्त्री हुदै गर्दा तपाईहरुलाई यो टेबुलमा र तपाईहरुलाई यो कुर्चिमा पुऱ्याउने नेपाली जनता हुन यो हामीले महसुस गर्न जरुरी छ किन भने हामी अहिले जनताले पुऱ्याएर मुख्यमन्त्री, मन्त्री बनेका छौ यिनै जनताले भोट हालेर हामी प्रदेश सभाका सदस्य बनेका छौ हामी जनताप्रति उत्तरदायी र जनताप्रतिको कर्तव्य हामीले बुझ्न सकेनौ भने भोली कुनै दुर्घटना हुन सक्छ त्यो कुरा हाम्रो प्रदेशका मन्त्रीमण्डलका मन्त्रिहरुले बुझ्नु भएको छ कि छैन यो कुराको म प्रश्न गर्न चाहान्छु किन भने अहिले देशमा स्थानीय तहको थुप्रै जिम्मेवारी छ स्थानीय तहमा भ्याई नभ्याई जनताहरु त्यहा कोचि कोचि एउटा विद्यालयमा त्यहा व्यवस्था छैन विद्यालयमा जनताहरुलाई राखिरहेको अवस्था छ । प्रदेश सरकारको पनि ध्यान जान जरुरी छ त्यसैले हामी प्रदेश सरकारका हिजो नै हाम्रो स्वास्थ्यमन्त्रीले भन्नु भयो प्रदेश सरकारले थुप्रै व्यवस्था गरेको छ नेपाल भित्रिएका जनताहरुका लागि खाना देखि उहालाई यातायात सम्मको व्यवस्था गरेका छौ भन्नु भएको छ । कति जनालाई यातायातको व्यवस्था गरेर यहाले सम्बन्धीत जिल्लामा पठाउनु भएको छ त्यसको पनि हामीले जानकारी पाउँ भन्ने कुरा म राख्न चाहान्छु र कतिजनाले खानाको व्यवस्था गरेर कति जनालाई उहाले खाना खुवाउनु भएको छ त्यो कुरा हामीले मिडियामा पनि देख्न पाएका छैनौ त्यो कुरा काहि संचार माध्यममा पनि हेर्न पाएका छैनौ कसैले गरेका छन् भने व्यक्तिगत रुपमा गरेका छन् कसैले गरेका छन् भने होटेल व्यवसायीहरुले गरेका छन् । त्यसैले प्रदेश सरकारले यस्ता झुटा कुराहरु यी रोष्टममा झुटा कुरा बोल्न पाइदैन तपाईहरु सचेत हुनुस अब मन्त्रीज्यू तपाईहरुले थुप्रै आश्वासन दिएर थुप्रै जनताहरुलाई तपाईले धेरै आसवासन दिईसक्नु भएको छ अब तपाईका आश्वासन प्रति जनताहरुले प्रश्न चिन्ह खडा गर्ने अवस्था भएको छ । त्यसैले म भन्न चाहान्छु प्रदेश सरकारका मन्त्रीहरुले बोल्दा अल्ली जिम्मेवारी ढंगबाट बोल्नु पर्छ अस्थि नै हाम्रो प्रदेश सरकारका जिम्मेवार मन्त्रीले नै भन्नु भयो लिपुलेक र लिम्पियाधुराको बारेमा म त्यसको बारेमा खेत आपत्ति जनाउन चाहान्छु किन भने लिपुलेक र लिम्पियाधुरा हाम्रो सम्बन्धित प्रदेशको भूमि हो हामी त्यस प्रदेश भुमिका बासिन्दा हौ त्यसैले हामीले बुझ्न जरुरी छ हामी यो त्यो भूमिलाई अहिले नेपाल सरकारले नक्शा ल्याइरहदा एकदम खुशियालीको रुपमा हामीले मनाउनु पर्छ नेपाल सरकारलाई म धन्यवाद दिन चाहान्छु । हामी सम्बन्धित प्रदेशका मन्त्री भएकोले यस्ता गैरजिम्मेवारी कुराहरु तपाईले नगरिदिन म अनुरोध गर्न चाहान्छु । अब अहिलेको यो हामीले विनियो सिद्धान्त, उद्देश्य र प्राथमिकता र प्रमुख नीतिमा छलफल गर्दै गर्दा विगतमा गरेका कामका पनि समिक्षा गर्न जरुरी छ जस्तो लाग्छ मलाई विगतमा हामीले के गर्यौ विगतका दिनमा हामीले के बोलेका थियौ । बोलेका कुराहरु कति कार्यान्वयन गर्यौ । बोलेका कुराहरुलाई कति कार्यान्वयन गर्न सक्यौ । सुशासन देखि लिएर हामीले थुप्रै कुराहरु ल्याएका थियौ । खै सुशासन कहा छ कहा छ सुरक्षा, कहा छ शान्ति अहिले जता ततै मान्छे मारिएका छन्, बलत्कृत भएका छन् खै प्रदेश सरकार बोलेको प्रदेश भित्र कै महिलाहरु बलत्कृत भएका छन् खै प्रदेश सरकाले एउटा दोषीलाई कारवाही गर्न सकेको थुप्रै मान्छेहरु मारिएका छन् खै प्रदेश सरकार सुतेर बसेको त्यही भएर हामीले अब आफ्नो जिम्मेवारी बहन गर्नका लागि अग्रसर हुनुपर्ने अवस्था आएको छ । त्यसैले म के भन्न

चाहान्छु भने प्रदेश सरकारका मन्त्रीहरुलाई आफ्ना कार्यकर्तालाई र आफ्नो नजिकको नातेदारलाई मात्रै सिमित गरेर यो प्रदेशका तपाई ७ नं. प्रदेश सरकारका ९ वटा जिल्लाको मन्त्री हो तपाईले बुझ्न जरुरी छ अब अबका दिनमा तपाईहरुले बुझेर जान जरुरी छ । किन भने तपाईले जुन आफ्नो नजिकको मान्छे जुन आफ्नो नजिकको मान्छे हो जुन नजिकको कार्यकर्ता हो उसलाई मात्रै संरक्षण गरेर अहिले सम्म गैरहेको कुरा हामी सबैलाई अवगत नै छ अहिले प्रतिपक्ष सत्तापक्ष भन्ने यो रोष्टममा बोल्दै गर्दा कुन प्रतिपक्ष कुन सत्तापक्षँ भन्ने कुराहरु छुट्याउनै गारो भएको छ तपाईहरुका कारणले भएको हो यो हाम्रा कारणले भएको होईन तपाईहरुले पटक पटक यो कुराहरु गर्दा पनि तपाईहरुले सुन्नु भएन तपाईहरुले अहिले सम्म पनि तपाईहरु सुन्नुहुन्न भने यो प्रदेश सरकार धरापमा जान्छ यती कुरा बुझ्न जरुरी छ म भन्न चाहान्छु । अर्को कुरा जुन हामीले हाम्रा पहिलाका नीति तथा कार्यक्रममा चालु बर्षको नीति तथा कार्यक्रममा कुरारुमा हामीले कतिवटा उद्योगहरु संचालन गर्यौ, हामीले उद्योगका कुरा राखेका थियौ कतिवटा उद्योगहरु अहिले कहा संचालन भैरहेका छन् त्यो उद्योगहरु कहा हामीले देख्न पाएका छैनौ प्रदेश सरकारका हामी प्रतिनिधीहरु हु प्रदेश सभाका माननीय हु हामीले त्यो उद्योगहरु संचालन भएको ठाउँ जिल्ला र स्थान हामीले कहा रहेको छ त्यो कुराको जानकारी पाउँ भन्ने म राख्न चाहान्छु । युवाहरु स्वरोजगारका कुरा गर्नु भएको थियो अब मुख्यमन्त्रीले रोष्टमबाटै बोल्नु भएको थियो अब विदेशमा कुनै युवाले गएर रोजगारीको शिलशिलामा विदेश जानु पर्दैन यो देशमा यो प्रदेश मै मैले रोजगारीको व्यवस्था गर्ने छु भनेर बोल्नुभ एको थियो कति जनालाई रोजगारी लगाउनु भयो त्यो कुराको पनि आज हामीलाई यो रोष्टममा लिखित कुराहरु चाहिन्छ अर्को बोल्नु भएको थियो सुपथ मुल्यका पसलहरु प्रत्येक स्थानीय तहमा सुपथ मुल्यका पसलहरु भन्नु भएको थियो स्थानीय तहमा देखेका छैनौ कुन जिल्लामा लागु गर्नु भएको छ त्यसको पनि हामीलाई लेखाजोखा चाहिन्छ कृषक आत्मनिर्भर कृषक बनाउने भन्नु भएको थियो कतिजनालाई आत्मनिर्भर बनाईसक्नु भएको छ कृषिमा अहिले सम्म त्यो कुराको पनि हामीलाई अभिलेख चाहिन्छ । अढाई बर्षको बजेट आउदा पनि किन अहिले सम्म बढाईबर्षको बजेट ल्याउदा पनि हामीले प्रदेश योजना आयोग बनाउन सकेनौ किन प्रदेश योजना आयोग बनाउन सकेनौ भन्दै गर्दा हामी योजना आयोग बनायौ भने हामी भ्रष्टाचार गर्न पाउदैनौ हामी योजना आयोग बनायौ भने हाम्रा कार्यकर्तालाई सिमित कार्यकर्तालाई दिने बजेट पाउदैनौ भनेर योजना आयोग गठन गरेजस्तो देखिन्छ त्यसैले मन्त्रीज्यू मैले तपाईलाई विनम्रतापूर्वक अनुरोध गरे छिटो भन्दा छिटो योजना आयोग गठन गर्नुहोस र तपाईको कार्यकाल भित्र योजना आयोग गठन गरेका कुराहरु प्रदेश बासिलाई सुनाउनुहोस अरु कुराहरु अहिले यो नीति तथा कार्यक्रममा कुराहरु अति उत्तम छन् लेखेका कुराहरुमा अति सुन्दर छन् लेखेका कुराहरु अक्षरमा मात्र सुन्दर भएर हुदैन हामीले कार्यान्वयनको बाटोमा कति लैजाने र कार्यान्वयन कति गर्यौ भन्ने कुरा पनि हामीले सोच्न जरुरी छ । अब शुन्य भ्रष्टाचारका कुराहरु ल्याउनु भएको थियो अहिले सम्म कति भ्रष्टाचारका कुराहरुलाई तपाईले नियन्त्रण गर्नु भएको छ त्यसैले हामी अब जिम्मेवारी ढंगले अगाडि बढ्न जरुरी छ हामी प्रदेश सभाका मन्त्री हुदै गर्दा हामी प्रदेश सभाका माननीय हुदै गर्दा हामीले जनतालाई दिने कुराहरु र जनतालाई भन्ने कुराहरुको हामीलाई कुनै जवाफ छैन प्रदेश सरकार कहा छ भने अहिले सम्म प्रदेश सरकार सुतेको छ भन्ने बाहेक अरु जवाफ हामीसँग छैन त्यसैले भारतमा विचल्ली भएका हाम्रा नेपाली दाजुभाई तथा दिदीबहिनीहरुको प्रदेश सरकारले अझै पनि व्यवस्था गर्न जरुरी छ अझै पनि थुप्रै नेपाली दाजुभाई तथा दीदिबहिनीहरु नाकामा अलपत्र परेका छन् र नेपालमा आउने क्रममा भाइङ्कर दुख पाइरहेका छन् यो प्रदेश सरकारले सोच्न जरुरी छ प्रदेश सरकारको यसमा विशेष ध्यान जावस भन्ने कुरा म राख्न चाहान्छु । अब हामीले थुप्रै कुराहरु गर्दैगर्दा प्रदेश सरकारमा भएका घटनाहरु मात्रै हैनन म यो हाम्रो रुकुम र जाजरकोटमा भएको घटनाको पनि एकदमै घोर विरोध गर्न चाहान्छु एउटा जातिय नारामा एउटा जातियताको नारामा यस्ता घटनाहरु घट्ने संविधानमा व्यवस्था भैरहेको छ । संविधानमा लेखिएकाछन् संविधानमा लेखिएका कुराहरु पनि हाम्रा कार्यान्वयन भएका छैनन त्यसैले जातिय नाराले जातिय एउटा प्रेम गरेकै नाताले मारिनु

भनेको एकदम विडम्वना कुरा हो यसका लागि म घोर विरोध गर्न चाहान्छु र मृतकप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै सोकाकुल परिवारजनमा गहिरो समवेदना व्यक्त गर्न चाहान्छु भन्दै आफ्ना कुरा यही राख्दै विदा हुन्छु धन्यवाद ।

माननीय बल वहादुर सोडारी :- माननीय सभामुख महोदय सर्व प्रथम म छैटौ अधिवेशन तथा आर्थिक बर्ष ०७७।०७८ को बजेटको सफलताको शुभकामना व्यक्त गर्न चाहान्छु । माननीय आर्थिक मामिला तथा योजना मन्त्रीज्यूले टेबुल गरेको आर्थिक बर्ष ०७७।०७८ को बजेटको पूर्व सन्ध्याको नीति तथा कार्यक्रम माथि छलफल भैरहदा मैले यसमा धेरै बोल्नु पर्ला जस्तो लाग्दैन किन भने धेरै माननीयज्यूहरुले हाम्रा महेश जोशी लगायतका माननीयले जो भन्नु भो मेरो धारणा पनि त्यस्तै छ र त्यसैले म सफलताको कामना गर्न चाहान्छु । र म चालु आर्थिक बर्षको हामीले त यहा प्रत्येक मन्त्रीज्यूहरु र मन्त्रालयका सचिवज्यूहरुसँग बसेर समिक्षा गर्यौ प्रगति विवरण लियौ र सबै मन्त्रीज्युहरु र मन्त्रालयका सचिवज्यूहरु, मातहतका कर्मचारीज्यूहरुले आ-आफ्नो मन्त्रालयको प्रगति विवरणमा २२ देखि ३२ प्रतिशत सम्म हामीले प्रगति गरेका छौ र ५५ देखि ६० प्रतिशत सम्म हामीले लक्ष्य राखेका छौ भन्ने सुन्यौ र हामी उक्त लक्ष्य प्राप्तीमा हाम्रो मन्त्रालय पुगोस भन्ने हामी धारणा हामीले यतिबेला पनि राख्यौ र अहिले पनि राख्न चाहान्छौ तर आदणीय सभामुख महोदय हामी २०७४।७५, ०७५।०७६, ०७६।०७७ का बजेटहरुमा अहिले सम्म हामी कुनै ठाउँमा सन्तुष्ट छैनौ हुन त मन्त्रीज्यूहरुले केहि गर्नु भएको छैन यो सुदूरपश्चिम प्रदेशले केहि गरेको छैन मन्त्रालयले केहि पनि गरेको छैन भन्ने होईन यहा धेरै कामहरु भएका छन् उहाहरुले धेरै काम गर्नु भएको छ २०७४।०७५ मा सचिव लगायतका व्युरोकेसिका कर्मचारीहरु उहाहरुको आधा कलेजो खायो । ०७५।०७६ मा हाम्रो सत्तापक्षका सांसदहरुले हस्ताक्षर संकलन गरेर गद्दी डगमडायो अहिले विश्व महामारीका रुपमा फैलिएको मानव हिंसक कोरोना भाईरसले हामी सबै नेपालीहरुको मुटु खाईरहेको बेलामा मन्त्रीजीहरुको पनि मुटु डगमगाएकै छ त्यसो भएको हुनाले हामीले यतातर्फ जान जरुरी छैन तै पनि हामी चालुक आर्थिक बर्ष २०७६।०७७ को बजेटका विषयमा अहिले सम्म अख्तियारी जादै छन् र योजनाका सम्झौता भएका छेनन अब त्यो कहिले कार्यान्वयन हुन्छन कार्यान्वयनका चरणमा कहिले जान्छन् यदि गयो भने म सरकारलाई एउटा आग्रह गर्न चाहान्छु ती योजनाहरुमा निरन्तरता दिनु पर्छ । ठिक छ यो प्रदेश सरकारबाट विनियोजन गरेका योजनाहरुमा निरन्तरता जान सक्छ प्रदेश पूर्वाधार विकास योजनाका कार्यक्रममा के हुने त्यसको बारेमा स्पष्ट हुन र सरकारले सोच पुर्याउन जरुरी छ जस्तो मलाई लागि रहेको छ जो प्रदेश पूर्वाधार विकास कार्यक्रमहरु सम्झौता भएका छैनन प्राविधिकहरु जिल्लामा पुगेका छैनन । यहाबाट सम्झौता गर्न आईजा डकोमेण्ट लिएर आईजा मोवाइलमा पठा म्यासेन्जरमा पठा भनेर फोन गरिराख्या छन् यस्तो अवस्था छ त्यो भयो भने माननीयहरु र त्यहाका जनताहरुका कुरा लिएर त्यहाका जनताहरुको गाली खाएर हामी माननीयहरु मन्त्रालयमा गएर मन्त्रीज्यूहरुसँग गएर के भन्ने छौ त्यो कुरामा पनि विचार पुर्याउनु पर्दछ र अर्को कुरा सब भन्दा जटिल कुरा भनेको सभामुख महोदय, यो विश्व महामारीको रुपमा फैलिएको कोरोना भाईरसका कारण भारतबाट नेपाल भित्रिने क्रम जारी हुनु भन्दा अगाडि पलिया र यो रामपुर लगायतका क्षेत्र यो बर्डर क्षेत्रमा बसेका नेपालीहरुले हामीलाई कन्ट्याक्ट गरेर दिनका विसौ फोनहरु आउने हाम्रो उद्धार कसरी हुन्छ र हामी आफ्नो जन्मभुमिमा कसरी आउन पाउछौ त्यसको व्यवस्था प्रदेश सरकारले के गरेको छ भन्ने बारेमा म जेष्ठ २ गते म एकदम शिवनगरको छेउमा बस्छु जेष्ठ २ गते साढे ९ बजे पैदल हिडेर मुख्यमन्त्रीज्यूकोमा ११ बजेर २ मिनेटमा मुख्यमन्त्री कार्यालयमा पुगेको छु । डेढ घण्टा लगाएर त्यहा मुख्यमन्त्रीज्यूसँग मैले भेट गरे मुख्यमन्त्रीज्यू हाम्रा विदेशबाट आउन लागेका भारतबाट आउन लागेका दाजुभाईहरु प्रति ती नागरिकहरु प्रति के सोच्नु भएको छ यो सरकारले के सोचेको छ । यसका लागि के निष्कर्षमा जाने र हामीले ती जनतालाई के भन्ने भन्दा मुख्यमन्त्रीज्यूले के भन्नु भो भन्दा खेरि यो लकडाउन भनेको हामीले गरेको लकडाउन होईन केन्द्रिय सरकारले गरेको लकडाउन हो तर हामी लागिरहेका छौ अब ५ गते सम्म रोकौ त्यस पछाडि केहि न केहि निष्कर्ष

निश्केला हामी मन्त्रीहरुले पनि त्यसलाई माथि पठाई रहेका छौ तर हामीलाई एउटा आरोप लागेको छ लकडाउनको लगत्तै जो एक चरणमा हामीले २० वटा गाडि पठायौ ती २० वटा गाडि पठाउदा सुदूरपश्चिमका उत्ताउलाहरु भनेर हामीले प्रधानमन्त्रीबाटै लागि खाएका हुनाले हामीले त्यसको विषयमा सोच्दै छौ र गरिरहेका छौ त्यही ढंगले तपाईहरु पनि जानुहोला भनेर उहाले भन्नु भयो मैले पनि त्यहि ढंगले सन्देश गरेर हामी साथिहरु पनि बस्यौ सत्तापक्ष, प्रतिपक्ष सबै सांसदहरुले सल्ला गयौ यिनिहरुको उद्धार हुनुपर्छ बरु हामी आधा महिना हाईन, एक महिना होइन, दुइ महिना, तीन महिना, चार महिना सम्मको पनि रकम काटेर भए पनि उहाहरुको उद्धार हुनु पर्छ भन्ने हामीले राख्यौ तर हाम्रो सरकार केटाकेटी पसेछ केन्द्रिय सरकारले कुनै निर्णय विदा त्यो बैठक स्थगित भएछ समाप्त भएछ अनि मैले हाम्रा केहि मन्त्रीज्यूहरुसँग सोधे अब उहाहरुले निशुल्क पठाउने चेकजाच गर्न सक्ने क्वारेन्टाइनको व्यवस्था छैन त्यसो भएको हुनाले आफ्नो आफ्नो क्षेत्रमा गएर आफ्नो आफ्नो पालिकामा गएर आफ्नो पालिकाहरुसँग सल्लाह गर्ने बरु आवत जावतको व्यवस्था हुदैछ सरकारले भन्ने भै सकेपछि मैले केहि दिन पछाडि हाम्रो सामाजिक विकास मन्त्रीज्यूसँग फोन गरे उहाले के भन्नु भयो भने मेरो जिम्मा त अरु व्यवस्थापन हो तर यातायातको जिम्मा हाम्रो पूर्वाधार विकास मन्त्रीज्यूको हो भनेपछि मैले पूर्वाधार विकास मन्त्रीज्यूलाई पनि फोन गरे उहाले भन्नु भयो माननीयज्यू मैले २० वटा गाडि चैत्र ११ गते पठाएको पनि पैसा नदिएको यातायातलाई र त्यस पछाडि ७-८ गते ८ वटा गाडि पठाएको पैसा नपाएको हुनाले अहिले हामीलाई नगद रुपैया चाहियो तेल हाल्ने पैसा छैन हामी लिन सक्दैनौ भन्ने ढंगले यातायातका मान्छेहरुले भनिसकेपछि मैले त्यसको जिम्मा व्यक्तिगत तरिकाले कसरी लिने भन्ने कुराहरु समेत उहाले गर्नुभयो र त्यस पछि हामी आन्तरिक मामिला मन्त्रीज्यूसँग पनि हामीले सल्लाह गर्यौ के भैराछ यस विषयमा भन्दा उहाले भन्नु भो हाम्रो यो राहत कोषमा यातायात भन्ने शिर्षक नै छैन र अरु हामी व्यवस्था गर्न सक्छौ हामीले अहिले खाना पिनाको व्यवस्था र त्यहा आएका दाजुभाईहरुलाई गाडिको फोन कन्ट्याक्ट गराएर पठाई दिने कार्यकर्तालाई सल्लाह दिएका छौ भन्ने कुरा भयो र हामीलाई आपत्तिको विषय के हो भन्दा खेरि किन गरिएन भन्दा ती ८ गाडि र २० गाडिहरु कस्का हुन ती मन्त्रीज्यूका हुन कि कुनै पावरवाला माननीयका हुन र अरु ठाउँ किन भएन यसको रकम कम पर्छ प्रदेश सरकारको रकम कम पर्छ भने हामी हाम्रो पारिश्रमिकबाट सबै माननीयज्यूहरुको जसरी हामीले आधा महिनाको घटाएका छौ त्यसरी अरु घटाउन सकिन्छ भन्ने हाम्रो मान्यता हो त्यसो भएको हुनाले जो १६ करोड रुपैया जो हाम्रो सरकारले पठायो त्यो स्थानीय तहमा गयो त्यो राम्रो तरिकाले गएन, त्यो राम्रो तरिकाले वितरण भैरहेको छैन त्यहा अनैतिक तरिकाले पाउनेले नपाउने नपाउनेले पाउने गरेका छन् । त्यो रुपैयाको सदुपयोग अहिले भएको भए सदुपयोग हुने थियो गर्न सकेन अब वितेका कुराहरु पट्टी हामी जानु भएन यस भन्दा पछिका दिनहरुमा अब यी विदेशबाट आउने दाजुभाईहरु र क्वारेन्टाईनको व्यवस्था नभएका जिल्लाका ईण्डियाबाट गएका दाजुभाईहरुलाई बस्नको व्यवस्था स्थानीय तहले जानि नजानि गरिहेका छन् अब प्रत्येक जसरी ९९ पालिकालाई १६ करोड रुपैया पठायौ त्यो सही ढंगले हाम्रो क्वारेन्टाईनको व्यवस्था स्थानीय तहले गर्नका लागि बजेटको आवश्यक अथवा किटको आवश्यक के के आवश्यक पर्छ प्रत्येक जिल्लामा त्यही ढंगको होस भन्ने म सुझाव दिन चाहान्छु र अन्तमा यो कोरोना हिंसक मानवहिंसक कोरोना महामारीबाट मृत्युबरण गर्नु भएका नागरिक दाजुभाई दिदीबहिनीलाई श्रद्धाञ्जली व्यक्त गर्न चाहान्छु र क्वारेन्टाईन र आईसोलेकनमा बसेका सम्पूर्ण दाजुभाई दिदीबहिनीहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्न चाहान्छु अन्तमा लकडाउनको नियमको परिपालना गर्दै आफु बचौ र अरुलाई बचाऔ भन्दै म आफ्ना भनाईहरु अन्त्य गर्न चाहान्छु धन्यवाद ।

माननीय चुन कुमारी चौधरी :- माननीय सभामुख महोदय यो २०७७०७८ आर्थिक बर्ष बजेटको विधेयक उपर छलफलका क्रममा छौ । यो छलफलको क्रममा यो प्रदेश सभाले ल्याएको सरकारले ल्याएको बजेटको बारेमा फेरी पनि म व्यक्तिगत तर्फबाट हार्दिक धन्यवाद दिन चाहान्छु । यो विश्वमा रहेको कोरोना भाईरस

एउटा नेपालमा अछुतो रहेन अहिले सबै भन्दा चुनौतिको रुपमा देखिएको कोरोना भाईरस यो अब सबैले सर्तक भएर लाग्नु पर्ने स्थिति देखिएको छ । माननीय सभामुख महोदय यो हाम्रो नेपालमा पनि तिब्र रुपमा दिनहु दिन बढीरहेको अवस्था छ । यो कोरोना भाईरस र संक्रमित आदणीय दाजुभाई दिदीबहिनी तथा आफ्ना कामको शिलशिलामा पनि धेरै स्वास्थ्यकर्मी लगायतका धेरै आदणीय व्यक्तित्वज्यूहरु नेपाल र बाहिर यो देशमा ज्यान गुमाएकाहरु प्रति हार्दिक श्रद्धाञ्जली प्रकट गर्न चाहान्छु र संक्रमित व्यक्ति प्रति शिघ्र स्वास्थ्य लाभको कामना गर्न चाहान्छु यो अहिले सबै भन्दा चुनौति रहेको कोरोना भाईरस हामी सुदूरपश्चिमका जनप्रतिनिधी ५३ जना माननीय मन्त्री सहितका ५३ जना छौ अहिले सरकार सँगसँगै हामी पनि माननीयहरुले हापहापि भएको छ जनतालाई जवाफ दिनका लागि धेरै माननीयहरुको एउटै भ्वाईस भैरहेको अवस्था छ कि हामीहरुलाई नेपाली जनताले यो ठाउँमा सुदूरपश्चिमको अभिभावक बनाएर पठाएको छ तर अभिभावकको भूमिका हामी जुन प्रकारले गर्नु पर्ने थियो त्यो हामीबाट भएको अवस्था छैन त्यसैले म सुदूरपश्चिम सरकारलाई पहिलो शुरु यो मन्त्रीपरिषद्को बैठक बस्नु भन्दा अगाडि जब लकडाउन भैरहेको थियो हामी ५३ जना यति सत्तापक्ष, विपक्षका माननीय हामी अब कुन तरिकामा जानु पर्छ यदि हामी फोनबाट नै एउटा बैठक सुझाव लिएर जादा भविष्यका लागि हामी कसरी जाने भनेर छलफल भएको भए सबै माननीयलाई जिम्मेवारी दिदा यस्तो अवस्था नआउने थियो जस्तो लाग्छ । मन्त्रीज्यूहरुको टाउको मात्रै लिएर तपाईहरुको सरकारको के देखियो कि मन्त्रीपरिषद् बैठक बस्नु भयो यो पुरानो सैली ढर्रामा जो हामी अहिले काम गरिराछौ २-३ बर्षको दौरानमा अहिलेको यो प्रदेश सरकारको हैकमवादी देखियो यो यदी प्रदेश सरकार जिम्मा नदिईकन आखिर माननीय भनेको यो प्रदेश सरकारको यदी सरकार पक्षका सरकारका सुदूरपश्चिमका कम्युनिष्ट पार्टीका यति धेरै माननीय विपक्षको त कुरा छोडिदिनु तर कसैको सुनुवाई भएन सबैलाई तपाईहरु हेलचक्राई गरेर जिम्मेवारी अबहनभूमिका निवाउनु भयो । म के भनु तपाईलाई धन्यवाद दिन चाहान्छु यसका बारेमा जवाफ दिनका लागि साहेद हाम्रो आदणीय गृहमन्त्री भनु कि आन्तरिक मामिला मन्त्री उहालाई कति भन्ने त्रिलोचन भट्टलाई कति मैले फोन गरेर घचघचाएको छु तर कसैले सकेन हाम्रो सुदूरपश्चिमको मुख्यमन्त्रीज्यू र यो यस्तो कुरामा हामी हास्नु भन्दा अहिले दिनहुँ सुदूरपश्चिमको सबै नाकामा सबै भन्दा बढी गौरीफाण्टाको नाकामा कम्तिमा ५ हजार ६ हजार दिनहुँ जनता आईरहेको अवस्थामा फेरी पनि हामी जिम्मेवारी बहन गर्न अहिले पनि केहि गरेको अवस्था देखिन । हामी यहाबाट पंखा एकछिन बत्ति जादा कति छटपटाउछो हाम्रा सुदूरपश्चिममा आदणीय दाजुभाई दिदीबहिनी त्यो पनि गर्ववती साना बच्चा भएका पनि छन् तर कस्तो अवस्था छ मजदुर भनेको हामी मजदुरकै रुपमा हेरेको अवस्था देखिन्छ सरकार तर उहाहरुलाई टिप्परमा ल्याउने, ट्याक्टरमा ल्याउने तर केही पहाडका आदणीय साथिहरुले चाहि बसमा लगिराख्नु भा छ तर त्यहि सँग सँगै हामी हिड्छौ गाडिमा म मोटरसाईकलमा हिड्दा पनि सँग सँगै २-४ वटा टिप्पर ट्याक्टरमा गैराखेको अवस्था देखिन्छ । तिनिहरुलाई ठाउँमा काही आधि घण्टामा रोक्ट कहि एक घण्टामा रोक्छ कति छटपटाउनु हुन्छ उहा प्यास लाग्छ पानि छैन अनि ठाउँमा सुरक्षाकर्मीहरु चेक गरेको अवस्था हुन्छ हामीले के गरौ भने पछि अबको गाली गर्नु भन्दा अब दिन कसरी जाने त स्थानीय तहले बोकि राखेको छ बोक्दै क्रममा पनि हामी सँग नगरपालिकामा कतिवटा गाडि छ त गाडि विभिन्न हाईसहरु छ, बस छ तर त्यो मार्फत उहालाई तेल हालेर हुन्छ कि यदी उहाहरुले पनि माईण्ड गर्दैन जस्तो लाग्छ हामीहरुको सम्पर्क र कोडिनेशनले गर्दा हामी पछाडि परेको देखिन्छ । त्यसैले हामी यो माध्यमबाट उहाहरुको मानवताको रुपमा हामी चाहि अभिभावकको भूमिका निभाउनको लागि यो कदम अगाढी चाल्नको लागि मैले हार्दिक अनुरोध गर्छु । अस्थि हाम्रो मन्त्रीहरुसँग छलफल गर्ने क्रममा पनि त्यही कुरा भा थियो अब टिप्परमा नबोकु, ट्याक्टरमा नबोकु एउटा हाईसमा भएनी, एउटा ट्याम्पुमा भए पनि उहाहरुलाई लैजाऔ तर यस्तो छटपटी घाममा नराखौ उहाहरु लुगा खोलेर पुरै त्यत्तिकै हिडिरहेको अवस्था छ यस्ता कुराहरुमा हाम्रो पहिलो नम्बरमा ध्यान जानु पर्छ र स्वास्थ्य उपकरणहरु अहिले हामीसँग किट छैन यति धेरै जनता आईराख्नु भा छ अब एकदमै

कदम चाल्नु पर्ने संघीय सरकारले ४ हजार कति किट पठाउछ जो कुरा आईरहेको छ त्यतिले मात्रै हाम्रो सुदूरपश्चिममा पुग्दैन सुदूरपश्चिम भनेको सबै जनता असर गरेर फैलिएको परिस्थितिले देखायो कोरोना भाईरसले हामी हाम्रा नेपाली दाजुभाई भनेका सबै ईण्डियामा बस्दा रहेछन तर दिनहुँ यति आउदा पनि आज एक दिन नाका खोलौ आज सकिन्छ भोली नाका खोल्यौ अब कम हुन्छ तर त्यत्तिकै अझ बढीरहेको अवस्था छ । अब हामी गहिरो रुपमा लाग्न पर्ने स्थिति देखियो त्यसैले स्थानीय निकायमा जो हामीहरुको समानन गर्ने बेलामा मन्त्रिपरिषद्बाट बैठक गरेर जो हामी राहात पठायौ त्यतिबेला पठाउने बेलामा पनि थुप्रै चुक्नु भो तपाईहरु त्यो कार्यविधि बनाउने बेलामा मन्त्रीहरु बसेर प्रदेशका माननीय ५३ जना माननीय थिए के को लागि पछाडि र तलको भागमा एउटा अनुगमन मात्रै किन लेख्नु भो के खोई त स्थानीय निकायले त्यो ठाउँमा राहात वितरण गरिराख्नु भा छ त्यो ठाउँमा माननीयहरुले जान नपाउने सोध्दा देरि तपाईहरुलाई केहि पनि भन्या छैन घर बस्नुस भन्ने धेरै कुरा आईरहेको अवस्था हामी चाहि घर बस्नका लागि होईन माननीय हामी जनताको जनप्रतिनिधी हो अभिभावकको भूमिका निभाउनु पर्छ आदणीय सभामुख महोदय, यो प्रदेश सरकार त्यतिबेला पनि चुकि हाल्यो हामी काम गर्दा गर्दा राम्रै काम गर्या छु तर कामको राम्रो हामी परिणाम दिन सकेनौ यी आफ्नो बुद्धि विवेकले गर्दा हो यदी त्यहि राहातको सँग सँगै सबै उपकरण पठाउने बेलामा हाम्रा क्षेत्रका माननीय मन्त्रीहरु विजिछन् तर माननीय चाहे नेपाली कांग्रेसका होस चाहे कम्युनिष्टका होस आखिर माननीय भनेको माननीय हो हामीहरु विकास र हरेक एजेण्डा भनेको सबैको एउटै हो त्यसैले हामी भनेको जनप्रतिनिधी भएको हुनाले सबैले जिम्मेवारी एउटै रुपमा दिनु पर्छ मेरो मान्यता हो त्यसैले अब हाम्रो अहिले पनि थुप्रै महिला दिदीबहिनी होस यो ठाउँमा युवाहरु पनि केहि रोजगार गरौ र यो ठाउँको समाजसेवा गरौ, यो ठाउँलाई एउटा शिक्षालाई अगाडि बढाऔ भने यस्तै हाम्रो आदणीय व्यक्तित्व क्षितिज बोर्डिङ स्कुलका कृष्ण भुसाल एउटा युवा नै हुनुहुन्थ्यो ४०, ४१ बर्ष भनेको युवा हो देश भन्दा बाहिरा जानु भन्दा यो ठाउँलाई शिक्षित बनाऔ भनेर उहा चाहि लाग्नु भा थियो कदम चाल्नु भा थियो र धेरै राम्रो काम गर्नु भा थियो तर उहाको यति दिनमा उहाको घटना भयो अत्याधिक नराम्रो सँग उहालाई मारेर घटना भा को छ तर अहिले सम्म केहि पनि परिणाम नभाको अवस्था छ त्यो कति दुखदको घटना हो तीन तहको सरकार छ तर कोहि पनि मान्छे मरिरहेको अवस्था छ । बलत्कार भैराखेको छ तर अह कहि सुनुवाई भएको अवस्था देखिदैन यो जता तता कहिले महिलाको नाममा, कहिले बालबालिकाको नाममा, कुनै ठाउँमा जाति विभेदको नाममा रुकुमको घटना हेर्नुहोस आखिरि जात जाति भनेको एउटै होईन र काट्दा सबैको एउटै ब्लड हुन्छ रातो नै हुन्छ होला तर उनलाई मारेर उनका सँगैका साथिहरु सबै खोलामा फालेको अवस्था देखिन्छ अत्यन्तै निन्दनिय घटना त्यस्तालाई चाहि कारवाही हुनुपर्छ र कल्लु राना आफ्ना वडाका जनप्रतिनिधी रातदिन खटिएर आउदा उमेरले पनि उहा थुप्रै धेरै हुनुहुन्थ्यो काम गर्दा गर्दा डेथ भा छ उहा प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहान्छु । उहाको परिवारलाई प्रदेश सरकारले क्षतिपूर्तिका लागि उहाको कदम चाल्नु पर्छ किन की जनप्रतिनिधीको त्यस्तै गरेर यो ठाउँका सुरक्षाकर्मी नेपालका वा ती डक्टरहरु होस, सुरक्षाकर्मीहोस, जनप्रतिनिधी होस अहिले पनि भर्खर हाम्रो सुरुवाद भएको छ दिनहु आईराख्नु भा को छ अहिले कति जनाको डेथ भएकोछ कति जना संक्रमिट हुनुहुन्छ तर हामी एकदिन यो किड चेक गरेर हामी सही छु भन्न मिल्दैन तर हामी सधै भरी हिडिरहेको अवस्था छ । त्यसैले यो कसैलाई छोडेननी त जात जाति हाम्रो राजनितिको अवस्थामा अहिले पनि विभेद छ थारु, दलित, पहाडि हरेक कुरामा छ तर कोरोना भाईरसले त सबैलाई सम्मान गर्यो नी त कसैलाई अछुतो राखेन यी कुराहरुमा त सबैको ध्यान जानु पर्छ र अब हास्नु भन्दा सचेत भएर हामी ५३ जना जानु पर्छ र यो हाम्रो बजेटको शिलशिलामा आदणीय मन्त्रीजीले ल्याएको बजेटको सिलिङ हेर्दा ल्याउने त गत साल पनि यही ल्याउनु भएको थियो थोरै माननीय सभामुखज्यू मैले ३ मिनेट लिए विषयबस्तुतिर गएको अवस्था छैन ढीलो भए पनि अब हामीहरुको अहिले पनि पञ्चायतीकालको शैली छ पञ्चायती कालको शैलीमा जतिबेला जिल्ला विकासले एउटा बजेटको शिलिङ ल्याउथ्यो त्यो असारको बजेटमा

हुन्थ्यो तर असारमै काम गर्नुहुन्थ्यो अहिले पनि हामी ३ तहको सरकार हुदा केहि राम्रो परिणाम दिने अवस्था देखिएन अहिले पनि प्रदेश सरकारले राम्रो अस्थि मन्त्रीहरु सबै सँग बस्दा हामी के पनि सुझाव दिएका थियौ तर त्यो सुझाव कागजमा रहदो रहेछ तपाईहरु ढिक्का बजेट नराख्नुस, डल्लो बजेट नराख्नुस बजेट कति माननीयलाई २ वटा ४ वटा ल्याउनुहोस भनेर मात्रै योजना माग्नुहोस त्यसलाई सबै बुकमा निकालिदिनुहोस अनि त्यो योजना पनि समयमा काम हुन्छ तपाईहरु बर्ष दिन यो प्रदेश भरीका हरेक निकायका कर्मचारी र माननीयहरुलाई आफ्नो चकिया घुमाए जस्तो घुमाईराख्नु भा हुन्छ असार सम्म यदी त्यो शैली तपाईहरु परिवर्तन गर्नु भएन भने सधै भरी कति जनताले गाली गर्नुहुन्छ, कति माननीयले गाली गर्नुहुन्छ एउटै भ्वाईस बजेको अवस्था छ त्यसैले म यो सबै भन्दा तपाईहरुको गतिविधिलाई चेन्ज गर्नका लागि हार्दिक अनुरोध गर्न चाहान्छु डल्लो बजेट हटाउनुस र यो किताबमा आउनु पर्यो सबैको तर यहाँ मन्त्रीको मात्रै नआवस निर्वाचन क्षेत्रमा यो भौतिक पूर्वाधारको पनि साझेदारी बजेट भन्छ तर प्रत्यक्ष माननीयले यो मेरो भन्ने चलन यो मुखबाट हटाउनु पर्छ हरेक ठाउँमा माननीय मन्त्रीहरु धेरै हुनुहुन्छ प्रत्यक्ष तर माननीय भनेको म लागेको सबैमा हो के म यदी समानुपातिक माननीय गेट भन्दा बाहिरबाट नआउन दिनुसन हामी त्यहीबाट साईन गरिदिन्छौ भित्र रोष्टममा आउन नदिनुस सबैलाई समान व्यवहार गर्नुहोस यती भन्दै म विदा हुन्छु धन्यवाद ।

माननीय शान्ति नेपाली :- माननीय सभामुख महोदय, छैटौ अधिवेशनको चौथो बैठकमा छौ हामी यो छैटौ अधिवेशनको पूर्ण सफलताको शुभकामना व्यक्त गर्न चाहान्छु सर्वप्रथम र हामी विश्व महामारीको रुपमा फैलिएको कोरोना भाईरस कोभिड-१९ को महामारीमा सबै परेका छौ हाम्रा नेपालका नागरिक विदेशी मुलुक थुप्रै मुलुकमा ज्यान गुमाएका छन् कोरोना भाईरसकै कारण र नेपालमा पनि ज्यान ५ जनाले आजसम्म ज्यान गुमाईसक्नु भएको छ लकभग ११०० भन्दा बढीले भाईरसबाट नेपालमै संक्रमित भएको दर्दनाक अवस्थामा हामी छौ कोभिड-१९ का कारण मृत्युबरण गर्ने सबैमा भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्न चाहान्छु र उहाहरुको परिवारजनमा गहिरो समवेदना व्यक्त गर्न चाहान्छु र कोभिड-१९ संक्रमित सम्पूर्ण नागरिकमा यथाशिघ्र स्वास्थ्य लाभको कामना गर्न चाहान्छु यो संकटको घडिमा हामी प्रदेश सभाको छैटौ अधिवेशनको आर्थिक बर्ष २०७७।०७८ को विनियोजन विधेयको सिद्धान्त, उद्देश्य, प्राथमिकता र यसका मुख्य प्रमुख नीति कर बाहेकको प्रस्तावमा हामी छलफल गरिराखेका छौ माननीय सभामुख महोदय यसै क्रममा अत्यन्तै दुखद घटना हामीले पश्चिम रुकुममा भोग्न गएका छौ संविधानको धारा २४, संविधानको धारा ४०, संविधानको धारा १६ मा समान पूर्वक बाच्ने अधिकारको हनन हुने गरि सिंगो संविधानको बर्खिलाप हुने गरि जुन जातिय अभियोगमा त्यो घटना हुन गएको छ त्यस प्रति गहिरो दुख व्यक्त गर्दै ती घटनामा मृतक मृत्यु हुने व्यक्तिहरुमा श्रद्धाञ्जली व्यक्त गर्दै दोषीलाई यथाशिघ्र कारवाहीको दायरामा ल्याई कारवाही होस र पिडितले न्यायको सर्वोच्चता, कानूनको सर्वोच्चता न्यायको महसुस गर्न पाउन र राष्ट्रियता सार्वभौम सत्ता यसैमा लुकेको छ सिंगो मौलिक हकमा व्यवस्था भएको कुरा यसैले सम्बोधन गर्दछ र संविधानको प्रस्तावनामा भएको कुरा पनि यसैले सम्बोधन गर्दछ भन्ने मलाई लागिरहेको छ यस्तो घटना जुनसुकै प्रदेशमा पनि नहोस नेपालमा पनि नहोस, विदेशमा पनि नहोस कुनै पनि देश दुनियामा नहोस भन्न चाहान्छु यसै अर्न्तगत मैले जुन आर्थिक बर्षको विषयमा जुन हामीले सिद्धान्त, उद्देश्य, प्रमुख नीति र प्राथमिकताको कुरा यहा एक नम्बर बुदा देखि ५९ नं. बुदासम्म हामीले हेर्यौ यो हेर्दा थुप्रै माननीयज्यूहरुले थुप्रै कुराहरु गरिसक्नु भएको छ । हाम्रो परम्परा देश संघीयतामा गैसकेपछि राज्यको पुर्नसंरचना भैसकेपछि अर्को यो दर्दनाक अयाभव स्थिति कोरोनाले सृजना गरिसकेपछि हामीले त्यतापति बुदागत हिसाबले यो बजेटलाई केन्द्रित गर्नुपर्छ साच्चीकै सुदूरपश्चिम बासि भन्ने हो भने हामी सबै भन्दा बढी संवेदनशिल स्थितिमा छौ यहाको धेरै भन्दा धेरै नागरिक भारतमा परनिर्भर भएको छ । त्यहा रोजगारीका लागि गएको छ, त्यहा बाध्य भएको छ । गरीबीको सुचांकका हिसाबले हेर्दा खेरि हाम्रो प्रदेश एकदमै पछाडि छ त्यसै कारण हामीले आर्थिक रुपमा आत्मनिर्भर बनाउनका लागि हामीले सदियौ देखि कुला पानला अथवा धारा पधेरा हामीले थुप्रै लगानी लगाई सकेका छौ थुप्रै बजेट विनियोजन गरिसकेका

छौ । हामीले थुप्रै बजेट त्यहा खर्च गरिसकेका छौ अब चाहि रोजगारीमा खर्च गर्न अब यो युवा स्वरोजगार यति प्रतिशतले यो आर्थिक बर्षमा हामी सुरुवाद गछौ है यो भन्दा अगाढीको बजेट विनियोजनमा हेर्दा थुप्रै थुप्रीयका थिए ती मध्ये धैरै कार्यान्वयन हुन सकेका छैन । शुरुवाद नै हुन सकेनन हामीले भन्न खोजेको नीति तथा कार्यक्रममा ल्याएका अथवा सिद्धान्त, उद्देश्य, प्राथमिकता हामीले प्रमुख नीति जे जे भनेता पनि त्यसलाई कार्यान्वयन गर्नका लागि हाम्रा नीतिहरु तयार हुनु पर्दछ त्यसको सयमा सय प्रतिशत त ईतिहासमा कसैले गर्न सक्दैन वा त्यो साम्यवादको लक्ष्य राखोस वा त्यो समाजवादको लक्ष्य राखोस वा कम्युनिष्ट होस वा कंग्रेस होस सयमा सय त हामीले खोजेका छैनौ तर शुरुवाद किन भएन यसमा मुल्यांकन गर्ने बेला भएको छ हामी संवेदनशिल हुने बेला भएको छ हामी एकदमै जनताप्रति उत्तरदायी जनताप्रति जिम्मेवार र उत्तरदायी हुन जरुरी छ हाम्रो शुरुवादमा कहारोकियो त के कारणले रोकियो यो चाहि हामीले विगतको समिक्षा गर्न जरुरी छ । माननीय सभामुख महोदय यस्तो परिस्थितिमा हामीले अबको बजेट सबै भन्दा बढी उत्पादनतिर हामीले आजको मिति सम्म हेर्दा नेपालमा ६२ वटा उद्योग मात्रै औषधी उद्योगहरु देखिन्छ अहिलेको तथ्यांक आजसम्मको तथ्यांक हेर्दा हामीले सुदूरपश्चिममा नमूना औषधी उद्योग निर्माण गर्न सक्छौ कि सक्दैनौ यो शुरुवाद गरौ न यो बर्ष अनि गएर अहिले सम्मको औषधी उद्योगको डाटा हेर्दा त्यस्तो अवस्था देखिएको छ । कोरोना भाईरस हामीले यो भन्दा अगाडी भन्यौ नेपालमा २०७६ साल माघ १० गते पहिलो चोटी चाईनाबाट आएको एउटा व्यक्तिमा कोरोना पोजेटिभ देखिएको थियो त्यस पछि हामी हेर्दा त्यो बैशाखमा त्यसले गति सिपिड लिएको देखिन्छ अहिले जेष्ठमा हेर्दा त हामी एकदिनको डेढसय दुईसयको हाराहारीमा कोरोना पोजेटिभ देखि रहेको छ र यी दुई महिना हाम्रा संकटका हुनसक्छन यसका लागि महामारीको अन्तिम रुप भनेको भोकमारी पनि हो हामीले ८८ वटा स्थानीय तहमा खाद्य डिपो स्थापना गर्न सक्ने कि नसक्ने यो नीति तथा कार्यक्रममा राख्न सक्ने कि नसक्ने । ८८ वटा स्थानीय तहमा नुनका डिपोहरु हामी विस्तार गर्न सक्ने कि नसक्ने पहाडि जिल्लाहरु बाजुरा, दार्चुला, बझाङ र बैतडीका सीमा नाकाहरुमा आएका नागरिकहरुलाई सामान्य चाउचाउ र खानेपानी सम्म उपलब्ध गराउन सक्ने कि नसक्ने सामान्य नागरिक सहायता कक्ष भनेर सरकारले त्यहा स्थापना गर्न सक्ने कि नसक्ने यो कुरा यहा लेख्न जरुरी छ हेर्दा सानो छ तर यसको सार यो संकटको बेला दुखको बचन भोकको गास भन्ने हामीले जमना देखि सुन्दै आएका छौ यो उखान त सबै हाम्रो परमपूर्खाले प्रयोग गर्दै आएको छ । यो संकटको घडीमा उ मोटो छ, उ दुब्लो छ, उ कालो छ, उ गोरो छ भन्ने बेला छैन यो महामारीका विरुद्धमा हामी सफल हुनका लागि सुदूरपश्चिम बासि सफल बनाउनका लागि प्रदेश सरकार संयमित हुने कि नहुने यो चुनौति चाहि तपाई हाम्रो अगाडि एकदमै आएको छ । एकातिर कालापानि, लिपियाधुरा, लिपुलेकको सीमानाका कारण जुन केन्द्रीय सरकारलाई म धन्यवाद दिन चाहान्छु । प्रतिनिधी सभाका सदस्यज्यू, केन्द्रिय सरकार देखि लिएर राष्ट्रिय सभाका सदस्यज्यू लगायत सबैलाई धन्यवाद दिन चाहान्छु । नेपालको नक्शालाई लिपुलेक, लिम्पियाधुरा र कालापानीलाई पनि राखेर नयाँ नक्शा निकालेको छ । यो आट गरेको छ यो महत्वपूर्ण निर्णय राष्ट्रियताको पक्षमा भएको निर्णयको सम्मान र धन्यवाद व्यक्त गर्दै यसलाई संविधानको अनुसूची-३ मा रहेको निशान छापलाई यथाशिघ्र परिवर्तन गरि यसलाई कार्यान्वयनमा लैजनु हुने छ भन्ने पूर्ण प्रतिवद्धता सहित त्यो कारणले पनि भारतबाट नेपाल आउने नागरिकहरु एउटा संकटमा यसले पनि कतै छिमेकि राष्ट्रसँग कुनै द्वोन्द सृजना हुन्छ कि भन्ने त्रास कोरोनासँग यो पनि जोडिएका कारणले दिन प्रतिदिन बेङलोरबाट, केरालाबाट थुप्रै ठाउँबाट फोन पनि आएका छन् । हामी आउ कि नआउ हाम्रो उद्धार हुन्छ कि हुदैन सीमा नाकाबाट भन्ने थुप्रै साथिहरुले फोन गरिराख्नु भएको छ अहिले सम्म जति संकटमा परे पनि यस पछिका संकटमा पर्ने छैनन भन्ने प्रतिवद्धता सहित यो बुदा चाहि थप्न जरुरी छ मलाई लाग्दछ हिजो पूर्व बजेटमा पनि प्राथमिकता, सिद्धान्त, उद्देश्य थुप्रै थिएन तर व्यवहारमा कार्यान्वयन गर्दा हामी एकदमै कम उपलब्धीका साथ अगाडि बढेका कारण यो ५९ बुदामा बरु ३० वटा बुदा हुन मैले त जहिले पनि घटाऔ भन्छु जति गछौ त्यति भनौ भन्छु । मान्छे धैरै खाएर पनि कुपोषण हुने खानै नपाए पनि

कुपोषित हुने संकटमा छौ त्यसै कारणले धेरै बुदा राखेर कार्यान्वयन नहुनु भन्दा कमै बुदा राखेर प्रभावकारी ढंगबाट कार्यान्वयन गरेर यो दिगो विकासका लक्ष्य, समावेशि, समानुपातिक सहभागिता, गरिब, विपन्न, पछाडि पारिएका, परेका वर्ग, क्षेत्र समुदायलाई पनि समेट्ने गरि मुख्यगरिकन युवा स्वरोजगारलाई आत्म निर्भरलाई कृषिमा आत्मनिर्भरतालाई, उद्योगमा आत्मनिर्भरतालाई त्यहा एउटा स्वरोजगार सृजना गरि बजेट विनियोजन गर्नका लागि अनुरोध गर्दै यो भन्दा अगाडिको आर्थिक बर्षको जुन प्रदेश गौरवका आयोजनाहरु छन्, जुन प्रदेशले एउटा मुख्य उपलब्धीका रुपमा लैजान खोजेका विषयहरु छन् त्यसलाई पनि नछुट्ने गरि सम्बोधनमा राखेर यथाशिघ्र यो कार्यान्वयनका लागि अनुरोध गर्दै अब देखि हामी कोही पनि प्रदेश सरकार सच्चीनु पर्छ भन्ने ठाउँमा एकजुट भएको कुरा व्यक्त गर्दै गति चाहि एकदमै मन्द भएको छ यो कुरा दुईतिहाईको सरकार भए पनि चारतिहाईको सरकार भए पनि स्वीकार्न जरुरी छ यसमा कुनै दुईमतै छैन भन्ने कुरा राख्दै ७ जना मन्त्रीज्यूका सातै टाउका हुन सात दुना १४ नहुन भन्दौ यो सिद्धान्त, उद्देश्य, प्रमुख नीतिका पूर्ण सफलताका लागि अब हामीले बजेट कार्यान्वयन चाहि असारमा नभएर तिहार दशै आईसकेपछि यो कोरोनाले खान दिएमा खाई सकेपछि राम्रो सँग योजनाहरु सम्झौता पारदर्शि हुन, दुरदर्शि हुन भन्दै विदा हुन्छु धन्यवाद नमस्कार ।

माननीय माया तामाङ्ग :- माननीय सभामुख महोदय, आज प्रदेश सभाको छैटौ अधिवेशनमा आर्थिक बर्ष २०७७।०७८ को विनियोजन विधेयकको सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीति सम्बन्धी हामी छलफल गरिराखेका छौ । नीति तथा कार्यक्रममा हाम्रा आर्थिक मामिला योजना मन्त्रीज्यूले प्रस्तुत गर्नुभएको नीति तथा कार्यक्रममा यसमा सरासर हेर्दा खेरि हाम्रा पूर्ववक्ता माननीयज्यूहरुले भनिसक्नु भएको छ यसमा चाहि नयाँ नौलो भनेको चाहि कोरोना भाईरस भनेर थपिएर ल्याईएको छ यसका लागि चाहि म मन्त्रीज्यूलाई हार्दिक धन्यवाद दिन चाहान्छु । माननीय सभामुख महोदय, विश्वमा हाल फैलिरहेको कोरोना भाईरस कोभिड-१९ को कारण विश्व आक्रान्त भैरहेको समयमा नेपाल पनि यसबाट अछुतो छैन । नेपालको पनि हाम्रो सुदूरपश्चिममा कोरोना भाईरस देखिइरहेको अवस्था छ । संक्रमित देशबाट नेपाल फर्कने नेपाली दाजुभाई दिदीबहिनीको संख्या दिनहुँ दिन बढी रहेको छ । सभामुख महोदय, जुन हामीले संकास्पथ व्यक्तिहरुलाई परिक्षण गर्दाको नतिजा मात्र हो हामी कहा परिक्षण हुने हो भन्ने मात्र बास्तविक तथ्यांक प्राप्त हुन्छ । माननीय सभामुख महोदय त्यस कारण त्यसका लागि प्रदेश सरकारले प्रत्येक जिल्लामा परिक्षणको व्यवस्था यथाशिघ्र गरोस र संक्रमितलाई छिटो भन्दा छिटो व्यवस्था मिलोस र प्रदेश सरकारले यो घडिमा प्रदेश वासि जनतासमक्ष आफ्नो दमदार उपस्थित देखावस भन्ने म सभामुख मार्फत म अनुरोध गर्न चाहान्छु सभामुख महोदय, विश्वव्यापी रुपमा फैलिरहेको महामारी कोभिड-१९ सँग लडिरहेको अवस्थमा पनि हिजो अस्थि भर्खरै नेपालले छुटेका भूभाग कालापानी, लिपुलेक र लिम्पियाधुरा समेटेर नक्शा जारी गरेको छ यसको लागि म स्वागत गर्न चाहान्छु र नेपाल सरकारलाई हार्दिक हार्दिक धन्यवाद दिन चाहान्छु । माननीय सभामुख महोदय, हामीले धेरै कुराहरु गरिरहदा खेरि चाहि महिला हिंसाका, घरेलु हिंसाका, छाउपडि प्रथाका, जातिय भेदभावका, बालविवाह लगायतका सामाजिक कुरिति विरुद्ध लड्न विशेष कार्यक्रम संचालन गरिहेका छन् भन्ने कुराहरु कुन जिल्लामा कुन गाउँपालिकामा यो कार्यक्रमहरु संचालन गरिराखेको छ प्रदेश सरकार भएको अम जन दिदी बहिनीहरुले यो अनुभुति भएको मैले देखिन किन भने संघीयता लागु भए देखि हाम्रो प्रदेश गठन भए देखि प्रदेशको कार्यक्रम जुन महिलाहरुको लागि छुट्याइएको रकम चाहि अहिले सम्म कुनै पनि जिल्लामा, कुनै पनि गाउँपालिकामा चाहि भएको मैले देखेको छैन त्यहाका आम दिदी बहिनीहरुले प्रदेश सरकार छ छैन भनेर अनुभुति लिएको देखिएको छैन त्यसैले म के भन्न चाहान्छु भने जति पनि हामीले महिला हिंसा, छाउपडि र वालविवाहका कुराहरु थुप्रै हामीले यो बुदागत हामीले ल्याइराखेको देखिन्छ तर त्यो सम्बन्धित ठाउँमा पुगेको देखेको छैन अब देखि प्रदेश सरकारले जति पनि कार्यक्रमहरु दलितको लागि छुट्यायौ, अपाङ्गको लागि छुट्यायौ तर त्यो सम्बन्धित ठाउँमा पुकावस भन्ने म माग गर्न चाहान्छु सभामुख महोदय, बजेट बनाउदा

सरकार मालिक बनाउने भन्दा जनतालाई मध्यनजर गरेर गरिबी जनता मालिक हुने गरि बजेट ल्यावस भन्ने सरकारलाई म अनुरोध गर्न चाहान्छु । माननीय सभामुख महोदय, अर्को हाम्रो संविधानले व्यवस्था गरेको प्रत्यक्ष र समानुपातिक सभासद प्राणाली अनुसार निर्वाचित सभासदहरु एकै दर्जाको हुनुपर्नेमा क्षेत्रविकास कोषको कार्यविधि नियमावलीले समानुपातिक सांसदको भूमिका शुन्य गरेको छ यस बर्ष क्षेत्र विकास कोषको बाडफाड गर्दा ५०/५० प्रतिशतले कार्यविधिमा व्यवस्था हुने गरि नियमावली बनेर आवस र समानुपातिक पनि आफ्नो सभासद भएको महसुस गर्न पावस भन्ने म सुझाव राख्न चाहान्छु । माननीय सभामुख महोदय महोदय विगतका दिन देखि यो हाम्रो महिला पिडितहरुलाई जुन न्यायको खोजिमा आउदा खेरि उहाहरुको सुरक्षाको लागि गास र सुरक्षाको लागि सेफहाउसको लागि मैले माग राखिराखेको थियो तर अहिले नीति तथा यो सिद्धान्तमा अहिले यसमा समेटेको मैले देखिन अबको यो आर्थिक बर्षमा यस बर्ष चाहि हामीले ९ वटै जिल्लाको लागि चाहि महिला पिडितहरुको सुरक्षाको लागि गास र बासको लागि यो भवन निर्माण र व्यवस्थापनको लागि रकम छुट्याइयोस भन्ने माग राख्दै मेरो यो पूर्व बजेट र पूर्ण सफलताको कामना गर्दै विदा हुन्छु हवस त धन्यवाद ।

***(बोलि सकेपछि)***

६. **माननीय सदस्यहरु,**

आ.व.२०७७।०७८ को पूर्व बजेट छलफलका लागि तयारी दस्तावेज माथि छलफल गर्न निर्धारण गरिएको आजको समय यही समाप्त हुन्छ ।

७. **माननीय सदस्यहरु,**

आर्थिक मामिला तथा योजना मन्त्री मा० झपट बहादुर बोहरा द्वारा प्रस्तुत गरिएको पूर्व बजेट छलफलका लागि तयारी दस्तावेज माथिको बाँकी छलफल २०७७ साल जेष्ठ १७ गते शनिबार विहान ८.०० बजे देखि हुने भएकोले उक्त समय सम्मकोलागि बैठक स्थगित भएको घोषणा गर्दछु ।